

# विवाह गरिन सज्जाले





तस्बिर : महेश प्रधान

■ सुब्रत आचार्य

'दाइ, कस्तो डर लागिरहेको छ, मेरो त दुवै खुट्टा लुगलुग काँपिरहेका छन् ।' -लाजले सज्जाको अनुहारका लाली छाएको थियो । अरू बेला बोलेर नथाक्ने सज्जाको त्यो दिन 'बोल्ती बन्द' भएको थियो । आइतबार दिउँसो गुलाबी साडीका साथ पूर्ण मेकअपमा सजिएकी सज्जा मैनाली केही दिनपछि सज्जा भट्टराई हुने भएकी थिइन् । पङ्क्तिकार भाटभटेनीस्थित बेगम रेस्टुराँको हलमा पुग्दा दुलाहा ओमराज भट्टराईले 'ओम' अंकित हीराको औंठी लगाइदिएर नेपाली चलचित्रकी नायिका सज्जा मैनालीलाई आफ्नो बनाउने वाचा दिइसकेका थिए । कैयन् चलचित्रमा विवाह र इन्गेजमेन्टको अभिनय गरिसकेकी सज्जा आफ्नो वास्तविक इन्गेजमेन्टमा भने निकै नर्भस देखिन्थिन् । एकपछि अर्को गर्दै आगन्तुक तथा परिवारजनसँग तस्बिर खिचाउँदा पनि उनलाई लाज लागिरहेको थियो । 'अब नयाँ नाता र सम्बन्ध गाँसिने भयो । नवपरिचित परिवारलाई आफ्नो भन्नुपर्दा कस्तो हुन्छ होला ? भन्ने कौतूहलताले गर्दा म अलि डराएकी थिएँ ।'-बेलुकी टेलिफोनमा कुराकानी हुँदा सज्जाले लजाउनुको रहस्य खोलिन् ।

बुधबार दिउँसो नयाँ बानेश्वरस्थित इन्द्रेणी फुडल्यान्डमा हास्यकलाकार गोपालराज मैनाली दम्पतीले गोडा धोएर आफ्नी कान्छी छोरी सज्जाको कन्यादान गरे । झापाको चन्द्रगढीका २८ वर्षीय युवक ओमराज भर्खरै अमेरिकाबाट फर्किएका हुन् । तीन वर्षअघि डाइभर्सिटी भिसा (डिभी) परेर अमेरिका पुगेका ओमराज उताबाट फर्किएपछि विवाह गर्न दुलहीको खोजीमा थिए । सज्जाकी भाउजू विमला पन्त (मैनाली) को चिनाजानी उनको परिवारसँग थियो । गत साता कुराकानीका क्रममा उनले आफ्नी नन्द सज्जा पनि विवाहयोग्य भएको प्रसंग कोट्याइन् । उनले त्यो कुरालाई गम्भीरतापूर्वक लिएकी थिइनन् । केटापक्षले भने कुराकानी स्वतः अगाडी बढाएछन् । घरमा योग्य केटाको कुरा आएपछि मैनाली दम्पती पनि सोच्न बाध्य भए भने सज्जा पनि राजी भइन् । आइतबार इन्गेज्मेन्ट र बुधबार विवाह गर्ने साइत जुराइयो अनि सज्जा ओमकी श्रीमती भइन् । ब्याण्डबाजा र जन्तीका साथ आएका ओमले सज्जालाई फूलैफूलले सिंगारिएको गाडीमा लिएर गए । सज्जा केही समयपछि नै आफ्ना श्रीमान्को साथ लागेर अमेरिका जाँदैछिन् । पारिवारिक सूत्रहरूका अनुसार विवाहको केही समयपछि त्यसको 'प्रोसेस' थालिनेछ ।

गत साता मात्रै साप्ताहिकमा अविवाहित नायिकाहरूका बारेमा प्रकाशित आवरणकथामा यो मंसिर पनि रित्तै जाने भयो भन्ने प्रसंग कोट्याइएको थियो । अविवाहित नायिकाहरूको सूचीमा रहेकी नायिका सज्जा मैनालीले अन्ततः मंसिरलाई रित्तै पठाइनन् ।

*नायिका सज्जा मैनालीको विवाह भयो । आइतबार कुरा छिनेपछि बुधबार उनले झापाका एक युवकसँग लगनगाँठो कसिन् । विवाहभन्दा चार दिनअघि सज्जासँग साप्ताहिकको कुराकानी :*

**बधाई छ, विवाह गर्न लाग्नुभएछ ?**

(लज्जापूर्ण हाँसोपछि) हो, हुँदैछ । निम्तो पठाउँदै छु नि ।

**को हुन् दुल्हा ? उहाँ के गर्नुहुन्छ ?**

उहाँको नाम ओमराज भट्टराई हो । त्यसबाहेक मलाई केही थाहा छैन । वास्तवमा निकै हतारमा निर्णय भयो, सोध्नै भ्याएको छैन ।

**तैपनि केही न केही त थाहा होला नि ? कि भन्न मिल्दैन ?**

उहाँ परिवारको कान्छो छोरा । पहिले नेपाल टेलिभिजनका लागि हाम्रो काठमाडौं कार्यक्रममा कार्यरत हुनुहुन्थ्यो । हाल अमेरिकाबाट फर्किएको भन्नेसम्म थाहा पाएकी छु ।

**कुरा कताबाट आयो ? कि 'लभ म्यारिज' गर्न लागेको ?**

म शतप्रतिशत 'एरेन्ज म्यारिज' गर्दैछु । उहाँको परिवारसँग मेरी भाउजूको चिनजान रहेछ । उतैबाट कुरा आयो । उहाँहरू घरमा आउनुभयो र कुरा अघि बढेको हो ।

**विवाह गर्न हतार गर्नुभएको होइन र ?**

यही उमेरमा विवाह गर्छु भनेर हुँदो रहेनछ । विवाह त आफैं हुँदो रहेछ । मलाई पनि दुई दिन अघिसम्म थाहा थिएन । अचानक कुरा आयो । उहाँको परिवार र उहाँ राम्रो लाग्यो । फेरि मैले पहिलेदेखि नै भन्दै आएको थिएँ– म बुबाआमाले जहाँ विवाह गर भन्नुहुन्छ, त्यहीं गर्छु ।

**विवाहपछि चलचित्रमा खेल्ने कि नखेल्ने ?**

पाँच महिना भयो मैले चलचित्र नखेलेको । 'दादागिरी' मेरो अन्तिम चलचित्र हो । वास्तवमा म केही समयका लागि 'ब्रेक' चाहन्थें, तर अब खेल्दिनँ ।(हाँस्दै) भविष्यमा आमाको भूमिकामा आइन्छ कि ? चलचित्र क्षेत्रलाई 'अलमोस्ट टाटा' गरें । अब मलाई 'गुड हाउस वाइफ'का रूपमा देख्नुहुनेछ ।

## दुल्हा के भन्छन् ?

सज्जाका श्रीमान् अमेरिकामा बैंकिङ एन्ड फाइनान्स प्रोग्रामको चारवर्षे कोर्स गर्दैछन् । उनी अमेरिकाको पेन्सलभेनियामा बसोबास गरिरहेका छन् । चार वर्षजतिअघि उनी झापाबाट बीकम पढ्न भनी राजधानी आएका थिए । त्यतिबेला उनी नेपाल टेलिभिजनको कार्यक्रम 'हाम्रो काठमाडौं'मा कार्यक्रम निर्माताका रूपमा कार्यरत भए । त्यसको केही समयपछि उनले पत्रकारहरू अश्विनी कोइराला, अच्युत कोइराला तथा दीपक रौनियारसँग एक निर्माण संस्था 'आदि क्रियसन'को स्थापना पनि गरेका थिए । उक्त संस्थाबाट टेलिचलचित्र 'क्षण'को निर्माण भएको थियो । ओमले स्क्रिप्ट लेखेको उक्त टेलिचलचित्र पछि नेपाल वानबाट प्रसारण पनि भयो । ओमका साथीभाइहरूका अनुसार कृति भट्टराई नायिका रहेको उक्त टेलिचलचित्रमा सज्जालाई लिने प्रस्ताव ओमले त्यतिबेलै राखेका थिए । बाँकी पृष्ठ १५ मा



हेमा गुरुङ
मध्यपृष्ठमा



पलाउन नसकेकी मुना
१० पृष्ठमा



१६ पृष्ठमा
नजिकबाट जविक




छनौट नेपाली ताराको
९ पृष्ठमा



१० पृष्ठमा
राजधानीमा सांगीतिक मनोरञ्जन


## क्यासेट

### प्रारूपण




गायिका ललिता मल्लले गीतिसंग्रह 'प्रारूपण' श्रोतामाझ ल्याएकी छिन् । ज्योति म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा शब्द दुर्गालाल श्रेष्ठ, विश्वमोहन श्रेष्ठ, रमेश दाहाल, दिनेश अधिकारी, रमण घिमिरे र चन्द्र भट्टचनको छ । गीतिसंग्रह प्रारूपणमा न्ह्यू बज्राचार्य, शक्ति बल्लभ, गणेश परियार तथा शिलाबहादुर मोक्तानको संगीत सुन्न सकिन्छ ।

### भोकल




गायक दीपेशकिशोर भट्टराईले नयाँ गीतिसंग्रह भोकल श्रोतामाझ ल्याएका छन् । रियाज म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा ११ वटा गीत समावेश छन् । संग्रहमा समावेश गीतको शब्द योगेन्द्रमणि दाहाल, दीपेशकिशोर भट्टराई, मुकुन्द के. भट्टराई, संजीव सिंह, मनोज आचार्य, विभा पोखरेल, पवन तिमल्सिना तथा सुनील थापाको छ भने संगीत-संयोजन दीपेश किशोर भट्टराई, संजीव सिंह र शम्भुजित बाँस्कोटाले दिएका छन् ।

## पुस्तक

### योगक्षम

कुनै उद्यमी साहित्यिक साधनामा रमे भने कस्तो कृति तयार होला ? यो प्रश्नको उत्तरका रूपमा पाठकसामु हुलासचन्द्र गोल्छाद्वारा रचना गरिएका कविताहरूको संग्रह 'योगक्षम' आएको छ । गोल्छा ज्ञानमन्दिरद्वारा प्रकाशित योगक्षममा ४७ वटा नीति कविता संग्रहित छन् । पाठकहरूका लागि रुचिकर हुन सक्ने यो पुस्तकको नेपालमा मूल्य १ सय ४५ रुपैयाँ तथा विदेशमा २० अमेरिकी डलर छ ।

## रंगमञ्च



- विश्व एड्स दिवस डिसेम्बर-१ मा युवा मैत्री सेवा केन्द्र र परिवार नियोजन संघ सुनसरीले धरान-११ को सगरमाथा टोलमा शुक्रबार सडक नाटकको प्रस्तुत गर्‍यो । भरत खालिङको लेखन तथा निर्देशनमा दस जना कलाकारले दुर्व्यसनी बनेकालाई घृणा होइन, माया गरेर कुलत त्याग्न लगाउनुपर्छ भन्ने सन्देश बोकेको सडक नाटक 'तिरस्कार' मा किशोरकिशोरीहरूको अभिनय रहे पनि उनीहरू परिपक्व देखिएका थिए ।

-बट्टार युवा क्लब नुवाकोटको आयोजनामा आजदेखि सुरु हुने दुईदिने साहित्य महोत्सवका अवसरमा नाट्यकर्मी कृष्ण शाह यात्रीको लेखन तथा निर्देशनमा नाटक 'महापात्र' मञ्चन हुने भएको छ । साहित्य सृजनाका क्रममा सर्जकले पात्रमाथि आफ्नो चाहना लाद्ने प्रवृत्तिविरुद्धको यो नाटकमा विनोद श्रेष्ठ, जीवनसाथी बस्नेत, जगत खड्का, दीपा पाण्डे, रीता थापा, मधुसूदन पुडासैनी आदि कलाकारले अभिनय गर्नेछन् ।

-सुरक्षित मातृत्वका सम्बन्धमा ग्रामीण जनतालाई सचेत गर्ने उद्देश्यले डडेल्धुरा जिल्लाका कैलपालमाडौं र माष्टमाडौं गाविसका कोराल तथा खोनीखोलामा सडक नाटक प्रदर्शन गरियो । ग्रामीण महिला विकास तथा एकता केन्द्र डडेल्धुराको आयोजनामा सम्पन्न उक्त नाटक प्रदर्शनी असुरक्षित गर्भपतन एवं सुत्केरीको विषयमा केन्द्रित थियो ।

-चेलीबेटी बेचबिखनविरुद्ध व्यंग्य प्रस्तुत गर्दै गत साता बाल वातावरण केन्द्रका बालबालिकाहरूले राजधानीस्थित सिनामंगल सुकुमवासी टोल तथा मनोहरा सुकुमवासी टोलमा सडक नाटक 'कर्मको फल' प्रस्तुत गरे । नाटक कर्मको फलमा नचिनेको मान्छेले काम लगाइदिन्छु भन्दैमा गैहाल्ने, उसले कहाँ लग्दैछ भन्ने ख्याल नगर्ने जस्ता यथार्थलाई प्रस्तुत गरिएको थियो । अशोक शिवाकोटीको निर्देशन रहेको यो नाटकले चेलिबेटीहरूलाई स्वयं सचेत रहनुपर्ने सन्देश बोकेको छ ।

-विश्व एड्स दिवसको अवसर पारेर गत डिसेम्बर १ तारिखका दिन नयाँ बानेश्वरमा दिन सडक नाटक 'दोषी को ?' मञ्चन भयो । वर्ल्ड भिजन काठमाडौं क्षेत्र विकास समितिको सहयोगमा नेपाल युवा समाजले प्रस्तुत गरेको उक्त नाटकमा एचआईभी एड्ससँग सम्बन्धित कथामा कलाकारहरूले नाटक प्रस्तुत गरे ।

-नाट्यसमूह आरोहणको प्रस्तुतिमा गत सोमबार कीर्तिपुरमा सडक नाटक 'लोकतन्त्र' मञ्चन भयो । नागरिक समाजको आयोजनामा भएको कार्यक्रममा प्रस्तुत उक्त नाटकले वर्तमान नेपाली राजनैतिक घटनाक्रम, दलहरूबीच बढ्दै गएको द्वन्द्व एवं संविधानसभाको निर्वाचनप्रति नागरिकहरूको चासोलाई समेटिएको थियो । नाट्यकर्मी सुनिल पोखरेल निर्देशक रहेको नाटक लोकतन्त्रमा कमलमणि नेपाल, सरिता गिरी, युवराज घिमिरे, सुरेश चन्द तथा भोलाराज सापकोटा आदिले अभिनय गरेका गरेका थिए ।

## ग्यालरी

-सिक्किमे संस्कृति, प्राकृतिक सुन्दरता एवं त्यहाँको जीवनशैलीमा आधारित रहेर क्यानभास कोर्न २७ जना नेपाली कलाकारको समूह गत आइतबार त्यसतर्फ लागेको छ । 'महान् भारतको सुन्दर सिक्किम' शीर्षकमा कलाकारहरूको उक्त भ्रमण २० दिन लामो हुनेछ । सिक्किम सरकारको ग्रामीण विकास तथा प्रबर्द्धन विभाग एवं लायन्स क्लब अफ गान्तोकको निमन्त्रणामा हुन लागेको यो भ्रमणमा नेपाली समूहले सिक्किमका चारवटै जिल्लामा चित्र कार्यशाला गर्नेछ ।

-तिब्बेतियन कलाकार युआन झ्याङले काठमा कुँदेका चित्रको प्रदर्शनी गत सोमबारदेखि सिद्धार्थ आर्ट ग्यालरीमा सञ्चालनमा छन् । 'ब्लाक एन्ड ह्वाइट वुड इनग्राभिङ अन तिब्बत' शीर्षक राखिएको उक्त प्रदर्शनीमा २९ वटा तस्बिर समाविष्ट छन् । मंसिर २९ गतेसम्म चल्ने यो प्रदर्शनीका तस्बिरहरूको मूल्य १७ हजार रुपैयाँदेखि ६५ हजार रुपैयाँसम्म छ ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

पराक्रम बढने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ । यात्रा हुन सक्छ । व्यवसाय वृद्धि हुनुका साथै भेटघाटमा रमाउने अवसर मिल्नेछ । आफन्तहरूको उचित सहयोग जुट्नेछ । अरूको विश्वास सजिलै जित्न सकिनेछ । सोमबार, मंगलबार तथा बुधबार गलत विचार बढ्ने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ ।

### वृष

बोलीको प्रभाव बढनेछ । अरूले तपाईंको प्रशंसा गर्नेछन् । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ । आफन्तहरूले तपाईंलाई सहयोग गर्नेछन् । व्यवसायमा सोचेजस्तै लाभ मिल्नुका साथै यात्रा पनि हुन सक्छ । धन आर्जन गर्ने अवसर मिल्नेछ । बुधबारदेखि गलत विचार बढ्ने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ ।

### मिथुन

सम्मान मिल्ने तथा अरूबाट सहयोग पाइने साता छ । पराक्रम एवं प्रसन्नताका साथै बोलीको प्रभाव बढ्नेछ । अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ । अध्ययनमा सुधार आए पनि बुधबारदेखि घरेलु समस्याले सताउने, शत्रु बढ्ने तथा स्वास्थ्यमा समस्या उत्पन्न हुन सक्नेछ । काममा अवरोध आउने एवं चिन्ता बढ्ने देखिन्छ ।

### कर्कट

मन प्रसन्न रहनुका साथै काममा पनि सुधार आउनेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ । अध्ययनमा प्राप्त हुने सफलता कायमै रहनुका साथै बौद्धिक कार्यमा सफलता मिल्नेछ । बोलीको प्रभाव बढ्ने तथा भोज-भतेरमा सामेल हुने अवसर मिल्नेछ । शत्रुदेखि सावधान रहनुहोला ।

### सिंह

खर्च एवं विवाद बढ्नेछ । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन् । अरूले गरेको गलत कार्यको दोष तपाईंमाथि आउन सक्छ । विश्वास गरेकाहरूले धोका दिनेछन् । स्वास्थ्यमा समस्या आउनुका साथै धनमाल हराउन सक्छ । सोमबार तथा मंगलबार मान-सम्मान मिल्ने, भोज-भतेरमा सामेल हुने, अध्ययनमा सुधार आउने तथा मन प्रसन्न रहने योग छ ।

### कन्या

सोच्ने शक्ति बढ्नेछ । काममा सुधार आउनुका साथै धन आर्जन गर्ने अवसर मिल्नेछ । पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूबाट उचित सहयोग मिल्नेछ । यात्रा गर्ने अवसर प्राप्त हुनेछ । सोमबार तथा मंगलबार खर्च, चिन्ता एवं विवाद बढ्नुका साथै काममा अवरोध आउने योग छ ।

### तुला

अरूले तपाईंको प्रशंसा गर्नेछन् । सानै प्रयासले पनि ठूलो काममा सफलता प्राप्त होला । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ । धन आर्जन गर्ने अवसर मिल्नेछ । सोच्ने शक्ति बढ्ने तथा आफन्तहरूबाट सहयोग प्राप्त हुने देखिन्छ । बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ । काममा पनि अवरोध आउनेछ ।

### वृश्चिक

धार्मिक कार्यमा रुचि बढ्नेछ । भाग्यले साथ दिनुका साथै काममा सफलता मिल्नेछ । आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । पराक्रम एवं बोलीको प्रभाव बढ्नुका साथै अध्ययन, यात्रा तथा व्यवसायमा सोचेजस्तै सफलता प्राप्त होला । अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । महत्त्वपूर्ण कामका लागि साता अनुकूल छ ।

### धनु

साताको पूर्वार्द्ध प्रतिकूल रहनेछ । सुरुमा स्वास्थ्य बिग्रनुका साथै मन दुविधाग्रस्त रहनेछ । कुरा काट्नेहरू बढ्नेछन् । झूटा आरोप पनि लाग्ने सम्भावना छ । विश्वासघातको सिकार हुनुपर्ला । सोमबारदेखि धार्मिक कार्यमा रुचि बढ्नुका साथै भाग्य वृद्धि तथा आर्थिक उन्नतिको लक्षण देखा पर्नेछ । मान-सम्मान मिल्नुका साथै काममा सुधार आउनेछ । सफलताका लागि संयमित रहनुहोला ।

### मकर

सुरुमा व्यवसाय बढ्ने, यात्रा हुने एवं भेटघाटमा रमाउने अवसर मिल्नेछ । अरूको मन जित्न सकिनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ । धन आर्जन गर्ने अवसर मिले पनि सोमबारदेखि स्वास्थ्यमा समस्या देखा पर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ । शरीरमा चोटपटक पनि लाग्न सक्छ ।

### कुम्भ

शत्रु बढ्नेछन् । मन दुविधाग्रस्त रहनेछ । अरूबाट हुने आलोचनाका कारण मनोबल घट्नेछ । रिसको बेग बढ्नेछ । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन् । सोमबार तथा मंगलबार प्रसन्नता बढ्नुका साथै काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ । मान-सम्मान मिल्ने एवं आम्दानीको नयाँ स्रोत फेला पर्ने देखिन्छ ।

### मीन

सोच्ने शक्ति बलियो हुनुका साथै अध्ययनमा सफलता मिल्नेछ । धार्मिक कार्यमा रुचि एवं पराक्रम बढ्नेछ । मान-सम्मान मिल्नुका साथै काममा सुधार आउनेछ । अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ । आफन्तहरूबाट सहयोग प्राप्त होला । व्यवसायमा सोचेजस्तै लाभ मिल्नेछ । यात्रा गर्ने अवसर प्राप्त होला । कुरा काट्नेहरू पनि प्रशंसा गर्न थाल्नेछन् ।

### यो साताको पञ्चाङ्ग

मंसिर २४ गते : विश्व मानवअधिकार दिवस




**कुकिङ तालिम**

मंसिर २५ गतेबाट नयाँ तालिम शुरु

| | |
|---|---|
| इण्डियन कुकिङ्ग | बिहान १०:०० बजे |
| चाइनिज कुकिङ्ग | बिहान ११:०० बजे |
| बेकरी | दिउँसो १२:०० बजे |
| इटालियन कुकिङ्ग | दिउँसो १:०० बजे |
| कन्टिनेन्टल कुकिङ्ग | दिउँसो २:०० बजे |
| जाम, केचप, अचारहरु | दिउँसो ३:०० बजे |

अभियान पर्यटन तथा होटल तालिम केन्द्र
५५३६०५७, ९८४१२०८७४९

**सुखी विवाहित जीवनको लागि**
सेवाको १३ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

## साता संक्षेप

मंसिर १५– राजधानीको पब्लिक युथ क्याम्पसमा नेविसंघ तथा माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) बीच झडप, करिब ५० विद्यार्थी एवं कर्मचारी घाइते ।

- नेपालगन्जबाट सुर्खेतका लागि हिँडेको बस दुर्घटना, ७ को मृत्यु ।
- भारतमा थुनिएका दुई माओवादी नेता किरण तथा गौरव रिहा, दुवै नेता काठमाडौं फर्किए ।
- सरकारी-गैरसरकारी संस्थाबीच भएको आन्तरिक किचलोका कारण यस वर्ष एचआईभी एड्सका लागि नेपालले पाउने साढे ४ अर्ब रुपैयाँ नपाउने, एचआईभी पीडितहरूद्वारा दुःख व्यक्त ।

मंसिर– १६ सबै न्यायाधीशलाई सुरक्षा गार्डको व्यवस्था ।

- संसदीय समितिद्वारा एमालेका सांसद हेमनाराण चौधरीको हत्यामा सेनाका अधिकृत प्रमुख सेनानी बाबुकृष्ण कार्की संलग्न भएको ठहर ।

मंसिर १७– अनौपचारिक सेवा केन्द्र (इन्सेक) ले गरेको सर्वेक्षणमा अठासी प्रतिशत जनता गणतन्त्रको पक्षमा रहेको अनुमान ।

- नयाँ निजामती विधेयकमा कर्मचारीहरूकोस्वतः बढुवाकोप्रवधानको सचिवहरूद्वारा आपत्ति प्रकट ।
- कर्णाली अञ्चलका विकट ९ जिल्लामा ६० हजार सौर्य टुकी वितरण गरिने, नर्वे तथा फिनल्यान्डद्वारा ४ करोड दिने घोषणा ।

मंसिर १८– राजधानीमा दिउँसै ७० लाख लुटियो, अपराधी पत्ता लागिसकेको प्रहरीको दाबी ।

- कतारमा वैदेशिक रोजगारका लागि पुगेका चन्द्रशेखर यादवलाई इन्डोनेसियाली युवकको हत्याको आरोपमा मृत्युदण्डको फैसला ।
- नेपाल विद्युत् प्राधिकरणद्वारा देशभरि लोडसेडिङ प्रारम्भ, साताको तीन घन्टा विद्युत् कटौती गरिने ।
- रासनमा टेन्डर दर्ता गरेका ठेकेदारहरूलाई टेन्डर फिर्ता लिन ठेकेदारलाई धम्की, आफ्ना मानिसलाई मात्र सेनाको रासन दिने गरेको खुलासा । सेनाद्वारा रीत नपुर्‍याई दरखास्त हालिएको दाबी ।
- २०४२ सालमा सिंहदरबार बम काण्डका प्रमुख रामराजाप्रसादद्वारा नवजनवादी मोर्चा गठन ।

मंसिर १९– राष्ट्रसंघको निःशस्त्रीकरण क्षेत्रीय कार्यालय काठमाडौंमा सरकारबाट सम्झौताको कार्यान्वयन गर्ने ।

- सैनिक कल्याणकारी कोषको रकमको मुद्दा सुनुवाइमा ढिलाइ भएकोमा भूतपूर्व सैनिकहरूद्वारा सर्वोच्च अदालत घेराउ, प्रहरीको हस्तक्षेपमा १२ प्रदर्शनकारी तथा ४ प्रहरी घाइते ।
- सरकारले निजामती ऐन जारी गर्न ढिलाइ भएको भन्दै निजामती सेवासम्बद्ध कर्मचारीहरूद्वारा प्रतिनिधिसभा घेराउ ।

मंसिर २०– नेपाली काङ्ग्रेस केन्द्रीय समितिको बैठकद्वारा सरकार तथा माओवादीबीच भएका सम्झौताको पालन गर्न माओवादीहरूसँग आग्रह ।

- सर्वोच्च अदालतद्वारा नेपाली सेनाको कल्याणकारी कोषको लेखापरीक्षण गराई रकम सार्वजनिक गर्न सरकारका नाममा परामादेश ।
- राष्ट्रसंघद्वारा अर्को सातादेखि माओवादी शिविरको निरीक्षण प्रारम्भ गर्ने।
- चितवन राष्ट्रिय निकुञ्जमा फेरि गैंडा मार्ने प्रयास, निकुञ्जमा ३ सयजति मात्र गैंडा बाँकी ।

# तोकिएको समयमा कुनै काम भएन

**साप्ताहिक समाचार**

काठमाडौं, बहुप्रतिक्षित संविधानसभाको निर्वाचन ८ दलको कार्यसम्पादनप्रतिको उदासीनताका कारण पर सर्ने सम्भावना देखिन थालेको छ । सयममै संविधानसभाको निर्वाचन नभए राजसंस्थालगायत केही प्रतिगमनकारीहरूले जनआन्दोलनका उपलब्धिलाई संस्थागत गर्न नदिन विभिन्न षडयन्त्र हुने सम्भाना व्यक्त भैरहेका बेला आन्दोलनकारी शक्तिहरू आफ्नै कमजोरीले पछाडि पर्न थालेका छन् । ११ वर्षे विद्रोह अन्त्य गर्ने घोषणा गरेको नेकपा (माओवादी) ले आफ्ना पुराना गतिविधि जारी राख्नु तथा सरकारपक्षीय ७ दलले संवेदनशील अवस्था मानिने संक्रमणकलीन जटिलतालाई बुझ्न नसक्नु यसका मुख्य कारण मानिएका छन् ।

सरकार तथा माओवादीबीच कात्तिक २१ गते भएको वार्तामा कात्तिक ३० गते सरकार तथा माओवादीबीच शान्ति सम्झौता हुने उल्लेख थियो । यो प्रतिबद्धता झण्डै एक साता पर सर्‍यो । त्यसैगरी मंसिर ५ गतेभित्र नेपाली सेना तथा माओवादी लडाकु ब्यारेकभित्र पसिसक्ने उल्लेख थियो । उक्त बुँदा पनि अहिलेसम्म पूरा भएको छैन । माओवादीका कतिपय लडाकुहरू अझै ब्यारेकमा नपुगेको तथा भएका ब्यारेक पनि निर्माण हुन ढिलाइ भैरहेको छ । माओवादी लडाकु राखिने प्रमुख अस्थायी शिविरको टुङ्गो लागे पनि थप २१ वटा सहायक शिविरको टुङ्गोसमेत लागेको छैन । सात दल तथा माओवादीबीच कात्तिक २१ गतेको सम्झौताले मंसिर १० गतेभित्र अन्तरिम संसद बनाउने निर्णय गरेको थियो तर ३ सय ३० सदस्यीय अन्तरिम विधायक बस्ने संसदको निर्माणको काम पनि पूरा भैसकेको छैन । त्यसैगरी मंसिर १५ गते माओवादीसहितको सरकार बन्नुपर्नेमा अहिलेसम्म त्यसको टुङ्गो लाग्न सकेको छैन । 'यस हिसाबले हर्ने हो भने अर्को मंसिरमा पनि संविधानसभाको निर्वाचन सम्भव छैन ।' समाजशास्त्री निरञ्जन कर्ण भन्छन्, 'कुनै पनि निर्माणको एउटा गति हुन्छ । एउटामा ढिलाइ हुनासाथ त्यसको असर चारैतिर पर्छ ।' कर्णका अनुसार जुन गतिमा सम्झौताको कार्यान्वयन हुनुपर्ने हो त्यो नभएपछि गतिमा पनि सुस्तता आउँछ । कात्तिक २२ गते नेकपा ( माओवादी) द्वारा गरिएको पत्रकार सम्मेलनमा उक्त दलका अध्यक्ष प्रचण्डले संविधानसभा निर्वाचन गर्न सरकार पक्षको गति तेज हुनुपर्ने बताएर त्यतिखेरै ढिलाइ भैरहेको संकेत दिएका थिए । अहिले उक्त दलका केन्द्रीय सदस्यहरूले जेठमा संविधानसभाको निर्वाचन गर्न ठूलै चमत्कार हुनुपर्ने बताइरहेका छन् । गत मंगलबार माओवादीका नेता डा. बाबुराम भट्टराईले दुई दिनभित्र अन्तरिम विधान जारी गर्न गृहमन्त्री कृष्ण सिटौलामार्फत प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई दबाब दिएका थिए । डा. भट्टराईले पनि एक-दुई दिनभित्रै सरकारले परिवर्तनको संकेत नदेखाए दबाबमूलक कार्यक्रम गर्न बाध्य हुने बताएर माओवादीभित्रको छट्पटी बाहिर ल्याएका छन् ।

'सबैको साँचो अन्तरिम विधान हो ।' संविधानसभा निर्वाचनलाई सफलताका साथ सम्पन्न गर्ने लक्ष्य बोकेका निर्वाचन आयोगका प्रमुख आयुक्त भोजराज पोखरेल भन्छन्, 'जबसम्म अन्तरिम विधान निर्माण जारी हुँदैन तबसम्म हामीले काम गर्न सक्दैनौं । किनभने संविधान नै हाम्रो निर्देशक हो ।' निर्वाचन आयोगलाई आफ्नो कार्यक्रम विस्तार गर्न ५ अर्ब रुपैयाँको आवश्यकता छ । पर्याप्त रकम नभएका कारण योजनासम्म बनाउन नसकेको दुःखेसो निर्वाचन आयोगका कर्मचारीहरूको छ । 'अहिलेसम्म हामीले गम्भीर भएर काम गर्न पाएका छैनौं ।' निर्वाचन आयोगका एक कर्मचारी भन्छन्, 'प्रमुख आयुक्तदेखि कर्मचारीसम्म अन्तरिम संविधान जारी हुने र त्यसको नीतिअनुसार चल्ने साइत पर्खेर बसेका छन् ।'

सरकारले पनि अन्तरिम विधान जारी गर्न हतार गरिरहेको छ तर संविधानमा राजाको हैसियत के हुने भन्ने विवाद अहिले पनि उस्तै छ । माओवादीसहितको कम्युनिस्ट घटक अझै पनि संविधानसभाको निर्वाचन नहुन्जेल राजालाई निलम्बन गरिएको कुरा राख्न चाहान्छ भने नेपाली कांग्रेससहित केही दलहरू जनताको अभिमत नआइकन राजाको हैसियत नखुल्ने हुनाले नेपालमा नाममात्रको राजा रहन दिनुपर्ने कुरामा जोड दिँदै आएका छन् । अर्कातिर माओवादीका सेना ब्यारेकमा नसमेटिउन्जेल माओवादीलाई सरकारमा लान नहुने सुझाव पनि सरकारलाई प्राप्त हुन थालेको छ । भारत तथा अन्य मुलुकले दिएको उक्त सुझावलाई ध्यानमा राख्दै संयुक्त राष्ट्रसंघले पनि आफ्ना विशेषज्ञहरूको टोली नेपाल भित्राएको छ । केही दिनभित्रै माओवादी ब्यारेकमा समेटिने तथा त्यसैको सेरोफेरोमा अन्तरिम विधान जारी हुने सरकारले संकेत दिएको छ । माओवादीको सेना अस्थायी ब्यारेकमा नबसी माओवादीलाई सरकारमा लान नहुने सुझाव दिएका छन् । अन्तरिम संविधान जारी भएपछि अन्तरिम संसद बन्ने तथा अन्तरिम संसदले मन्त्रीमण्डल नियुक्त गर्नेछ । यी काम गर्न कम्तीमा पनि थप १५ दिन लाग्ने देखिन्छ । पुसको आधा-आधीबाट काम प्रारम्भ गर्ने अन्तरिम सरकारले कसरी जेठमा संविधान सभाको निर्वाचन सम्पन्न गर्ला ? सबैको चासोको विषय बनेको छ ।

## मुखाले

-राष्ट्रगान छनौट भएपछि देशप्रति मेरो जिम्मेवारी थपिएको छ ।
**ब्याकुल माइला, नवोदित साहित्यकार**

-हामीले गर्ने संविधानसभाको निर्वाचन संसारले हेर्न खोजिरहेको छ ।
**भोजराज पोखरेल, प्रमुख निर्वाचन आयुक्त**

-माओवादी सरकारमा जाँदा ठूलो होस पुर्‍याउनुपर्छ ।
**जेम्स एफ मोरियार्टी, नेपालका लागि अमेरिकी राजदूत**

-नेपालीले राजा राख्न चाहँदैनन् भने भारतको कुनै आपत्ति हुनेछैन ।
**शिवशङ्कर मेनन, भारतीय विदेश–सचिव**

-त्यत्रो ऐतिहासिक सम्झौता हुँदा गिरिजाप्रसाद कोइरालाले हामीलाई आतंकवादी भन्नुभयो, यसबाट पनि नेपाली काङ्ग्रेसको दृष्टिकोण प्रस्ट हुन्छ ।
**मोहन वैद्य, नेता, नेकपा (माओवादी)**

-नेपाली काङ्ग्रेस कहिल्यै गणतन्त्रवादी भएन, विश्वेश्वरसँग त राजाको घाँटी नै जोडिएको थियो ।
**शैल उपाध्याय, परराष्ट्रविद्**

-अहिले गणतान्त्रिक मोर्चा होइन, लोकतान्त्रिक मोर्चाको आवश्यकता छ ।
**गोपालमान श्रेष्ठ, उपसभापति, प्रजातान्त्रिक काङ्ग्रेस**

-नेपाली काङ्ग्रेस राजसंस्थालाई काँध थाप्ने पक्षमा छैन ।
**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री तथा सभापति, नेपाली काङ्ग्रेस**

-जेठभित्र संविधानसभाको निर्वाचन हुन नदिने षड्यन्त्र भैरहेको छ ।
**दीनानाथ शर्मा, नेता, नेकपा (माओवादी)**

# शुरुभयो सूर्यको रिदम

काठमाडौं- सूर्य लाइटस् चुरोटको प्रस्तुति तथा पार्टी नेपालको व्यवस्थापनमा भोलि शनिबार बुटवलबाट 'सूर्य लाइट्स रिदम नाइट्स' आरम्भ हुँदैछ । हरेक वर्ष आयोजना हुने उक्त सांगीतिक यात्रा यसपटक नेपाल अधिराज्यका चार स्थानमा पुग्दैछ । २००५ को वार अफ डिजेका विजेता डिजे बिम्यान तथा नेपालकी पहिलो महिला डिजे पायल हरेक वर्ष 'सूर्य लाइट्स रिदम नाइट्स' का आकर्षण भए पनि यसपटक सुन्दरी गायिका प्रीति कौर पनि हरेक स्थानमा उपस्थित हुने भएकी छिन् । व्यवस्थापक पार्टी नेपालका इभेन्ट म्यानेजर रविनका अनुसार भोलि शनिबार साँझ चार बजे बुटवलको नाङ्लो वेस्ट, २९ गते धरानको निर्भाना कन्ट्री क्लब, पुस १ गते विराटनगरको रत्ना होटल तथा पुस ७ गते नारायणघाटको सिरेन्स क्लबमा उक्त कार्यक्रम सम्पन्न हुनेछ ।


विशेष ५०% छुटमा होटल तालिम शुरू

तालिमहरू: कुक, वेटर, क्याप्टेन, तन्दुरी, बारमेन, स्टोरकिपर, हाउसकिपिङ, रूम ब्वाई, बेल ब्वाई, फ्रन्ट अफिसर, रिसेप्सनिष्ट, सुपरभाईजर, बेकरी

विशेषताहरू:

साहारा होटेल तालिम सेन्टर (S.M.T.T.C.)

रयाडीसन कुकिङ तालिम सेन्टर (R.M.D.T.T.C.)
फोन: ४४६४६२०, नयाँ बानेश्वर, (BICC पानी ट्याङ्कीको ठीक अगाडि)

निशुल्क ब्युटिसियन ट्रेनिङ



NGO को सहयोगमा नेपाल सरकारबाट मान्यताप्राप्त वरिष्ठ ब्युटिसियनहरुद्वारा अत्याधुनीक मेशिनहरुले छोटो समयमा कोर्षहरु ग्यारेण्टी का साथ Basic Diploma, Advance र Special Course मा सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
PTC ट्रेनिङ्ग सेन्टर
रुद्र विषालबजार दोस्रो तल्ला, कलंकी काठमाण्डौ, फोन नं. २०२३४०६

आवश्यकता

नेपाल सरकारबाट मान्यता प्राप्त प्रतिष्ठित कम्पनीलाई ५ वर्ष सम्म काम गर्ने शिक्षित अशिक्षित कर्मचारी आवश्यकता नजान्नेलाई निशुल्क तालिम, महिलालाई ग्राहयता
तलब : ८५०० मात्र
संख्या: १७ महिला, ७ पुरुष
सम्पर्क:
२०७३६१६,९८०३०७५९८१ चावहिल
४२७१३७९,९८४१५३८६६५,कलंकी

होटल तालिम

कुक- 4100/- हिब्रु भाषा तालिम वेटर -1300/-
साथै केयर गिभर, हाउसकिपिङ, लण्ड्रिमेन, सेक्युरिटी गार्ड तालिम, निशुल्क अंग्रेजी भाषा, वैदेशिक रोजगारीको अवसर
होस्टलको व्यवस्था
लगनखेल 5532984, 9841207258 MMTC
गोंगबु चोक 016214510, 4442957 BMTC

B.E. ENTRANCE

Admission Open : Preparation Classes
* Highly experienced teachers from I.O.E. Pulchowk Campus and other renouned colleges.
* Free text books, Question bank and practice sheets.
* Managed by a group of reputed senior teacher of I.O.E. pulchowk Campus
* 98% Success in I.O.E. Entrance among our students.
KANTIPUR EDUCATIONAL INSTITUTE (KEI)
Kupondol, Tel: 5540917,website:www.kei.edu.np
Email:info@kei.edu.np

Be an Air Hostess
Be a Flight Steward



Admission OPEN
FREE Facilities
Swimming, Stationery, Airport Familiarization, Scarf
WE PROVIDE
Licence holders from CAAN
Air Hostess Training Institute (P) Ltd.
Ph# 4783564, 2042030

FREE SEMINAR
@ Queensfield Business School SINGAPORE
Learn With Paid OJT (S$ 700 - S$ 1000) Per Month
COURSES
Hospitality & Tourism Management
Nitec Food & Beverage Operations
INTAKES Feb. 2007
ELEGIBILITY SLC / +2 Passed
TRANSFER TO UK / AUS
Venue : The Everest Hotel
Date : 9th Dec., 2006 (२३ मंसिर)
Time : 12:00 Noon Sharp
Collect Entrance Card today
Meet School Principal & Manager for Spot Admission
Authorized Enrollment Partner for Nepal
Raffles Educare (P.) Ltd
Kathmandu
Putalisadak (Way to Dillibazar)
Tel: 4430759, Email : info@raffleseducare.com
Butwal
Rajmarg Chaurha
Mobile: 9804417952

# शिक्षामा अन्यौल

कुनै पनि मुलुकको भविष्य कतातिर गैरहेको छ ? भन्ने कुराको ऐना उक्त मुलुकको शिक्षानीति तथा शैक्षिक योजनाहरू नै हो । शिक्षानीतिले नै भविष्यका लागि आवश्यक पूर्वाधार तयार गर्न राज्यलाई सघाउँछ, तर नेपालको सन्दर्भमा भने यही शिक्षाक्षेत्र नै जहिले पनि लथालिंग हुने गरेको छ । पछिल्लो पटक प्रतिनिधिसभाले पारित गरेको केही शिक्षा ऐन संशोधन गर्न बनेको विधेयकले शिक्षक छनौट गर्ने खुला प्रतिस्पर्धाको प्रक्रियालाई पन्छाउने मनसाय देखाएपछि अहिले शिक्षाक्षेत्र आन्दोलित भएको छ । प्राप्त जानकारीअनुसार शिक्षाऐनलाई संशोधन गर्न बनेको उक्त विधेयकमा शिक्षक छनौट गर्ने खुला प्रतिस्पर्धाको प्रक्रियालाई पन्छाएको आरोप लगाइएको छ । यदि यो आरोप सत्य हो भने त्यसलाई सबै नागरिकले सबै क्षेत्रमा समान अवसर पाउनुपर्छ भन्ने लोकतान्त्रिक मान्यतामाथि प्रहार मानिनुपर्छ । अहिले उक्त विधेयकको विरोधमा देखा परेको विद्यार्थी तथा अभिभावकहरूको आन्दोलनलाई कुनै राजनैतिक दलविशेषको दृष्टिकोणभन्दा गुणस्तरीय शिक्षा प्राप्त गर्ने विद्यार्थीको नैसर्गिक अधिकार तथा पेसागत हितका लागि उठेको आवाजका रूपमा हेरिनुपर्छ ।

नेपालमा शिक्षकहरूलाई नियुक्त गर्ने विषयमा देखा परेको आराजकता नयाँ होइन । सरकारले २०५२ सालयता कुनै पनि शिक्षक नियुक्ति गर्न शिक्षक सेवा आयोगमार्फत पदपूर्तिको विज्ञापन गरेको देखिएको छैन । २०५२ सालयता सरकारी तथा सार्वजनिक विद्यालयमा जति पनि शिक्षक नियुक्त भएका छन् ती सबै सम्बन्धित सञ्चालक समितिलाई दबाब दिएर पहुँच भएका व्यक्तिहरू छन् । अहिले संशोधित विधेयकले तिनै शिक्षकहरूलाई २०६३ साल वैशाख १० गतेसम्म विद्यालयमा नियुक्ति पाएका आधारमा तोकिएबमोजिमको छुट्टै प्रतियोगिता व्यवस्था गरी स्थायी गर्न सकिने व्यवस्था गरेपछि त्यसको विरोधमा विद्यार्थीहरू सडकमा ओर्लिएका हुन् । बेला–बखत योग्यताका आधारमा नभै भनसुन र पहुँचका आधारमा नियुक्त भएका ती शिक्षकहरूले प्रतियोगी परीक्षामार्फत योग्यता हासिल गर्न पाउने अन्य नेपाली नागरिकहरूको हक खोस्ने सम्भावना देखिएपछि अहिले विद्यार्थीहरू आन्दोलित भएका हुन् । विद्यार्थीहरूको आन्दोलन आफ्नो ठाउँमा जायज छ । कुनै पनि विद्यार्थीले प्रतिस्पर्धामा खरो उत्रिएर छानिएको शिक्षकबाट शिक्षा प्राप्त गर्ने अधिकार राख्छ ।

प्रतिनिधिसभाले पारित गरेको शिक्षा ऐन संशोधन गर्न बनेको विधेयक पारित हुनुका पछाडि लामो समयदेखि आन्दोलनरत अस्थायी शिक्षकहरूको आन्दोलनलाई टुंगोमा पुर्‍याउने सरकारको मनसाय रहेको देखिन्छ । सरकारको यो मनसायमा सरकारमा सामेल सबै राजनैतिक दल तथा माओवादीसमेतको सहमति रहेको बताइन्छ । ती राजनैतिक दलहरूले के–कस्तो स्वार्थका लागि प्रतिनिधिसभाको उपयोग गरेका हुन्, त्यो बेग्लै छानबिनको विषय हुन सक्छ । यसअघि पनि सरकारले दबाबमा आएर त्रिभुवन विश्वविद्यालयका अस्थायी प्राध्यापकहरूलाई स्वतः स्थायी गर्ने निर्णय गर्दा विद्यार्थीहरू यसरी नै आन्दोलित भएका थिए । त्यसबेला पनि तत्कालीन सरकारले विद्यार्थीहरूको आन्दोलन थेग्न नसकेर आफ्नो निर्णय फिर्ता लिएको थियो, तर अहिले प्रतिनिधिसभामार्फत विधेयक नै पारित गरेर अस्थायी शिक्षकहरूलाई स्थायी गर्ने सोझो बाटो खोल्ने षड्यन्त्र गरिएको छ । त्यसो त यो विषयमा शिक्षामन्त्रीले विधेयक पारित हुँदैमा शिक्षकहरू स्वतः स्थायी हुन नसक्ने, स्थायी हुनका लागि नियमावलीलाई समेत पर्खनुपर्ने बताएका छन् । शिक्षामन्त्रीले अहिलेको विद्यार्थीको आक्रोशलाई थेग्न जे–जस्तो धारणा व्यक्त गरे पनि सरकारले पारित गराएको विधेयकले योग्यताको बाटो छेक्ने काम गरेकै हो तसर्थ सरकारले यो विधेयक फिर्ता लिनैपर्छ ।

# आजभोलि टाढा भाग्छ किन आफ्नै छायाँ ?

*याद रखना कि था तुम्ही सा कोइ । बज्मे हस्तिमे दर्दकी तस्बिर*

**–फिराक**



डा. डी.पी. भण्डारीसँग अन्तरंग

**प्रिय नीलम,**

त्यो हेमन्तकालीन मध्याह्न नारी स्रष्टाहरूको जमघट थियो– एक रोचक कालविन्दु । नारीहरूको यति बाक्लो जमघट कम भेटिन्छ साहित्यिक कार्यक्रमहरूमा । त्यो दिन पनि धेरै कम हुन्थ्यो होला तिनीहरूको चर्चा-प्रभुत्व नभैदिएको भए । डा. गोविन्दराज भट्टराईको विद्वताभित्र प्रकाशनमा आएका लगभग सबै नारी हस्ताक्षर समाहित थिए । डा. भट्टराई व्यवहारमा जति बहिर्मुखी र पटु भए पनि नारी चर्चा गर्दा उनी जाडोयाममा अक्सर गलबन्दी बेर्छन्, अन्तर्मुखी भएको भान दिन्छन् । भाषा तयार गर्नमा भ्रम गर्छन् र पूरा आधुनिक शिष्टताका साथ वाचन गर्छन् । पुरुष मिमांसा र नारी मिमांसा दुवैमा । उनको चातुर्यबाट म चकित मात्र होइन त्रस्त पनि भैसकेको छु । डा. भट्टराई मेरा प्यारा मित्र हुन् । मौलिक भेद : उनी चतुर, म गोज्याङ्ग्रे लाटो । चाह्यौ भने तिमी एक ठूलो कथा वा एक सानो उपन्यास लेख्न सक्छौ हामी दुवैलाई पात्र बनाएर । कुनै साहित्यिक सिर्जना बढी आकर्षक हुनुको मूल कारक विरोधहरूको कल्पनात्मक उपस्थिति हो । सपाट एकरसतामा गहन सिर्जना हुन सक्दैन । उदाहरण तिम्रो ‘हवन’ कथा-संग्रहलाई लिन सकिन्छ । ‘हवन’देखि ‘धावा’ सम्म तिम्रा चौध कथाहरूको माधुर्यको कारण एकपक्षीय चित्रण होइन, दुई विरोधहरूबीचको द्वन्द्व हो । सबै विधामा द्वन्द्वात्मकताको केन्द्रीय महत्त्व हुन्छ– होमरको ‘इलियड’देखि दस्तावेस्कीको ‘ब्रदरस कारामजोव’सम्म । शेक्सपियरको त कुरै छोडौं, उनका सबै कृतिको मूल आत्मा कन्टि हो, दुई विपरीत यर्थातहरूबीचको संघर्षको कलात्मक प्रस्तुति । तिम्रो कुशल कलमका लागि डा. भट्टराईको चलाखी र मेरो आदिम सरलताबीचको नैसर्गिक विरोध एक रोचक विषय हुन सक्छ । हामी दुवै आफ्नो पुरानो मैत्रीका बाबजुद पनि तिम्रो कथाको कथ्य हुन सक्छौं । म गणितमा दयनीय रूपले कमजोर छु, डा. भट्टराई गणित मिलाउनमा सिद्धहस्त छन् । केही दिनअघि ग्रीस र डेनमार्क पुगेका थिए । तिमीहरूबारे बोलेको दोस्रो दिन दमक पुगिसकेछन् । सोझो, मुलायम मुहार र मुद्राबीच राम्रो समायोजन गर्न सक्यो भने डा. भट्टराईजस्तै भ्रमणशील हुन सकिन्छ । अहिलेसम्म डा. भट्टराईको डाहा लाग्थ्यो, तिम्रो कथा सँगालो पढिसकेपछि तिम्रो पनि डाहा गर्न मन लागिरहेछ ।

प्रिय □ ‘हवन’ देखि ‘धावा’ सम्म तिम्रा चौध कथाहरू सरसर्ती हेरें । रोचक मात्र छैनन्, नूतन पनि छन्, कथ्य र शैलीका दृष्टिले । कथावस्तु र प्रविधिका हिसाबले जाँच्ने हो भने ‘हवन’ एकदमै भिन्न छ नेपालीमा अहिलेसम्म लेखिएका कथाहरूभन्दा मेरो ज्ञानको सिमानाभित्र । पात्रहरूको जटिल भीडबाट मुक्त छन् लगभग सबै कथा । सत्य, स्वःस्फूर्त वक्तव्य दिने हो भने कुनै पनि कथा, विशेषतः सुरचित कथा एक क्षणको चित्र प्रस्तुत गर्छ । क्षणको अर्थ एक सानो कालखण्ड, एक घटना, एक मनोदशा, रेखांकन, रञ्जन, अभिव्यञ्जन आदि जे पनि हुन सक्छ । तिम्रा अधिकांश कथा उत्कर्षमा पुगिसकेपछि एक तीव्र भावपूर्ण क्षणको अनुभूति दिन्छन् । प्लटको जञ्जाल र नायक-नायिकाहरूको भीडमा पाठक अल्झिने अलिकति पनि सम्भावना छैन । बौद्धिक पक्षको उपेक्षा गरेर हार्दिक पक्षमाथि तिमीले धेरै बढी जोड दिएकी छयौ । कुनै स्थलमा मजस्तो पाठक बढी तरलीकृत हुन्छ बौद्धिक पाठकहरूभन्दा । तिम्रो आफ्नै जीवनकथादेखि लिएर तिमीले रचेका ‘हवन’ भित्रका कथाहरू पाठकहरूभित्र करुणा, रोष र विद्रोहको भाव पहिलो पाठमा नै पैदा गरिदिन्छन् । अन्तरालहरूमा यौन सम्पृक्त श्रृंगार रस पनि, तर तिम्रो श्रृंगारमा उत्तेजकताभन्दा बढी यथार्थ छ, त्यस्तो यथार्थ जहाँ मनोविज्ञान र समाजको सहज सहअस्तित्व हुन्छ । तिम्रा कथाहरूमा बाह्यभन्दा आन्तरिक द्वन्द्वको प्रधानता देखिन्छ । कुनै स्थानमा पाठकहरू अलमलिन सक्छन् कथ्यको भारबारे, महत्त्वबारे । जब तिमी आफ्नो अन्तरमनमा आफ्नै कुनै चरित्रसित तादात्म्य स्थापित गर्न खोज्छयौ त्यो घडीमा तिमी स्वयं आत्मविस्मृतिमा रमेकी देखिन्छयौ । जब सर्जक पूरा तन्मयतासित आफ्नो सृष्टिसित पूर्ण रूपले अनुरक्त हुन्छ तब ऊ बाह्य जगतको भूगोल र इतिहासबारे अनभिज्ञ हुन्छ केही समयका लागि । तिम्रा कथाहरू एक संवेदनशील नारीले समयको विडम्बना, नर र नारीको विचित्रतामाथि तिखो दृष्टिले अवलोकन गरेका शब्द-चित्रहरू हुन भन्ने मेरो प्रथम प्रतिक्रिया छ । तिम्रो समग्र, जीवनदृष्टि, तिम्रो रुचि र तिम्रो गतिशीलताको पृष्ठभूमिका आधारमा भविष्यवाणी गर्न मन लाग्छ : एकनिष्ट भएर साहित्य सिर्जनमा लाग्न सक्यौ भने तिम्रो दृष्टि र तिम्रो लेखनी उत्तरोत्तर उचाइ लिँदै जानेछ । तिम्रो जीवनको सम्पूर्ण सार, तिम्रो भौतिक आकार र आन्तरिक बेचैनी खबर दिन्छन् कि तिमी वास्तविक अर्थमा सौन्दर्यको सृष्टि गर्न चाहन्छौ । प्रत्येक राम्रो साहित्यक रचना सांस्कृतिक सौन्दर्यको सृष्टि पनि हो । तिमीभित्र जाँगर छ, उत्साह छ र समय छ । तिम्रो आफ्नै भविष्य र तिम्रा कृतिहरूको भविष्य आश्रित हुनेछन् तिम्रो ऊर्जा, तिम्रो कल्पनाशीलता र तिम्रो सौन्दर्यशास्त्रीय रुचिमाथि । हाम्रो समाज बौद्धिक रूपले मनन गर्दा धेरै सम्पन्न छैन जति तिमी र म चाहन्छौं अथवा अरू धेरै बौद्धिक रुचि भएका मित्रहरू चाहन्छन् ।

*मैलेभन्दा पहिला तिम्ले लाएका थ्यौ माया,*
*आज-भोलि टाढा भाग्छ किन आफ्नै छाया ?*

अवश्य पनि तिम्रा कथाहरूमा बौद्धिक शुष्कताभन्दा बढी भावनात्मक तरलता छ– तिम्रा भावभंगिमाहरूको प्रतिछविको अभास पाइन्छ । जसले पहिले माया लाए पनि सांसारिक मायाको स्वभाव त्यही हो जो तिम्रा कथाहरूमा पनि झल्किएको छ– ‘ह्वन’ देखि ‘हारजित’ हुँदै अरू कथाहरूको केन्द्रमा त्यही सामाजिक र भावनात्मक अतृप्ति । वस्तुतः तृप्तिभन्दा बढी अतृप्तिका कथा र कवितामा बढी स्वाद लिन्छन् पाठकहरू । लेखकहरूको झुकाव पनि त्यतैतिर बढी हुन्छ । वियोगान्त कथानक संयोगात्मक कथ्यभन्दा आकर्षक मात्र हुँदैन, गहन पनि हुन्छ । तिमीलाई राम्रोसित थाहा होला, जब मानव शिशु आमाको गर्भबाट पृथ्वीमा झर्छ उसको प्रथम प्रतिक्रिया रोदन हुन्छ । देवताले पठाएको शिशुको प्रछन्न सन्देश हुनसक्छ : अब म गर्भको महानन्दबाट जगत्‌को महादुःखमा प्रवेश गर्दैछु । महाशान्तिबाट महाजटिल जञ्जालमा, त्रासदीमा आएँ । सायद मैले कतै पहिले पनि भनिसक्केको छु : बीसौं शताब्दीका साइकियाट्रिस्टहरूले, मनसविद्हरूले पूरा विश्वाससित भने– ‘प्रौढ मानिस पनि आफ्नो अचेतनमा सधैं लालायित भैरहन्छ त्यही गर्भको आनन्दतिर फर्कन । सम्भोगतिर गुरुत्वाकर्षित हुने त्यही कारण हो– तर अचेतन । सन्तहरू, ज्ञानीहरू, बुद्धहरू जोड दिएर भन्छन् : दुःखी मानिस मात्र सम्भोगमा आनन्दको भ्रान्ति पाउँछ । मानिसको जीवन भनेकै अव्यक्तनीय व्यथाको कथा हो– प्रिय नीलम निहारिका । प्रत्येक उत्तेजना आनन्दको भ्रान्ति दिन्छ, प्रत्येक पतन दुःखको सत्य दिन्छ ।

‘आजभोलि टाढा भाग्छ किन आफ्नै छाया....?’ तिम्रो गजल पंक्ति अर्धसत्य मात्र बोलिरहेको छ । ‘सधैंभरि टाढा भाग्छ किन आफ्नै छाया ?’ भनेको भए बढी सत्योक्ति हुन्थ्यो, अथवा विस्मय हुन्थ्यो । यही परिवेशमा याद आयो फिराकको गीत : ‘याद रखना कि था तुम्ही सा कोई/ बज्मे हस्ति में दर्द की तस्बिर ।’ याद राख कि तिमीजस्तै कोही अरू पनि थियो, यो संसारमा पीडाको तस्बिर ।

प्रिय निहारिका, अरू गहन कथा, कविता लेख्दै जाऊ । भविष्य उज्यालो छ । अस्तु ।

**पो.ब.नं. २९७४**

## नीति-नियम



झूटो बयान दिनु हुँदैन । दिएको बयान फेर्नु पनि राम्रो हुँदैन । जब धेरै ठूलो काम सिद्ध गर्नु छ वा कसैको प्राण संकटमा छ त्यति बेला झूटो बोल्नुपरे मात्र बोल्नु, अन्यथा झूटो बोल्नु हुँदैन । स्त्री–पुरुष, माता–पिता, दाजु–भाइ, मालिक–नोकर, दिदी–बहिनी, साथी–साथी गुरु–चेला यी सबैबीच परस्परमा भेदभाव नराखौं ।

परस्पर दुईजना व्यक्तिबीच कुराकानी भैरहेको ठाउँको बीचबाट हिँड्नु हुँदैन । साथी, भाइ, बन्धु आदि सबैसँग सधैं समान व्यवहार गर्नुपर्छ ।

स्त्री सम्भोग, मलमूत्रादि त्याग सधैं एकान्तमा गर्नुपर्छ । सधैं उद्योग गर्न तम्सनुपर्छ र सुखपूर्वक व्यायाम गर्नुपर्छ ।अन्नको निन्दा कहिल्यै गर्नु हुँदैन ।

**–शुक्रनीति**

**अनुवाद : रामहरि बन्जारा**

## चिठीपत्र

### जनमत निर्माणमा जुटौं

अहिले मुलुक सबै खाले यथास्थितिवादका विरुद्ध जुर्मुराएको अवस्था छ । विगतमा भ्रष्ट र असफल भनिएको राजनैतिक नेतृत्वले मुलुकले विगत एक दशकदेखि बेहोर्नुपरेको हिंसा र रक्तपातलाई समाप्त पार्दै जसरी मुलुकलाई नयाँ युगतर्फ डोर्‍याउन विद्रोही पक्षसँग सम्झौता गरेको छ त्यसले नेपालको राजनैतिक नेतृत्व परिपक्व र सुझबुझपूर्ण रहेछ भन्ने कुरालाई प्रमाणित गरेको छ । आन्तरिक द्वन्द्वमा समय खर्च गरिरहेका विश्वका कतिपय मुलुकका लागि समेत अहिले नेपालको शान्ति-सम्झौता एउटा उदाहरण बन्न पुगेको छ ।

यो शान्ति-सम्झौतापछि अब हामी नेपालीले मुलुकलाई अग्रगमनतर्फ लाने राजनैतिक नेतृत्वको अभियानका लागि आवश्यक जनमत निर्माणमा सक्रिय हुनुपरेको छ । अबका दिनमा पनि राजनैतिक नेतृत्वले जे गर्छ ठीक गर्छ भनेर चुप लाग्ने हो भने बनिसकेको वातावरण पनि खल्बलिन सक्छ, तसर्थ हामी सबै नेपाली अहिलेको ऐतिहासिक घडीमा आफ्ना भावी सन्ततिका लागि सुन्दर र सुदृढ नेपालका लागि लोकतन्त्रलाई बलियो बनाउने जनमत निर्माणका लागि जुट्नुपरेको छ ।

**–उज्ज्वल अर्याल, बल्थली, काभ्रे**

### बाटो देखायो

साप्ताहिकको कात्तिक २४ गतेको अंकमा प्रकाशित वैदेशिक अध्ययनको आकर्षण शीर्षकको बहसले मजस्ता विदेशमा अध्ययनका लागि जान खोजिरहेका युवाहरूलाई बाटो देखाएको छ । उक्त बहस पढेपछि मलाई थाहा भयो, विदेशमा अध्ययनका लागि जान मैले सोचेजस्तो सजिलो रहेनछ । कुनै पनि विषयको उच्च शिक्षाका लागि सबैभन्दा पहिले अध्ययनकर्ताको रुचि आवश्यक हुन्छ । त्यसपछि उसको परिवारको आर्थिक हैसियत, सामाजिक पहुँच महत्त्वपूर्ण हुँदो रहेछ । पैसा मात्रै सबथोक होइन रहेछ । साप्ताहिकले यस्ता लेखहरू विशेषज्ञहरूको परामर्शसहित प्रकाशित गर्दै जाओस् जसले मजस्ता रणभुल्लमा परेका युवाहरूलाई सही दिशा-निर्देशन गर्न सकोस् ।

**–सन्तोष पराजुली, रौतहट**

### हर्ष र दुःख

विगत सात वर्षदेखि मेरो मनको बगैंचामा फुलिरहेको ‘साप्ताहिक’मा रोचक जानकारीसहित कला, साहित्य, समसामयिक घटना, चलचित्रका खबर, पाठकहरूको जिज्ञासा आदि पढ्न पाउँदा मेरो मन निकै गद्गद हुन्छ तर कहिलेकाहीं यसमा पुराना लेख-रचना दोहोरिँदा दुःख पनि लाग्छ । जीवनको गोरेटो स्तम्भमा प्रकाशित बालक नामक लेखकको अविस्मरणीय दिन पुनः बीके लेखकको नाममा प्रकाशित भयो, यो कसको दोष हो ? यसरी लेख-रचनाहरू नदोहोरिए म धेरै खुसी हुने थिएँ ।

**–कमल जिसी, खोटाङ**

### समाजको ऐना

साप्ताहिकको २०६३ मंसिर १ गतेको अंकमा प्रकाशित ‘हामी लेस्वियन हौं’ शीर्षकको रिपोर्ट पढ्दा मनै झसङ्ग भयो । नेपाली समाजका प्रचलित मान्यताहरू कसरी परिवर्तन हुँदैछन् भन्ने कुरा उक्त रिपोर्टले देखाएको छ ।

समाजमा दिनहुँ अनेक किसिमका घटनाहरू घटिरहेका हुन्छन् । त्यस्ता घटनाहरूको प्रभाव समाजमा लामो वा छोटो समयसम्म रहन सक्छ, तर अहिले नेपाली समाजमा देखिएको मानिसका यौन आचरणसम्बन्धी परिवर्तनहरूले निश्चित रूपमा नेपाली समाजलाई दीर्घकालिन प्रभाव पार्नेछ । समाजका यस्ता अनुहारहरू समयमै प्रकाशित हुनुपर्छ । कुनै पनि मानिसको कुनै पनि किसिमको यौन आचरण उसको व्यक्तिगत स्वतन्त्रताको दायरामा पर्छ, तर त्यसो भन्दैमा त्यस्तो अप्राकृतिक यौन आचरणलाई त्यसको सकारात्मक वा नकारात्मक जुनसुकै तरिकाले भए पनि सार्वजनिक रूपमा प्रस्तुत गरिनु हुन्न । यसतर्फ साप्ताहिकको सम्पादकीय पक्षले पनि ध्यान दिनुपर्छ ।

**–श्याम चौधरी, चकदह, सप्तरी**

## तीतो सत्य

-संसारमा कोही पनि सधैं जवान र शक्तिवान् रहन सक्दैन यो प्रकृतिकै नियम हो, प्रमाण नै खोज्नु परे सन्ध्याकालको सूर्य नै पर्याप्त छन् ।

**भरत रणपहेली**

-मनमा स्वार्थ राख्ने मानिस मूर्ख हो र त्यो स्वार्थपूर्तिका लागि दुष्कर्म गर्ने महामूर्ख ।

-निमुखा प्राणीको हत्या गर्नु ईश्वरको हत्या गर्नु बराबर हो ।

**जनक प्रताप**

-मानिसलाई दिएर पुग्दैन, अनि अर्काको खाएर पनि अघाइँदैन ।

-कर्म गरेर फल खोज्नुपर्छ ।

**गणेश, धादिङ**

-मीठो मुस्कानले मन परिवर्तन गर्न सकिन्छ, हाँसोले होइन ।

-तरबारभन्दा जिब्रो धारिलो हुन्छ ।

-भाषाभन्दा बढी इसारा प्रभावकारी हुन्छ ।

**हरि श्रेष्ठ**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

# फेरि खुल्यो भेडेटारको सौन्दर्य



**राजु घिसिङ**

भेडेटार- माओवादीको हिंसात्मक विद्रोहसँगै सुकेको भेडेटारको सौन्दर्य जनआन्दोलन-२ को सफलतासँगै फेरि खुलेको छ। मुलुकमा लोकतन्त्र आगमनसँगै गत वैशाखदेखि भेडेटारको चहलपहल पुनः बढेको हो। हिजोआज भेडेटारमा दैनिक हजारभन्दा बढी आन्तरिक र भारतीय पर्यटकको घुइँचो लाग्ने गरेको छ। देशमा हिंसात्मक द्वन्द्व चर्कँदै गएकाले चौपट भएको व्यापार-व्यवसाय फस्टाउन थालेको छ। भेडेटारमा नयाँ बिहानीको प्रारम्भ भएको छ। माओवादीको हिंसात्मक राजनीति तथा सुरक्षाकर्मीको ज्यादतीले वि.सं.२०५६ देखि भेडेटारमा पर्यटकको आगमन घट्न थालेको थियो।

भेडेटारबाट धनकुटातर्फ आधा घन्टाको बस यात्रामा पर्ने फलामेटारमा २०५९ सालमा माओवादी-प्रहरीबीच दोहोरो भिडन्त हुँदा एक दर्जन सुरक्षाकर्मीको ज्यान गएको थियो। उक्त घटनापछि स्थानीयवासीले भेडेटारको रंग नै उडेको अनुभव गरेका थिए। 'त्यसपछि पर्यटक आउन बन्दै भयो, व्यवसाय पूरै चौपट'- तमोर भ्याली रेस्टुराँका म्यानेजर विलियम प्रधान बताउँछन्। उनले दुई वर्षसम्म रेस्टुराँ बन्द गरें। प्रधान भन्छन्- 'पुनः २०६१ सालमा खोलें तर दिनमा एक ग्लास चिया पनि बिक्दैनथ्यो। ग्राहक/पर्यटकको संख्या शून्य नै थियो।' आठ महिनाअघिसम्म व्यापार नभएकाले प्रधान परिवारसँग घाम ताप्दै दिन बिताउँथे। उनले रेस्टुराँका चार जना मजदुरलाई तलब दिन नसकेर अवकाश दिएका थिए।

युद्धविराम र स्थायी शान्तिको सुरुवातसँगै भेडेटारमा गएको भदौदेखि पर्यटकीय सिजन सुरु भएको छ। व्यवसायमा आमूल परिवर्तन देखा पर्न थालेको छ। पर्यटक बढेकाले तमोर भ्यालीमा मात्रै मासिक एक लाख रुपैयाँभन्दा बढीको कारोबार भैरहेको बताइन्छ। प्रधान परिवारलाई भ्याई-नभ्याई भएकाले उनीहरूले ६ जना कामदार पनि राखेका छन्। प्रधान भन्छन्- 'हिजोआज मध्यरातसम्म रेस्टुराँ सञ्चालन गर्दा पनि हुन्छ। पहिले सुरक्षाकर्मीले अपरान्ह ३ बजे नै बन्द गर्न आदेश दिन्थे।' सूर्यास्तसँगै भेडेटारमा कर्फ्यू लाग्थ्यो। राती बत्ती बाल्न पाइँदैनथ्यो। नौलो मानिस देख्नेबित्तिकै सुरक्षाकर्मीले सोधखोज गर्थे। 'भेडेटार प्रस्थान गर्दा धरानको जिरो प्वाइन्टमै सुरक्षाकर्मीले कडा खानतलासी गर्थ्यो'- धराने युवक विकास भन्छन्।

तमोर भ्यालीसँगै बन्द भएको होटल ऐंसेलु पनि लोकतन्त्रको आगमनसँगै खुलेको छ। भेडेटारमा ठूला प्रकृतिका दुई होटल तथा पाँचवटा रेस्टुराँ छन्। ५० वटाभन्दा बढी साना होटल छन्। समुद्री सतहबाट १ हजार ४ सय २० मिटरको उचाइमा अवस्थित भेडेटार दृष्यावलोकनका निम्ति प्रख्यात छ। सिरिरि वहने यहाँको चिसो हावा र छिन-छिनमै हुस्सुले ढाक्ने सौन्दर्य हेर्नकै निम्ति पर्यटकहरू ओइरिने गरेका छन्। भेडेटारमै ३० मिटरको उचाइमा रहेको चार्ल्स प्वाइन्टमा चार वर्षअघि बनाइएको 'भ्यू टावर' भेडेटारको अर्को आकर्षण हो। भ्यू टावरको ठेक्का पाएका थानेश्वर लिम्बू भन्छन्- 'शान्तिको सुरुवातमै एकै दिनमा १ हजार ६ सयसम्मले भ्यू टावर चढेका छन्।' भेडेटार आउने सबै भने भ्यू टावर चढ्दैनन्।

सप्तकोसीको किनारदेखि तराईका फाँट, नागबेली सडक, हरियाली पहाड र सेताम्मे हिमाली दृष्यको आनन्द यहाँबाट एकै नजरमा लिन सकिन्छ। भेडेटारबाट कञ्चनजंघा, सगरमाथा र कुम्भकर्ण हिमश्रृंखला नांगो आँखाले नै हेर्न सकिन्छ। चैत-वैशाखमा फुलेका लालीगुराँसले भेडेटारलाई राताम्मे बनाउँछ। भेडेटार क्षेत्रकै ध्वजेडाँडाबाट पूर्वी नेपालका १६ जिल्ला एकैपल्ट हेर्न सकिन्छ।

धरान, इटहरी, इनरुवा, दमक, बिर्तामोड, भद्रपुर, काकडभित्ता, विराटनगरदेखि जनकपुर, लाहान, बुटवल, वीरगन्ज, पोखरा, काठमाडौंसम्मका आन्तरिक पर्यटक परिवारसँगै भेडेटार आउँछन्। भारतको पूर्णिया, सिलीगुढी, कोलकाता, कटिहार, जोगबनी, पटना, फारवेसगन्जका मानिसहरू प्रायः सोमबार भेडेटार आउँछन्।

## कसरी पुग्ने भेडेटार ?



भेडेटारमा पुग्न त्यति गाह्रो छैन। धरानको भानुचौकबाट भेडेटारका लागि ट्याक्सी पाइन्छ। त्यस बाहेक धनकुटा जाने गाडी चढेर भेडेटारमा ओर्लन सकिन्छ। भेडेटार पुगेर केही दिन बस्नेहरू पनि प्रशस्तै छ, त्यसरी केही दिन त्यतै बसेर आनन्दमा रमाउन चाहनेका लागि पनि होटल, लजहरूको राम्रै व्यवस्था छ। यहाँका कतिपय होटलको विशेषता के छ भने यहाँ गुन्द्रुक, सिन्कीजस्ता गाउँले परिकारहरू त पाउन सकिन्छ तर आधुनिक परिकार भने त्यति पाइँदैन।

## रौनक पिकनिकको भीड युवायुवतीको



**गोपाल दाहाल**

भेडेटार– जताततै मानिस नै मानिस। गीत-संगीतको आवाज उस्तै बाक्लो र छरपस्ट छ। कोही न्यापमा, कोही रिमिक्समा अनि कोही लोकगीतमा मस्त नाचिरहेका छन्। भेडेटारको मौसम, त्यसै पनि सधैं चिसो, अझ मंसिरको बेला। मंसिर सुरु भएलगत्तै यहाँ टाढा-टाढाका युवायुवतीको ओइरो लाग्न थालेको छ। भेडेटारमा ब्वाइफ्रेन्ड, गर्लफ्रेन्डसँग डेटिङ जानेहरू पनि धेरै आउँछन्।

'धेरै जना मिलेर आयो, घुम्न पनि रमाइलो हुने, नाच्न-गाउन पनि पाइने,' इलामदेखि पिकनिकका लागि साथीहरूसँग भेडेटार आएकी मीरा लिम्बू भन्छिन्- 'टाढादेखि आउँदा अलि ढिलो भयो, झन्डै ठाउँ नपाएको।' शनिबारको दिन पिकनिकका लागि भेडेटार आउनेहरूको अझ बढी भीड हुन्छ। 'नाचगान गर्ने र खानेकुरा पकाउने ठाउँ पाइँदैन भनेर बिहान चार बजे हिँडेकाले मात्र ठाउँ छानेर नाच्न पायौं,' नौलो सांस्कृतिक क्लब धरानबाट साथीहरूसँग भेडेटार आएका ईश्वर लिम्बु भन्छन्– 'जता गयो भीड छ।' पिकनिकका लागि भेडेटार पुगेकी धरानको पर्वत बोर्डिङ स्कुलकी नृत्य प्रशिक्षिका नन्दा राई निकै मज्जाले रिमिक्स गीतमा नाच्दै थिइन्। नाच्दा-नाच्दै उनले भनिन्– 'अघि त साह्रै जाडो भएको थियो, नाच्न थालेपछि जाडो त कता हरायो कता □'

इलाम, उदयपुर, मोरङ, सुनसरी, सप्तरी अनि सिराहादेखि मात्र होइन पोखरा, बुटवल, काठमाडौं र दार्जीलिङदेखिका मानिस यहाँ पिकनिकका लागि आउने गरेको स्थानीय व्यापारीहरू बताउँछन्। विभिन्न जातीय संस्था पनि भेटघाट गर्ने, रमाइलो गर्ने अवसरका रूपमा भेडेटार पिकनिक जान्छन्। किराँत याख्खा छुम्मा, सुनसरीबाट पिकनिकका लागि भेडेटार पुगेका शुक्र याख्खा भन्छन्– 'धेरै भीड रहेछ, भीडको पनि छुट्टै रमाइलो भयो।' पिकनिकको भीड व्यवस्थापन एवं सरसफाइका लागि स्थानीय पाथीभरा क्लबले पिकनिकका लागि भेडेटार आउने गाडी तथा मोटर साइकलसँग प्रवेश शुल्क लिने गरेको छ। 'मोटर गाडीहरू पार्किङ गर्ने ठाउँ पाउन मुस्किल पर्छ,' उर्लाबारीदेखि पिकनिक टोली लिएर आएका गाडीधनी जीवन श्रेष्ठले भने। चतराबाट भेडेटार पिकनिक आएका अजित राईको विचारमा यो ठाउँ सबैको मन लोभ्याउने खालको छ।

भेडेटार पिकनिकका लागि पनि उपयुक्त स्थल हो। विशेषतः गर्मी मौसममा शीतलताको आनन्द लिनका लागि टाढादेखिका पर्यटकहरू भेडेटार आउँछन् भने जाडोमा पिकनिक आउनेहरूको भीड देखिन्छ। गुराँस फुल्ने मौसममा प्रत्यक्ष गुराँस नदेखेका तराईका पर्यटकहरू पनि निकै आउने गरेका छन्।

इजरायल!
के तपाईं इजरायल जाँदै हुनुहुन्छ ? यदी जाँदै हुनुहुन्छ भने हिब्रु (Hebrew) भाषा तथा तालीम लिई दक्ष भई जानुहोस्।
हाम्रा सेवाहरू:
१) हिब्रु (Hebrew) तथा अंग्रेजी (English) भाषा।
२) केयर गिभर, Housekeeping तथा Orientation तालिम।
३) Hebrew पुस्तक शलोम उपलब्ध छ।
४) डकुमेन्ट समेत Forward गरीन्छ।
पाइथागोरस एकेडेमी, 4260632

डिल्लीबजार कन्या बहुमुखी क्याम्पसको M.A. (English) प्रथम वर्षको भर्ना सम्बन्धी सूचना
विगत २७ वर्षदेखि सञ्चालित त्रि.वि. बाट सम्बन्धन प्राप्त उत्कृष्ट नतिजा ल्याउन सफल, अनुभवी प्राध्यापकहरूबाट पठन-पाठन गराउँदै आएको बिहानीको समयमा सञ्चालित डिल्लीबजार कन्या बहुमुखी क्याम्पस, डिल्लीबजारमा M.A. (English) प्रथम वर्षको भर्ना खुल्यो। अन्य विस्तृत जानकारीको लागि क्याम्पसमा सम्पर्क राख्नुहोस्।
क्याम्पस प्रमुख
डिल्लीबजार कन्या बहुमुखी क्याम्पस, डिल्लीबजार
फोन नं.: ४४१८११८

होटल तालिम
Cook :- 3,999/-
Waiter :- 1,499/-
रूमब्वाई, हाउसकिपिङ्ग, डोमेष्टिक हेल्पर, बेलब्वाई साथै होटल सम्बन्धि सम्पुर्ण ट्रेनिङ्गहरु साथै अंग्रेजी भाषा निशुल्क. ट्रेनिङ्ग पछि 90% रोजगारको ग्यारेन्टी तु-सम्पर्क गर्नुहोला।
त्रिवेणी ट्रेनिङ्ग सेन्टर, मैतिदेवी
फोन: ४४१६५१९, ९८४१३८७८१५

निःशुल्क ब्युटिसियन ट्रेनिङ्ग



नेपाल सरकारबाट स्वीकृति लिइ NGO का सहयोगमा दक्ष र दशकौं अनुभवी ब्यूटिसियनहरुद्वारा अत्याधुनिक उपकरण र कम्प्युटर प्रविधिका साथ बेसिक, एड्भान्स, डिप्लोमा र स्पेशल कोर्षहरु। ब्युटीपार्लर खोल्न चाहने एवं अन्य महिलालाई सुवर्ण मौका। उत्कृष्टलाई रोजगारी। तु सम्पर्क गर्नुहोला।
Innovative Training Centre (ITC)
फोन: २०४२५६६ (नयाँ बानेश्वर चोक) २०४३४८८ (बल्खु चोक)

केश झर्न तुरुन्तै रोकी उमार्ने तेल
Retail Price: 750/-
मोटोपना घटाउने 2450/-
स्तन टाइट/घटाउने 2400/-
स्तन बढाउने क्रिम 1650/-
सुन्दर र गोरो मुहारको लागि-
रूपअमृत (डण्डीफोर, कालोपोतो) 1600/-
पहेँलो दाँत चम्काउने दन्तपरी 1600/-
उचाई बढाउने 1250/-
चाउरीपना हटाउने क्रिम 1200/-
कपाल सिधा बनाउने 1050/-
Natural Treatment 100 % Guaranteed
आस्था हेल्थ केयर
Tel.: 2110057, Mob.: 9841-330114
9803298159, 056-520412 (Chitwan)

तु - आवश्यकता
नेपाल सरकारबाट मान्यताप्राप्त संस्थालाई फुलटाईम तथा पार्ट टाईम जब (काम) गर्न चाहने थप कर्मचारीहरुको आवश्यकता।
आवश्यक संख्या
१. पुरुष - १२ जना
२. महिला - १७ जना
३. विद्यार्थी - २३ जना
४. आम्दानी - ९०००/-
सम्पर्क :
फोन : ०१ २००४४२८
मोवाईल : ९८०३२३९६०३
मीनभवन, काठमाडौं



# सीएप्रति विद्यार्थीको आकर्षण

**पढाउने संस्था**

चार्टर्ड एकेडेमी इन्टरनेसनल (पुतलीसडक)
प्राइम (नयाँबानेश्वर, पुतली सडक)
सीमा (पुतली सडक)
सीसीएमए (पुतली सडक)
सीआईपीएल (पुतली सडक)

**सुरेश निरौला**

एसएलसीमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी होस् वा तोते बोल्ने नानी। भविष्यमा के भन्न सोध्यो भने उसले पक्कै डाक्टर वा इन्जिनियर बन्नेछु भन्छ। साना नानीको मात्रै के कुरा ? गर्भमा रहँदैदेखि आमाबुवाले छोराछोरीलाई सकेसम्म डाक्टर/ इन्जिनियर नै बनाउँछु भन्ने चाहना राख्छन्। पहिलो प्राथमिकता विज्ञान नै पढ्ने भए पनि कतिपय अवस्थामा विद्यार्थीले प्लस टु गरिसकेपछि आफ्नै चाहनाअनुरूपको विषय पढ्ने गर्छन् वा विज्ञानमा सफलता हासिल गर्न नसकेपछि अरू विषयतिर सोचन थाल्छन्। कतिपय समयको मागअनुसार कुन विषय पढ्ने भन्ने कुरा भविष्यलाई नै छाडिदिन्छन्।

'एसएलसी नगरुन्जेल मैले पनि के पढ्ने भन्ने सोचाइ बनाइसकेकी थिइन्' तीन वर्षअघि विराटनगरको अरनिको स्कुलबाट एसएलसी उत्तीर्ण गरेकी मन्दीपा दाहालले भनिन्- 'व्यवस्थापन लिएर प्लस टु गरिसकेपछि मात्रै चार्टर्ड एकान्टेन्ट (सीए) अध्ययन गर्ने सोचाइ बन्यो।'

एसएलसीपछि शिक्षक र अभिभावकलाई पनि छक्क पार्दै व्यवस्थापन पढ्ने निर्णय गरेकी मन्दीपा यतिखेर सीएको फाउन्डेसन कोर्स गरेर इन्टरमिडियटमा भर्ना भएकी छिन्। 'पास गर्न निक्कै गाह्रो छ भन्ने सुनेकी थिएँ,' उनले ती दिन सम्झदै भनिन्- 'तर मलाई यो विषयको चुनौती र त्यसपछिको अवसरले आकर्षित गर्‍यो।' मामाले भारतबाट सीए गरेर आएपछि आफूलाई यो विषयले आकर्षित गरेको उनले बताइन्।

मन्दीपा मात्र होइन, काठमाडौं कोटेश्वरकी प्राञ्जली दवाडीले पनि सीए पढ्ने सोचाइ बीबीए पछिमात्रै बनाएकी हुन्। उनकै शब्दमा भन्ने हो भने पढाइ उनका लागि 'प्रयोग' मात्र भैरहेको छ। प्लस टुमा साइन्स पढेकी प्राञ्जलीले पछि व्यवस्थापनमा दक्षता हासिल गर्ने लक्ष्य लिएकी थिइन्। 'आफ्नो लक्ष्यअनुरूप क्यारियर बनाउन खोज्दाखोज्दै सीएतिर होमिन पुगें,' उनको भनाइ छ- 'यसमा पास भए ठीकै छ, नभए फेरि अर्कै सोच्नुपर्ला।'

विराटनगरकै प्रज्ञान निरौलाले पनि मन्दीपा र प्राञ्जलीजस्तै पछि मात्रै सीए पढ्ने लक्ष्य बनाएका हुन्। किन आफ्नो लक्ष्य परिवर्तन गरेको ? 'यो पनि प्राविधिक क्षेत्र र अवसरका सम्भावना प्रशस्त भएकाले' निरौला भन्छन्। केही समयअघिसम्म सीएको पढाइ आफ्नो पहुँचभन्दा बाहिरको सम्झने र 'पास गर्न निकै गाह्रो' भन्ने हल्ला छिचोल्दै यतिखेर किशोर-किशोरीहरू सीएलाई आफ्नो क्यारियर बनाउन लागिपरेका छन्। अझ नेपालमै सीए अध्यापन हुन थालेपछि यसको 'क्रेज' बढ्दो छ।

अन्य विषयको तुलनामा पढाइ खर्च अत्यन्त कम र पर्याप्त अवसरको सम्भावनाले सीएप्रतिको आकर्षण बढ्दै गएको हो। एक दशकअघिसम्म नेपालमा सीए पढ्ने-पढाउने संस्था थिएनन्। नेपाली विद्यार्थीले भारतबाट सीए गरेर आउनुपर्थ्यो। छ वर्षअघि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) ले सीएसम्बन्धी अध्ययन गर्न थालेपछि नेपाली विद्यार्थीमा यसको आकर्षण बढेको हो।

'पहिले अधिकांश अभिभावक आफ्ना छोराछोरीलाई कि डाक्टर कि इन्जियिनयर वा पाइलट बनाउँछु भन्थे,' इन्टिचयुट अफ चार्टर्ड एकाउन्टेन्सी अफ नेपाल (आइक्यान)का अध्यक्ष विनोद राजभण्डारी भन्छन्- 'अहिले सीए पनि उनीहरूको लक्ष्यमा पर्न थालेको छ। कति विद्यार्थी आफै पनि सीए पढ्छु भनेर आउन थालेका छन्।'

आइक्यानले पढाउन थाल्नु चार वर्षअघि पुतलीसडकमा खुलेको चार्टर्ड एकेडेमिक इन्टरनेसनल (सीएआई) ले सीएको कोचिङ कक्षा थालिसकेको थियो। उक्त संस्थामा फाउन्डेस, इन्टर र फाइनल पढाइए पनि विद्यार्थीहरूले भारतीय बोर्डमा परीक्षा दिनुपर्थ्यो। धेरै विद्यार्थी फाउन्डेस कोर्स सकेर भारत जान्थे। यो संस्थाले सीए अध्ययन क्षेत्रमा क्रान्ति त ल्यायो तर पनि पढ्न भारत जानुपर्छ र धेरै खर्च लाग्छ भन्ने मानसिकता कायमै थियो।

'आइक्यान खुलेपछि भारत जानुपर्छ भन्ने सोचाइमा परिवर्तन आएको छ,' राजभण्डारीको दाबी छ- 'एक त नेपालमै पनि पढाइ हुन थाल्यो, त्यसमाथि पढ्न एक पैसा पनि खर्च गर्नुपर्दैन, उल्टै आम्दानी हुन्छ।' सीए पढ्न विद्यार्थीले एक पैसा पनि खर्च गर्नुपर्दैन। उल्टै ५० हजार आम्दानी हुन्छ। सीएको फाइनलमा तीन वर्ष काम गरेर पढ्नुपर्ने हुदाँ विद्यार्थीले राम्रै पारिश्रमिक पाउँछन्। काम लगाउने फर्मले सीए फाइनलका विद्यार्थीलाई पहिलो वर्ष मासिक २ हजार, दोस्रो वर्ष २ हजार ५ सय र तेस्रो वर्ष ३ हजार दिनुपर्ने नियम छ। यसले फाइनलका विद्यार्थीले तीन वर्षमा ९० हजार आम्दानी गर्छन्।

पढाइ शुल्क भने फाउन्डेसनमा साढे ७ हजार, इन्टर र फाइनलमा १५/१५ हजार गरी जम्मा साढे ३७ हजार रुपैयाँमात्र लाग्छ। विद्यार्थीले बाहिरका इन्स्टिच्युटमा कोचिङ कक्षा लिएनन् भने तीन वर्षमा पढाइ खर्च कटाएर ५० हजारभन्दा बढी आम्दानी हुन सक्छ। पढाइका लागि कोचिङ लिँदा फाउन्डेसन र इन्टरमा २०/२० हजार लाग्छ तर कोचिङ कक्षा लिनैपर्ने बाध्यता छैन।

सीएको अध्ययन कुनै विश्वविद्यालयमार्फत हुने होइन। विश्वका हरेक देशको सरकारले चार्टर्ड एकाउन्टेन्ट्सका लागि छुट्टै नियम-कानुन बनाएर एउटा बोर्ड गठन गरेका हुन्छन्। त्यही बोर्डले विद्यार्थी भर्ना गर्ने, परीक्षा लिने तथा नजिता निकाल्ने काम गर्छ। नेपालमा पनि संसद्ले ०५३ सालमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन ल्याएर ०५७ सालदेखि व्यावसायिक अध्यापन प्रारम्भ गरेको हो। त्यसयता नेपालबाट सीए गर्नेहरूको संख्या १४ पुगेको छ।

**कस्तो छ अवसर ?**

सीएहरूकै भनाइमा नेपालमा रोजगारीको अवसर प्रशस्त छ। अहिलेको माग पूरा गर्न पनि कम्तीमा ५ हजार सीए चाहिएको छ। हाल नेपालमा करिब ३ सय सीए छन्। 'साँच्चै भन्ने हो भने सीएलाई आफ्नो परिवार भन्ने फुर्सद पनि हुँदैन,' वरिष्ठ सीए हरिकुमार सिलवाल भन्छन्- 'कामको ओभरलोड छ।' आम्दानीको कुरा गर्ने हो भने पनि साधारण व्यक्तिले अपेक्षा गर्नेभन्दा धेरै उच्च छ। भर्खरै सीए गरेर आएकाहरूले पनि ४०/५० हजार कमाइरहेका छन्। यहाँ स्थापितको त कुरै छाडौं। 'वर्षमा करोडौं कमाउने धेरै छन्,' सिलवाल भन्छन्। सीएवृत्तमा एउटा चलन छ, 'हरेक सीएले आफ्नो आम्दानीको लेखा राख्न अर्को सीए राखेका हुन्छन्।'

सीए गरेकाहरूको सरकारी कार्यालय वा संस्थानमा आठौं तह बराबरको योग्यता हुन्छ। नेपालमा सीएको अभावमा स्नातक, स्नातकोत्तर गरेका लेखापालहरूले राम्रै काम पाइरहेका छन्। अर्कातर्फ ७ हजारभन्दा बढी रजिस्टर्ड अडिटरले पनि सीएको अभाव पूर्ति गरिरहेका छन्। विदेशमा लेखासम्बन्धी सम्पूर्ण काम सीएले गर्ने वा उसको सुपरिवेक्षणमा लेखापालले गर्ने चलन छ। 'विदेशमा जस्तै नियम यहाँ पनि लागू गर्ने हो भने दसौं हजार सीए भए पनि पुग्दैन,' राजभण्डारीको दावी छ।

**कहाँ पढ्ने सीए ?**

बबरमहलस्थित आइक्यानले सीए विद्यार्थीको भर्ना लिन्छ र पाठ्यक्रम उपलब्ध गराइदिन्छ, परीक्षा लिन्छ र नतिजा प्रकाशित गर्छ। विद्यार्थीलाई अप्ठ्यारो लागेका केही विषयमा एक/डेढ महिना कोचिङ कक्षा दिन्छ। अन्तर्राष्ट्रिय ट्रेन्ड पनि यस्तै छ। यसले कुनै पनि इन्स्टिच्युटलाई सम्बन्धन दिँदैन। राजधानीमा ५ वटा सीए इन्स्टिच्युट छन्। राजधानीबाहिर यस्ता इन्स्टिच्युट छैनन्।

यी इन्स्टिच्युटले नेपालको होस् वा भारतीय बोर्ड दुवैतिरका विद्यार्थीलाई कोचिङ कक्षा उपलब्ध गराउँछन् र परीक्षाका लागि तयार बनाइदिन्छन्। विद्यार्थीले आइक्यानमा आएर आफै रजिस्ट्रेसन गर्नुपर्छ अथवा कोचिङ सेन्टर आफैले पनि रजिस्ट्रेसन गरिदिने व्यवस्था गरेका छन्। भारत र बेलायतमा पनि यस्तै नियम छ। बोर्डमा रजिस्ट्रेसन गरे पुग्छ। त्यसपछि उक्त संस्थाले ६/६ महिनामा लिने परीक्षामा सामेल हुनुपर्छ। भारतीय बोर्डअन्तर्गत अध्ययन गर्ने विद्यार्थीले राजधानीस्थित भारतीय राजदूतावासको केन्द्रीय विद्यालयमा परीक्षा दिनुपर्छ। 'केही वर्षयता भारतीय बोर्डभन्दा नेपाल बोर्डमा भर्ना हुनेको संख्या बढेको छ,' सीएआईका निर्देशक विजय पाठकले भन्छन- 'त्यसमा पनि किशोरीहरूको आकर्षण अझ बढ्दो छ।'

कोचिङ शुल्क भने इन्स्टिच्युटैपिच्छे फरक-फरक छ। कसैले २० हजार तोकेका छन्, कसैले २५ हजार। कमजोर र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको पनि व्यवस्था छ।

**कस्ता विद्याथी भर्ना हुनसक्छन् ?**

प्लस टु सकेका विद्यार्थीले फाउन्डेसनमा भर्ना पाउँछन्। विद्यार्थीले जति प्रतिशत अंक ल्याए पनि निर्वाध रूपमा भर्ना पाउँछन्। भर्ना हुनुअघि प्रवेश परीक्षा दिनुपर्दैन। स्नातक गरेका विद्यार्थी इन्टरमिडियटमा भर्ना हुन सक्छन्, तर उनीहरूले व्यवस्थापनमा स्नातक गरेको भए कम्तीमा ५० प्रतिशत अंक ल्याएको हुनुपर्छ। व्यवस्थापनबाहेक अन्य विषयमा विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भएको हुनुपर्छ।

फाउन्डेसन र इन्टरमिडियट एक/एक वर्षे कोर्स हुन्। यसमा विद्यार्थीले आइक्यानले सिफारिस गरेको पुस्तक पढेर परीक्षा दिनुपर्छ। यो फाइनल तीन वर्षे कोर्स हो। यस अवधिमा विद्यार्थीले सीए फर्ममा काम गर्नुपर्ने हुन्छ। तीन वर्षको अवधिमा विद्यार्थीले १ सय ४० दिन अध्ययन बिदा पाउँछन्। अध्ययनका लागि विद्यार्थीलाई बढी बिदा चाहिए फर्मलाई जानकारी गराएर बेतलवी बस्न सक्छन्।

**पढ्न कत्तिको गाह्रो छ ?**

अन्य विश्वविद्यालयका पढाइभन्दा सीएको अध्ययन-अध्यापन शैली अलग छ। पढाउने, परीक्षा लिने र नतिजा लिने सबै विधि विश्वविद्यालयसँग मेल खाँदैन। 'हामी सैद्धान्तिकभन्दा बढी प्राक्टिकललाई जोड दिन्छौं,' राजभण्डारी भन्छन्- 'उत्तीर्ण हुने सीमा पनि त्यसअनुसार नै निर्धारण गरेका छौं।'

आइक्यानले हरेक तहको कोर्सलाई दुई भागमा विभाजन गरेको छ। समूह ए र समूह बी। हरेक समूहमा ३/३ विषय छन्। विद्यार्थीले उत्तीर्ण हुन जुनसुकै विषयमा ४० अंक ल्याएकै हुनुपर्छ। एक समूहमा १ सय ५० नाघेकै हुनुपर्छ। सबैमा ४० भन्दामाथि अंक आएको छ तर कुल १ सय ५० पुगेन भने विद्यार्थी अनुत्तीर्ण हुन्छन्। अर्कोपल्ट सबै विषयको परीक्षा दिनुपर्छ। कुनै विषयमा ६० नाघेको छ र अर्कोमा ३० नाघेको छ तर ४० पुगेको छैन भने ६० नाघेको विषय अर्कोपटक दिनुपर्दैन, ३० नाघेको विषयको मात्र परीक्षा दिए हुन्छ।

आइक्यानको यस्तै शैलीले धेरै विद्यार्थी अनुत्तीर्ण हुने गरेका छन्। धेरैले यसलाई गाह्रो पढाइ भनेर परिभाषित गरेका छन्। 'एक-दुई महिना पढेर पास गर्छु भन्ने हो भने गाह्रो छ,' इन्टरको परीक्षा दिने तयारीमा रहेकी सिर्जना उप्रेती भन्छिन्- 'नियमित रूपमा पढे गाह्रो छैन।'

सीएमा अन्तर्राष्ट्रिय 'ट्रेन्ड' नै यस्तै छ। 'सीए पढ्न त्यति गाह्रो छैन, विदेशतिर यसलाई अलिकति पनि गाह्रो मानिँदैन,' राजभण्डारी भन्छन्-'तर हामीकहाँ विश्वविद्यालयको पढाइ र व्यावसायिक पढाइमा धेरै ठूलो अन्तर भएकाले गाह्रो लागेको मात्र हो।'

राजभण्डारीका अनुसार नेपालमा विश्वविद्यालय स्तरको पढाइ केवल सैद्धान्तिक मात्र छ। सैद्धान्तिक रूपमा पढेका कुरा व्यवहारमा उतार्न धेरै गाह्रो हुन्छ। 'व्यवस्थापनमा एमबीए गरिसकेका विद्यार्थीलाई जर्नल इन्ट्री नआएका उदाहरण धेरै छन्,' राजभण्डारी भन्छन्-'पार्टनर्ससीपको हिसाब गर्न दियो भने जेनतेन मिलाउलान् तर उनीहरू फिल्डमा काम गर्न भने सक्दैनन्। तर सीएका विद्यार्थीहरू आयकर कानुनदेखि व्यावसायिक कानुनसम्म उत्तिकै जानकार हुन्छन्, फिल्डमा उनीहरूले जानेको कुरा कार्यान्वयन गर्नुपर्ने हुन्छ।' 'विश्वविद्यालय स्तरमा पनि 'प्राक्टिकल' लाई बढी जोड दिने हो भने सीए पढ्न कुनै गाह्रो छैन,' राजभण्डारीले बताए।

**आइक्यानमा भर्ना विद्यार्थी र उत्तीर्ण संख्या**

| वर्ष | फाउन्डेसन | | इन्टरमिडियट | | फाइनल | |
|---|---|---|---|---|---|---|
| ०५७ | २१ | ५ | - | - | - | - |
| ०५८ | ७३ | ६ | ६ | - | - | - |
| ०५९ | ७६ | २२ | ४८ | ७ | - | - |
| ०६० | १५४ | ४५ | २२१ | २० | ८ | १ |
| ०६१ | २९३ | ३७ | २३६ | २१ | ४१ | ३ |
| ०६२ | ३३० | ७७ | ३१९ | २१ | ७० | ५ |
| ०६३ | १०० | २६ | १८९ | २७ | ४७ | ५ |

*स्रोत : आइक्यान*

नोट : यत्तिकै संख्यामा भारतीय बोर्डमा पनि सीए पढ्ने नेपाली विद्यार्थी छन्।

• कठमाडौंस्थित एक संस्थाका लागि अंग्रेजी भाषामा पोख्त एक जना सेक्रेटरी तथा रिसेप्सनिस्टको आवश्यकता छ। सेक्रेटरी कोर्स गरेको तथा कम्प्युटरसम्बन्धी ज्ञान हुनेले फोन नम्बर ४४७०९७९ मा सम्पर्क राख्नुहोला।

• भक्तपुरस्थित एक माध्यमिक विद्यालयको माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गणित, नेपाली र अंग्रेजी शिक्षक तथा प्राथमिक तहका लागि प्रविणता प्रमाणपत्र तह उत्तीर्ण अंग्रेजी शिक्षकको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित जीपीओ बक्स नम्बर २५१७४ काठमाडौंमा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक प्रा.लि.का लागि अंग्रेजी भाषा राम्ररी बोल्न, लेख्न र टाइप गर्न सक्ने एक-एक जना रिसेप्सनिस्ट तथा एकाउन्टेन्टको आवश्यकता छ। प्रवीणता प्रमाणपत्र तह वा प्लस टु उत्तीर्ण व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित पोस्ट बक्स नम्बर १२१३८ मा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक केनल क्लबलाई मार्केटिङसम्बन्धी कार्य गर्ने १० जना कर्मचारीको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त व्यक्तिले क्लबको फोन नम्बर ४४६५७१९ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक व्यापारिक कम्पनीका लागि काठमाडौं, नारायणगढ, पोखरा, धरान शाखाअन्तर्गत रहेर काम गर्ने ५ जना रिसेप्सनिस्ट एवं १० जना सेल्स गर्लको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन नम्बर ४२४२०६१ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक औषधीसम्बन्धी संस्थालाई सीएमए अध्ययन गरेको एक कर्मचारीको आवश्यकता छ। इच्छुक व्यक्तिले फोन नम्बर २०७३८९९ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक कम्पनीका लागि २२ जना महिला-पुरुष कर्मचारीको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको फोन नम्बर ४४७०६७६ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक ट्राभल्स एन्ड टुर कम्पनीका लागि एक जना टिकेटिङ अफिसर तथा एक जना महिला रिसेप्सनिस्टको आवश्यकता छ। सम्बन्धित कार्यमा अनुभव प्राप्त व्यक्तिले फोन नम्बर ४२१५९६५ मा सम्पर्क राख्नुहोला।

• कतारको दोहास्थित एक वैदेशिक रोजगारदाता कम्पनीका लागि ४४ जना हेभी ड्राइभर, ५ जना हेभी इक्वेपमेन्ट अपरेटर, ५ जना स्टोरकिपर, ५ जना सिनियर सिभिल इन्जिनियर, ५ जना मेकानिकल इन्जिनियर, ५ जना एकाउन्टेन्ट, १ जना स्कील्ड लेबर, २ जना ग्रिजर र २० जना ग्रेडर अपरेटरको आवश्यकता छ। इच्छुक व्यक्तिले कम्पनीको नेपालस्थित प्रतिनिधिलाई फोन ४३८२२२२ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक अंग्रेजी मिडियमको माध्यमिक विद्यालयका लागि स्नातकोत्तर तह उत्तीर्ण गरेर अनुभव हासिल गरेको एक जना प्रिन्सिपल, स्नातक तह उत्तीर्ण गरेर अनुभव प्राप्त प्रि-प्राइमरी इन्चार्ज, सबै विषयका शिक्षकहरू तथा एक जना अनुभवी एकाउन्टेन्ट आवश्यकता छ। योग्य व्यक्तिले आफ्नो सम्पूर्ण व्यक्तिगत विवरणसहित जीपीओ ११६६५ मा आवेदन दिनुहोला।

• काठमाडौंस्थित एक शैक्षिक संस्थाका लागि चार जना स्टडी अब्रोड काउन्सिलर, दुई जना रिसर्च पर्सन, चार जना रिसेप्सनिस्ट, दुई जना ल्याब असिस्टेन्ट्स तथा दुई जना अफिस ब्वाइको आवश्यकता छ। योग्य व्यक्तिले संस्थाको फोन नम्बर २००२१५९ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक फर्मासिट्युकल्स कम्पनीका लागि बी फार्म उत्तीर्ण एक जना फर्मासिस्ट र बीएस्सी उत्तीर्ण एक जना मेडिकल सेल्स अफिसरको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त व्यक्तिले फोन नम्बर ५५३९८१६ मा सम्पर्क राख्नुहोला।

विज्ञान समाचार

## अक्ष परिवर्तन स्तनधारीको काल

पृथ्वीको अक्ष परिवर्तन सँगसँगै मौसममा हुने परिवर्तनले स्तनधारी जीवजन्तुहरू नासिने गरेको तथ्य एउटा अध्ययन-प्रतिवेदनमा जनाइएको छ । ५ लाखदेखि २० लाख वर्ष पहिले अस्तित्वमा रहेको र पछि नासिएर अवशेष बन्न पुगेका स्तनधारी प्राणीहरूका बारेमा नेदरल्यान्डको एक विश्वविद्यालयका जीवनविज्ञानविद्, वातावरणविद्हरूको समूहले गरेको अध्ययनबाट सो कुरा पत्ता लागेको हो । पृथ्वीले १ लाखदेखि ४ लाख वर्षमा आफ्नो अक्ष परिवर्तन गर्दा मौसममै उतारचढाव आउने र त्यस क्रममा विकिरणहरू उत्पन्न हुने तथा त्यसको प्रतिकूल प्रभाव स्तनधारी जीवजन्तुमा पर्ने भएकाले उनीहरू नासिन पुगेको निष्कर्ष उक्त अध्ययनको छ ।

## समलिंगीलाई एड्सले गाँज्यो

अस्ट्रेलियाका समलिंगी पुरुषहरूमा एड्स रोग अत्यधिक रूपमा वृद्धि भएको त्यहाँको केन्द्रीय सरुवा रोग अनुसन्धान केन्द्रले जनाएको छ । सन् २००० यता ४१ प्रतिशत एड्सजन्य रोग वृद्धि भएको कुरा पनि उक्त अनुसन्धानमा उल्लेख छ । मानिसहरूलाई रोकथामका लागी उचित रूपमा ध्यानाकर्षण गराउन नसक्नु तथा यौनसम्पर्कका बारेमा जानकारी गराउन नसक्नाले त्यसरी रोग फैलिएको बताइएको छ ।

# पुस २५ गतेदेखि क्यान इन्फोटेक

काठमाडौं- सूचना तथा सञ्चार प्रविधि (आईसिटी) क्षेत्रसँग सम्बन्धित वर्षकै सबैभन्दा ठूलो महोत्सव क्यान इन्फोटेक- २००७ आगामी पुस २५ देखि ३० गतेसम्म वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा आयोजना हुने भएको छ । 'नयाँ नेपाल, इ-नेपाल' नारा राखिएको यसपटकको महोत्सवमा अघिल्ला महोत्सवहरूमा जस्तै नयाँ-नयाँ प्रविधिहरू सार्वजनिक हुने आयोजक कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) ले जनाएको छ । । १२ वर्ष देखि लगातार इन्फोटेक आयोजना गर्दै आएको क्यानले १३ औं संस्करण आयोजना गर्न लागेको हो ।

महोत्सवका सम्बन्धमा जानकारी दिँदै क्यानका अध्यक्ष विप्लवमान सिंहले भने- 'यसपटकको महोत्सवलाई आइस नामाकरण गरेका छौं । आइस अर्थात् इन्फरमेसन, कम्युनिकेसन र इन्टरटेनमेन्ट' । सिंहका अनुसार सूचना तथा सञ्चार प्रविधि पेसागत रूपमा जसरी हरेक क्षेत्रका लागि आवश्यक भैसकेको छ, त्यसरी नै मनोरञ्जनका क्षेत्रमा पनि यसको विकल्प नभएकाले यसलाई आइस महोत्सव भनिनुपर्छ । भर्खरै मात्र सरकार तथा विद्रोही माओवादीबीच भएको शान्ति सम्झौतालाइ मध्यनजर गर्दै नयाँ नेपालका हरेक क्षेत्रलाई कम्प्युटर प्रविधिसँग जोडेर विकासका सम्भावना खोतल्न सकिने भएकाले नै महोत्सवको मूल नारा 'नयाँ नेपाल, इ-नेपाल' राखिएको सिंहले बताए ।

इन्फोटेकमा सूचना तथा सञ्चार प्रविधि सम्बद्ध विश्वभरका विभिन्न कम्पनीका उत्पादनहरू करिब १ सय ६२ स्टलमार्फत् प्रदर्शनमा राखिनेछन् ।



'प्रदर्शनीमार्फत् व्यापारिक कम्पनी र मेला अवलोकनकर्ताले एकै थलोमा आईसिटीका विभिन्न उत्पादनका बारेमा जानकारी दिने तथा लिने काम हुनेछ' महोत्सवका संयोजक सिएन उपाध्याय भन्छन्- ६ दिनसम्म चल्ने उक्त प्रदर्शनीमा सिसिटिभी, सस्तो मूल्यका ल्यापटप कम्प्युटर, विद्युतीय क्षेत्रका विभिन्न उपकरण तथा विभिन्न कम्पनीका नयाँ उत्पादन हुनेछन् । उत्पादक कम्पनीहरू आफ्ना उत्पादनको बजार विस्तार गर्न यसपटक पनि दुई दिनलाई बिजनेस डेका रूपमा छुट्याइएको छ ।

प्रदर्शनी आयोजना गर्नुको मुख्य उद्देश्य नेपालमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासमा सचेतना फैलाउने र नयाँ प्रविधिका बारेमा अवलोकनकर्तालाई जानकारी उपलब्ध गराउनु हो, सिंह भन्छन- यसपटक वायरलेस फर रुरल कनेक्टिभिटीको अवधारणाका सम्बन्धमा पनि छलफल हुनेछ । नेपाल सरकारको दसौं पञ्चवर्षीय योजना अन्तर्गत देशभर एक हजार पाँच सय ग्रामीण सूचना केन्द्र स्थापना गर्ने अभियान पनि इन्फोटेकबाटै सुरु हुने आशा लिइएको सिंहले बताए । गत वर्ष सूचना तथा सञ्चार प्रविधि मञ्च ( फिट नेपाल) को संयोजनमा नेपालमा भएका सूचना प्रविधि सम्बद्ध कार्यहरूको जानकारी दिन राखिएको छुट्टै प्याभिलियनको कन्सेप्ट यसपटक पनि राख्ने योजना भैरहेको सिंहले बताए । यसबाहेक १ सय डलरको ल्यापटप कम्प्युटर एवं छिमेकी भारतमा अत्यन्तै लोकप्रिय सिम्प्युटरका अपडेटेड भर्सनले आकर्षण खिच्ने सिंहले बताए ।

प्रदर्शनीमा नेपाली आईसिटी क्षेत्रमा कार्यरत गैरसरकारी संस्था तथा अध्यापन गराउने विश्वविद्यालयहरूलाई पनि स्थान उपलब्ध गराउने योजना रहेको क्यानका महासचिव राजनराज पन्तले बताए । चारवटा विश्वविद्यालयलाइ निःशुल्क स्टल उपलब्ध गराइनेछ, पन्तले भन्छन्- यसबाहेक आईसिटिको क्षेत्रमा कार्यरत प्रतिभाशाली दुई संस्था वा व्यक्तिलाई पनि उनीहरूको प्रतिभा हेरी निःशुल्क स्टल दिइनेछ ।

**अन्तर्राष्ट्रिय सम्मेलन**

इन्फोटेककै अवसरमा अन्तर्राष्ट्रिय आइसिटी सम्मेलन पुस २६ देखि २९ गतेसम्म आयोजना हुने भएको छ । 'किल्डिङ इ-नेपाल फर सोसियो-इकोनोमिक डेभलपमन्ट' नारा राखिएको उक्त सम्मेलनमा विभिन्न मुलुकबाट आएका सूचना तथा सञ्चार प्रविधि विज्ञहरूले नयाँ प्रविधिका सम्बन्धमा विभिन्न कार्यपत्र प्रस्तुत गर्नेछन् । सम्मेलनमा सिंगापुर, जापान, मलेसिया, हङकङ, भारत, नेपाल, अष्ट्रेलिया लगायतका मुलुकका प्रतिनिधिहरूलाई बोलाइनेछ । सम्मेलनमा इनफ्रास्ट्रक्चर डेभलपमेन्ट, क्यापासिटी बिल्डिङ, कनेक्टेभिटी, सेक्युरिटी, पोलिसिज, डिजिट डिभाइसेज शीर्षकमा अवधारणापत्र प्रस्तुत हुनेछन् ।

सम्मेलन संयोजक महासचिव पन्तका अनुसार सम्मेलनमा नीति-निर्माता, शिक्षाविद्, विभिन्न संघ-संस्थाका कार्यकारी प्रमुख, उद्यमी, सूचना प्रविधि सम्बद्ध प्रतिनिधिहरूको सहभागिता हुनेछ । सम्मेलनमा ई-कमर्स, ई-गर्भनेन्स, ई- मेडिसिन, इँ-सर्भिसेज, ई-लर्निङ, ई-रूपी, ई-सिटिजन विषयमा पनि छलफल हुनेछ । सम्मेलनका प्रमुख आकर्षण एसोसियोका अध्यक्ष अशाङ्क देसाइ हुनेछन् । यसपटकको इन्फोटेक अवलोकन गर्ने दर्शकको संख्या तीन लाख पुग्ने आशा लिइएको संयोजक उपाध्यायले साप्ताहिकलाई बताए ।

साप्ताहिक डट कम

## Raizz.com

रेज इन्टरटेन्मेन्ट म्यानेजमेन्ट प्रा.लि. नामक इभेन्ट म्यानेजमेन्ट कम्पनीले सञ्चालन गरेको वेबसाइटको नाम रेज डटकम हो । नेपालमा हुने पार्टी तथा इभेन्ट म्यानेजमेन्टजस्ता मनोरञ्जनात्मक कार्यहरूका बारेमा जानकारी दिने तथा त्यससँग सम्बन्धित संगीत, ग्ल्यामर र तस्विरहरूको प्रवर्द्धन गर्नु यो वेबसाइटको उद्देश्य हो । नेपालको पार्टी संस्कृतिलाई संसारका अन्य देशका पार्टी संस्कृतिप्रेमीहरूको बीचमा पुऱ्याउने र नेपालकै पार्टी संस्कृतिप्रेमीहरूलाई पनि नेपालका साथै अन्य देशका पार्टी संस्कृतिका बारेमा जानकारी प्रदान गर्नु पनि यो वेबसाइटको उद्देश्य हो । यो वेबसाइटमा नेपालमा केही समयअघिदेखि अहिलेसम्म भैरहेका सम्पूर्ण इभेन्टका बारेमा जानकारी पाउन सकिन्छ । त्यसैगरी संगीतअन्तर्गत विभिन्न गायकका गीत तथा म्युजिक भिडियोहरूसहित संगीतका बारेमा नयाँ जानकारीहरू पनि यसमा राखिएका छन् । त्यसैगरी विभिन्न मोडलका तस्बिर र जानकारी पनि यो वेबसाइटमा उपलब्ध छन् । त्यसैगरी नेपालमा रहेका विभिन्न पार्टी प्यालेसका नाम पनि यसमा उपलब्ध छन् । नेपालको पार्टी संस्कृति र त्यससँग सम्बन्धित विभिन्न पक्षलाई यो साइटमा समेटिएको छ ।

## खानेपानी शुद्ध पार्ने उपकरण

नेपालमा देखिएको शुद्ध खानेपानीको समस्यालाई लक्षित गरेर काठमाडौंस्थित हिलटेक कम्पनीले अत्याधुनिक प्रविधिका पानी प्रशोधन उपकरणहरू नेपाली बजारमा ल्याएको छ । पाँच तहमा पानीको प्रशोधन गर्ने आरओ (रिभर्स ओस्मोसिस) प्रविधिसहितको उक्त उपकरणबाट छानिएको पानी मिनरल वाटरभन्दा गुणस्तरीय हुने दाबी गरिन्छ । विभिन्न मोडल तथा आकारमा उपलब्ध उक्त उपकरणको मूल्य २४ हजारदेखि ९२ हजारसम्म छ ।

# दुर्लभ प्राणी बचाउन जैविक काँडेतार



तस्वीर : नवराज बाग्ले

जसरी मानिसको कुनै क्षेत्र वा जमिनमा अधिकार र स्वामित्व हुन्छ, त्यसैगरी जंगली जनावरहरूको पनि विशेष अधिकार क्षेत्र हुन्छ । उनीहरूले आफ्नो क्षेत्र निर्धारण गर्न विशेष तरिका अपनाउने गरेको वैज्ञानिक अनुसन्धानबाट पुष्टि भएको छ ।

यस्तै एक अनुसन्धानमा संलग्न वैज्ञानिक जेरी ब्लिट्स भन्छन्- 'जसरी मानिसले आफ्नो जग्गा-जमिन स्वामित्वका लागि कानुनी रूपमा लिखित कागज गरेको हुन्छ, त्यसैगरी जंगली जनावरहरूमा बाघ, सिंह, चितुवा र अफ्रिकी जंगलमा विचरण गर्ने कुकुरहरूले पनि पिसाब गरेर आफ्नो सीमा निर्धारण गर्छन् । यसलाई रासायनिक सञ्चार भनिन्छ । यी जनावरहरूले पिसाब फेरेर सीमा निर्धारण गर्नुको कारण आफ्नो क्षेत्रमा अरू जनावर नपसून भन्ने हो । यही पिसाबमार्फत अरू जनावरलाई चेतावनी दिनु पनि हो ।'

वैज्ञानिकहरूले यस्तै जनावर पिसाब प्रयोग गरेर पृथ्वीबाट लोप हुने अवस्थामा पुगेका दुर्लभ जनावरलाई जोगाउन सकिने बताएका छन् । वैज्ञानिकहरूका अनुसार बाघ, चितुवा, सिंह र बँदेलका पिसाब प्रयोग गरेर यी जनावरहरूको संरक्षण गर्न सकिन्छ । वैज्ञानिकहरूले यसलाई जैविक काँडे तारको नाम दिएका छन् । यो तौरतरिकाले पिसाब छर्केर बाघ, भालु र चितुवाबाट मृग तथा हरिणजस्ता जनावरलाई टाढै बस्ने चेतावनीको संकेत दिन्छ । यद्यपि यो विधि अपनाउँदा बाघ र चितुवा भोकै परेर कतै उनीहरू नै लोप हुने त होइनन् भन्ने पीर पनि वैज्ञानिकहरूलाई छ ।

# छुद्रग्रह पृथ्वीमा ठोक्किएला ?

पृथ्वीमा महाविपत्ति ल्याउने भनिएको छुद्रग्रहका सम्बन्धमा वैज्ञानिकहरूले अनुसन्धान गर्दै आएका छन् । पृथ्वीमा ठोक्किएर महाविनाश मच्चिएला भन्ने डरले वैज्ञानिकहरूले छुद्रग्रहमाथि आँखा गाड्दै आएका हुन् ।

वैज्ञानिकहरूका अनुसार सौर्यमण्डलको निर्माण हुँदा ग्रहको रूप लिन नसकेका स-साना चट्टानका टुक्रा नै छुद्रग्रह हुन् । छुद्रग्रह १ किलोमिटरदेखि ८ सय किलोमिटर व्याससम्मका हुन्छन् । यी छुद्रग्रहको कुल भार पृथ्वीको १/३००० भाग मात्र छ, जुन मंगल र बृहस्पतिको कक्षबीचमा घुमिरहेका छन् । त्यहाँ १ हजार ८ सयजति छुद्रग्रह रहेको पत्ता लागेको छ ।

वैज्ञानिकहरूले यसमा चिन्ता गर्नुको मुख्य कारण यी छुद्रग्रह पृथ्वीमा ठोक्किँदा ठूलो मात्रामा बाक्लो धूलो पृथ्वीको वायुमण्डलमा फैलिने र त्यसले क्षणभरमै पृथ्वीको वायुमण्डललाई परिवर्तन गर्न सक्नु हो । यसबाट तत्कालै प्राणी र वनस्पति मर्न सक्छन् । बाँचेका प्राणी वनस्पतिलाई पनि वातावरणअनुकूल हुन गाह्रो हुनसक्छ ।

२६ करोड वर्षअघि पृथ्वीमा यस्तै छुद्रग्रह ठोक्किएर ७० प्रतिशत जमिनका प्राणी तथा ३० प्रतिशत समुद्रका प्राणी मरेको नासाका वैज्ञानिकहरूको अनुमान छ । यो ठोक्काइबाट ४५ वर्षसम्म पृथ्वीको वायुमण्डलमा ५ किलोमिटर लामो बाक्लो धूलो जमेको थियो । यसबाट पृथ्वीको सतहमा सूर्यको किरण पुग्न सकेको थिएन, जसका कारण पृथ्वीमा वायुमण्डल परिवर्तन भै धेरै प्राणीले इहलीला समाप्त भएको थियो । यस्तै ६ करोड ५० लाख वर्षअघि छुद्रग्रहकै ठोक्काइबाट डायनोसर लोप भएको वैज्ञानिकहरूको निष्कर्ष छ ।

हालै मात्र वैज्ञानिकहरूले पृथ्वीमा कतै पनि नपाइने चट्टान अन्टार्कटिकामा फेला पारेका छन् । उक्त चट्टानको अध्ययनले २६ करोड वर्षअघि पृथ्वीमा छुद्रग्रह ठोक्किएको प्रमाणित भएको छ ।

Learn English
Own course books, audio-visual, self-practice lab
TOEFL/IELTS Preps.
Chinese, Japanese, German, French, Spanish language
O'seas Language C. Bag Bazar, 4-268945, Jamal 4-244741
Language Books/Cassettes/CDs Sold here. OLC, 4-247897

सौन्दर्यका सामानहरू
1. YOKO Height Increaser - 1400/-
2. डण्डीफोर हटाउने (Pimple) - 2495/-
3. चायाँपोतो हटाउने (Anti Spot) - 2497/-
4. Sauna Belt - 2495/-
5. Slim & lift - 2495/-
6. Abking Pro - 6500/-
7. Roop Amrit - 1495/-
साथै टि. भि. मा देखाइने अन्य सामानहरू
सम्पर्क: पुतलीसडक (शंकरदेव क्याम्पस अगाडी / कुमारी बैंकको पछाडी) 4242061 चावहिल : 2002799, लगनखेल : 9851014602
बुटवल : 545793 नारायघाट/हेटौडा : 984504292

होटल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Bakery, Barman, Captain, Bell Boy, Supervisior, Care Giver, Housekeeping, Domestic Helper
Cook Training गर्नेकालागि Waiter, Housekeeping मा English Language FREE मा
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801


निशुल्क ब्युटिसियन तालिम
रोजगारीको अवसर
एक प्रतिष्ठित पार्लरको लागि केही जनशक्ति आवश्यक परेको हुँदा ब्युटिसियन सिक्न इच्छुक महिलाहरूलाई तालिम पश्चात रोजगारको ग्यारेन्टी ।
उद्यमी महिला ब्युटिसियन तालिम केन्द्र
बालाजु चोक (LWBTC PH. 4350762)
डण्डीफोर तथा पोतोको ग्यारेन्टीका साथ उपचार गरिन्छ ।

कलाकार बन्ने हो ?
विगत ६ वर्षदेखि निरन्तर रूपमा धेरै राम्रा कलाकार उत्पादन गरिसकेको यस सिने स्टार कलाकेन्द्रमा नृत्य, अभिनय, गायन गितार र उद्घोषणमा निःशुल्क भर्ना लिइदैछ । साथै म्यूजिक भिडियो टेलिफिल्म, टेलिभिजन कार्यक्रममा पनि मौका दिइनेछ ।
चावहिल २०७२६८६ ९८४१४०५९८६

LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel:- 4249576


## गिनिज बुक अफ वर्ल्ड रेकर्डसबाट

### धेरै एफएम स्टेसन




संसारमा सबैभन्दा धेरै एफएम रेडियो स्टेसन भएको मुलुक अमेरिका हो । गिनिस बुक अफ वर्ल्ड रेकर्ड्सअनुसार अमेरिकामा ८ हजार ९ सय ६१ एफएम रेडियो स्टेसन छन् ।

### टेलिभिजनका दर्शक



संसारमा सबैभन्दा धेरै टेलिभिजन हेर्ने नागरिकहरूको मुलुक अमेरिका हो । गिनिस बुक अफ वर्ल्ड रेकर्ड्सअनुसार अमेरिकाका प्रत्येक नागरिकले दैनिक औसत ६ घण्टा टेलिभिजन हेर्छन् ।

### बढी पर्यटक



संसारमा सबैभन्दा बढी पर्यटक आकर्षित गर्ने स्मारक इटालीको पिसास्थित झुकेको धरहरा हो । गिनिस बुक अफ वर्ल्ड रेकर्ड्सअनुसार उक्त धरहरा हेर्न प्रत्येक दिन १६ हजार मानिस पिसा पुग्छन् ।

### धेरै पाण्डुलिपि



संसारमा सबैभन्दा धेरै पाण्डुलिपि संकलन गर्ने मुलुक चीन हो । गिनिस बुक अफ वर्ल्ड रेकर्ड्सअनुसार चीनमा संकलित पाण्डुलिपिको संख्या ६९ लाख भन्दा बढी छ ।

### धेरै पर्यटक



संसारमा सबैभन्दा धेरै पर्यटक भित्र्याउने मुलुक स्पेन हो । गिनिस बुक अफ वर्ल्ड रेकर्ड्सअनुसार स्पेनमा हरेक वर्ष ५ करोडभन्दा बढी पर्यटक आउँछन् ।

## जानकारी

### फट्यांग्राको वर्षा

३ जनवरी १९२४ स्वीडेनमा कीरा-फट्यांग्राको वर्षा भएको थियो । त्यस्तै २ जनवरी १९९२ मा संयुक्त राज्य अमेरिकाको इन्डियाना राज्यको क्लिपटन सहरमा भुसुनाजस्तै कीरा बर्सिएका थिए ।



### जेली माछाको वर्षा

सन् १९३५ अक्टुबर १४ का दिन अस्ट्रेलियाका केही भागमा पानीसँगै 'जेली' नामक माछाको वर्षाले त्यहाँका सडक तथा छत टम्मै भरिएको थियो । यी माछा रातभर जिउँदै रहे पनि घाम लागेपछि मरेका थिए ।

### भमराको वर्षा

सन् १९५८ तथा १९६२ मा मध्य-इङ्ल्यान्डको पश्चिमी तटमा भँवराको वर्षा भएको थियो ।

### गँगटाको वर्षा

सन् १९५५ मा अल्जेरियाको राजधानी अल्जियर्समा पानीसँगै शंखेकीरा पनि बर्सिएका थिए । त्यसैगरी अल्जियर्समै सन् १९९१ मई २९ मा कैयौं क्विन्टल शंखेकीरा तथा गँगटाको वर्षा भएको थियो ।


ऋषभ रुपाखेती
२०५९ मंसिर २२


तृप्ती बस्ताकोटी
२०६० मंसिर २४



एलेक्स द्वारे
२०६१ मंसिर २२



युमिष निरौला
२०५९ मंसिर २२



नवीन दाहाल
२०५५ मंसिर २६


लिचा गुरुङ
२०५७ मंसिर २५



सुजल श्रेष्ठ
२०६१ मंसिर २२



संगम अधिकारी
२०५६ मंसिर २७



सगुन केसी
२०६० मंसिर २४



संश्रय ओझा
२०५८ मंसिर २३



प्रियंका महत
२०५६ मंसिर २६


अंकित प्रधान
२०५४ मंसिर २८


आर्यन आचार्य
२०५७ मंसिर २४


सुधा क्षेत्री
२०५९ मंसिर २७


अभिषेक आचार्य
२०६० मंसिर २४


रोनिका मल्ल
२०५९ मंसिर २२

**कुपन**

## जन्मदिनको शुभकामना

नाम :......................................

जन्म मिति :......................................


स्कुल :......................................

ठेगाना :......................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ




फरक–कान, मुखौडाको आँखा, पाइन्ट, हात, मुख, कपाल ।

## विश्वमा परमाणु अस्त्र

उत्तर कोरियाले परमाणु अस्त्रको सफल परीक्षण गरेपछि विश्वमा परमाणु हतियार भएका मुलुकको संख्या ८ पुगेको छ । परमाणु हतियार भएका मुलुकमा अमेरिका, रूस, बेलायत, फ्रान्स, चीन, भारत, पाकिस्तान तथा उत्तर कोरिया छन् । सन् १९९० को दशकको सुरुसम्म आणविक अस्त्र सम्पन्न मुलुकको सूचीमा अमेरिका, रूस, बेलायत, फ्रान्स र चीन मात्र थिए । विश्वमा पहिलो पटक अणुबमको प्रयोग संयुक्त राज्य अमेरिकाले गरेको थियो । सन् १९४५ को अगस्टमा जापानको हिरोसिमा र नागाशाकीमा खसालिएको अणुबमबाट २ लाख १० हजार मानिसको मृत्यु भएको थियो । आधिकारिक रूपमा परमाणु अस्त्र आफूसँग भएको स्वीकार गर्ने पहिलो पाँच राष्ट्रलाई संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्‌मा स्थायी सदस्यताका साथै विषेश अधिकार (भिटो) प्राप्त छ ।

### तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?



लुकेका समानहरू : कलम, किताब, कम्प्युटर, मैनबत्ती, चक्कु ।

## साप्ताहिक शब्द जाल

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ए | म | ए | म | सी | ड | श | क्ति | ए |
| रे | आ | ए | द | आ | र | सी | टी | म |
| श | भो | न | यु | जे | सा | ग | र | पी |
| ली | कै | आ | क | वा | ष्क | नु | ल | सी |
| री | को | र | स | ई | ष | टा | म | सी |
| ए | ति | टी | पा | सी | यु | क | शू | क |
| पी | मे | ह | बु | ब | ग | र | न | धी |
| ए | ए | श्री | स्टा | र | ल | चा | ल | रे |
| फ | नो | द | री | लु | म्बा | सं | क | टा |

माथि दिइएका अक्षरहरूमा नेपालका आठ प्रमुख फुटबल खेल्ने क्लबका नाम लुकेका छन् । ती नामहरू सायद तिमीले पनि सुनेको हुनुपर्छ । के तिमी ती नामहरू खोज्न सक्छौ ?

लुकेका नामहरू : एमएमसी, एमपीसी, एपीएफ, संकटा, एनआरटी, आरसीटी, थ्रिस्टार, जेवाईसी ।

## साप्ताहिक अंकजाल प्रतियोगिता-९२

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१. सँगै दिइएको १६ वटा कोठाहरूमा ९१ देखि १०६ सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरूको योगफल ठाडो, तेर्सो, छड्के जसरी जोड्दा पनि ३९४ होस् ।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।

नाम : ...................................... कक्षा : ......

स्कुल : ......................................

ठेगाना : ......................................

अंकजाल ८९ मा सहभागीहरूको संख्या : २५५

गोलाप्रथाबाट विजेता :

नीराजन मैनाली, कक्षा–१०, श्री मा.वि., दुधिअवा, रौतहट

साप्ताहिक झल्को
शुक्रबार, मंसिर २२, २०६३

## राजु बने निर्देशक



१५ वर्षभन्दा अघिको कुरा हो। अहिलेका चलचित्र निर्माता राजेन्द्र शाह अर्थात् नृत्य निर्देशक राजु शाह मुम्बईमा नृत्य तथा चलचित्र सम्पादनको प्रशिक्षण लिँदै थिए। त्यतिबेला बलिउडका अभिनेता तथा निर्माता फिरोज खान चलचित्र 'यलगार' बनाउने तयारी गर्दै थिए। उनी नौलोपन दिन सक्ने नृत्य निर्देशकको खोजीमा थिए। कता-कताबाट त्यो प्रस्ताव राजुलाई आयो, तर उनले आँट नभएका कारण उक्त प्रस्ताव स्वीकार गर्न सकेनन्। अहिले कलिउडमा नृत्य निर्देशकका रूपमा उनले थुप्रै नायक, नायिका तथा कलाकार जन्माइसकेका छन्। निर्माताका रूपमा उनले तीनवटा व्यावसायिक रूपमा सफल चलचित्र निर्माण गरिसकेका छन्। चलचित्र 'मुस्कान'कै बेलामा राजुका कलाकार चेलाचेलीहरूले उक्त चलचित्र निर्देशन गर्ने सल्लाह दिएका थिए, उनले 'पछि गरौंला' भनेर टारिदिए। त्यसपछि चलचित्र 'ख्यालख्यालैमा'को निर्देशन पनि उनले गरेनन्। सात जना नायिकालाई लिइएको चलचित्र 'इन्द्रेणी'को निर्देशन त गर्लान् कि भन्ने थियो, त्यो पनि गरेनन्। एउटा कुशल चलचित्र सम्पादक कुशल निर्देशक हुन सक्छ भन्ने कथनलाई बुझेका हितैषीहरूले थुप्रै नेपाली चलचित्रको सम्पादन गरिसकेका राजुलाई फेरि निर्देशक बन्न कर गरे। अन्ततः अब उनी निर्देशक बन्दैछन्। आफ्नै लगानीको चलचित्र 'सपनाको नौलो संसार'को निर्देशन उनी आफैंले गरिरहेका छन्। राजुको भनाइ छ- 'नेपाली चलचित्रमा केही भएन भन्नेहरूलाई जवाफ दिन यो चलचित्रको ६० प्रतिशत छायाङ्कन युरोपमा गरेर भर्खरै नेपाल फर्किएको छु।'

## मुख्य पाठक



सात समुद्रपारिका केही देशले चलचित्र महोत्सवका लागि आफ्नो चलचित्रको माग गरेपछि निर्माता तथा निर्देशक केपी पाठक मख्ख छन्। पाठक भन्छन्- 'एक दर्जनभन्दा बढी देशका फेस्टिबलमा मेरा चलचित्र मागिएका छन्।' महोत्सवमा माग भएको पाठकको चलचित्र हो- सुरुवात। भिडियो चलचित्र सुरुवात छुवाछूत र मानिसले मानिसमाथि गर्ने विभेदमा आधारित भएको पाठक बताउँछन्।

तपाईं निर्माता, निर्देशक रहेको सुरुवातको माग कहाँ-कहाँबाट भयो त? पाठक बेलिबिस्तार लगाउन थाल्छन्- बेलायतको रेन्डान चलचित्र महोत्सव, इजिप्टको कायरो अन्तर्राष्ट्रिय चलचित्र महोत्सवलगायत जापान, साइप्रस, अमेरिका आदि देशमा हुने चलचित्र महोत्सव छन्। पाठकका अनुसार रेन्डान चलचित्र महोत्सवमा सुरुवातको प्रदर्शन भएपछि त्यसको विषय मन पराएर उनीहरूले माग्न थाले। पाठक भन्छन्- रेन्डान चलचित्र महोत्सवमा संसारका चार हजार चलचित्रले प्रतिस्पर्धा गरेका थिए। तीमध्ये सुरुवात उत्कृष्ट नब्बेमा पर्न सफल भयो। उनको गुनासो पनि छ- कतिपय महोत्सवमा प्रतिस्पर्धा गर्नचाहिँ ३५ एमएममा खिच्नैपर्ने रहेछ। जनआन्दोलन भाग-२ मा सक्रिय सहभागी पाठक एउटा क्रान्तिकारी चलचित्रको तयारीमा छन्।

## नाफाजति अरूलाई



धेरै निर्माता/निर्देशकले आ□नो चलचित्र हिट बनाउन निखिल उप्रेतीलाई अभिनय गराउँछन्। निखिल अभिनीत अधिकांश चलचित्रले राम्रै व्यापार गरेका छन्। कतिपय चलचित्रका निर्माता त निखिलकै कारण मालामाल पनि भएका छन्। अहिले पनि निर्माता, वितरक तथा हलवालाका लागि निखिल नै फेवरेट कलाकार हुन्। एक्सनका दृश्यमा निर्देशकभन्दा पनि ज्ञाता मानिने निखिलकै सल्लाह मानेका कतिपय निर्देशक सफल भएका छन् भने निखिलको साथ पाएर पनि असफल हुनेहरू हुँदै नभएका पनि होइनन्।

कलाकारको जीवनशैली वास्तवमा अजीवको हुन्छ भन्ने कुरा भर्खरै निखिलले अनुभव गरेका छन्। अरूका लागि हटकेक सावित निखिल आ□नै काममा असफल हुँदा नरमाइलो लाग्नु स्वाभाविक हो। बेरोजगार युवाहरूको समस्यामाथि केन्द्रित चलचित्र 'सावधान' बनाएका निखिलले उक्त चलचित्रबाट अपेक्षित लाभ लिन सकेनन्। नेपाली चलचित्रको तुलनामा 'सावधान' लाई नराम्रो भन्ने ठाउँ छैन। राम्रो भएर पो के गर्नु, दर्शकले नरुचाइदिएपछि यस्तै हुँदोरहेछ। आफैंले लगानी गरेको महत्त्वाकांक्षी चलचित्रले सोचेजति व्यापार गर्न नसकेपछि आफ्नो राम्रो कामको नाफाजति अरूकै भागमा पर्ने गरेको अनुभव निखिलले गरेका छन्, तर पनि उनले हरेश भने खाएका छैनन्।

# चर्चा नेपाली तारा- २ को

**शिव शर्मा**

पोखरा- 'यस पटक त छानिने कुरामा ढुक्क थिएँ, तर खै के भयो बाहिरिएँ,' सीमपानी पोखराका नेत्रहीन केशव सुवेदी साप्ताहिकसँग गुनासो पोख्दै थिए। नेपाली ताराको पोखरा अडिसनका लागि गीत गाउन आएका सुवेदी निर्णायकहरू नजरमा नपरेपछि एकाएक भावुक बने। उनी गत वर्ष पनि पोखरा अडिसनमा भाग लिएर बाहिरिएका थिए। सुवेदीजस्तै नेपाल ताराको छनौटमा पर्न चाहनेहरूको भाग्यको परीक्षा सुरु भएको छ। पोखरेली कान्छा धर्मेन्द्र सेवान नेपाली ताराका फस्ट रनरअप हुन्। धर्मेन्द्र भन्छन्- 'यस पटकको नेपाल ताराको उपाधि पोखरेली प्रतिभाले जित्ने कुरामा म विश्वस्त छु।' पोखरा-१५ शिवमन्दिर चोककी निरु थापा पोखराबाट छनौटमा परेकी छिन्। बीबीएकी विद्यार्थी थापा पोखरामा गायनमा राम्रो प्रतिभाका रूपमा चिनिन्छिन्। उनी संगीत प्रशिक्षण केन्द्रकी विद्यार्थी पनि हुन्। पोखराबाटै छानिएका अर्को प्रतिभा धर्मराज गुरुङ पनि गला र कलाका धनी मानिन्छन्।



तस्बिर : संजय शाक्य

नेपाल तारा बन्नका लागि पोखरेली प्रतिभासँगै देशभरका प्रतिभावान् तन्नेरीहरू जुर्मराएका छन्। हजारौंको सहभागिता रहे पनि शीर्ष उपाधि भने एउटाकै हातमा पर्नेछ। दसौं स्थानसम्म आउनेहरूको चर्चासम्म चल्छ। अहिले नेपाली ताराका लागि धरान, नारायणगढ, नेपालगन्ज, बुटवल हुँदै पोखरामा पनि अडिसन पूरा भैसकेको छ। प्रत्येक सहरमा प्रतिस्पर्धीहरूको सहभागिता राम्रो पायौं। नेपाली तारा कार्यक्रमका निर्देशक राजेन्द्र सलभ भन्छन्- 'नेपाली तारा बन्ने चाहनेहरूको होडबाजी बढ्दो छ।' त्यही भएर त यसपटक गत वर्षको भन्दा पनि कडा प्रतिस्पर्धा हुनेछ। अरू सहरजस्तै पोखरा अडिसनबाट पनि २० जना नेपाली ताराका लागि छानिएका छन्। पोखरा अडिसनका लागि करिब ८ सयले प्रतिस्पर्धा गरेका थिए।

नेपाली गीत-संगीतमा लाग्न चाहनेहरूका लागि यसले अवसरको ढोका पनि उघार्ने हुनाले संगीतप्रेमीहरू यता तानिएका छन्। त्यसो त नामसँगै दाम पनि कमाउन चाहने युवायुवतीहरूलाई नेपाली ताराले बाटो देखाइदिएको छ। लेकसाइड पोखराकी १३ वर्षीया पूजा थापाको धोको यस पटक अधुरै रह्यो। निर्णायकहरूले बहिनीको यात्रा यहाँसम्म मात्र भनेपछि उनी पोखरा अडिसनबाट बाहिरिन्। फेरि-फेरि पनि आउला नि मौका, उनले साप्ताहिकसँग भनिन्। यतिबेला देशभरबाट नेपाली ताराका लागि प्रतिस्पर्धीहरू नयाँ जोस र उत्साहका साथ होमिएका छन्। हरेक दर्शकमा चासो छ– यसवर्ष कसको हातमा जाला नेपाली ताराको उपाधि ? त्यसका लागि आठ महिना लामो प्रतीक्षा गर्नुपर्ने हुन्छ- नेपाली ताराका कार्यक्रम सञ्चालक बज्रेश खनालले बताए।

स्टार वर्ल्ड च्यानलले अमेरिकन आइडलको प्रसारण प्रारम्भ गर्दा अधिकांश दर्शक त्यसबाट त्यति परिचित थिएनन्, तर जब सोनी इन्टरटेनमेन्ट च्यानलबाट इन्डियन आइडलको प्रसारण भयो त्यसको प्रभाव नेपाली दर्शकसम्म आइपुग्यो।

नेपाली तारालाई इन्डियन आइडलको नक्कल भन्नेहरूको पनि कुनै कमी भएन यद्यपि नेपाली ताराका निर्देशक राजेन्द्र सलभ भन्नेहरूको पछि दौडन चाहँदैनन्। धेरै पहिले नेपाल टेलिभिजनमा प्रतिभाको डबली भन्ने कार्यक्रम प्रसारण हुन्थ्यो, त्यसको बृहत् रूप नै नेपाली तारा हो, शलभ भन्छन्- लुकेको प्रतिभा छान्ने प्लेटफर्म हो नेपाली तारा। त्यही भएर त रहरका रूपमा पनि स-साना बालबालिकादेखि ६० कटेका पाकाहरूले पनि मोफसलका सहरहरूमा आफ्नो सहभागिता जनाए। यद्यपि प्रारम्भिक चरणमा तन्नेरी-तरुनीहरू मात्र छानिएका छन्। पुस महिनाको दोस्रो सातादेखि नेपाली दर्शकहरूले टेलिभिजनमा नेपाली ताराको प्रत्यक्ष प्रसारण हेर्न पाउनेछन्।

## गफै त हो

नायिका मुना कार्कीले प्रकाश सायमी निर्देशित रानीखोलामा अभिनय गर्दाताका धेरैले अनुमान गरेका थिए- अर्की एउटी राम्री नायिकाको आगमन भयो, यद्यपि रानीखोलाको व्यावसायिक असफलतासँगै उनको करिअर पनि क्रमश: डुब्दै गयो। अहिले त उनलाई अभिनय गराउने निर्देशक नै भेटिंदैनन्।

आमनायिकाको तुलनामा मुनामा खोट लगाइहाल्नुपर्ने त्यस्तो केही पनि छैन। अभिनय ठीकै गर्छिन्, नृत्य पनि राम्रो छ। सौन्दर्य पनि कम छैन। रानीखोलापछि उनले पनि वर-पीपल, ताल जस्ता राम्रै ब्यानरका चलचित्रमा काम गरेकी थिइन्। उनले अभिनय गरेका मध्ये केही चलचित्र त हिट पनि भएका हुन् तर मुना भने किन ओइलाइन् ?

मुनाभन्दा जुनियर नन्दिता केसी, रोजिना उप्रेती, सञ्चिता लुइँटेल आदि अहिले पनि चर्चामा छन्। नवोदितहरूको कामको चटारो पनि बढ्दैछ, कतै मुनाको आफ्नै निष्क्रियताले त यो स्थिति त आएको होइन ? पछिल्लो पटक श्याम भट्टराई निर्देशित टेलीचलचित्र दुई थोपा आँसुमा अभिनय गरेर आफूलाई बिर्सन खोज्ने दर्शकलाई सम्झाउने प्रयत्न गरे पनि उनले दर्शकको वाह-वाह पाउने त्यति सम्भावना भने छैन। जे होस्, मुनाले सिरियलबाट भए पनि म हराएकी छैन भन्ने सन्देशसम्म दिएकी छिन्।

### पलाउन नसकेकी मुना


तस्विर : कमल श्रेष्ठ

## केवल एक प्रश्न

### तपाईंलाई आफ्नो बाहेक अर्को कुन पेशा मनपर्छ ? किन ?

मलाई सबैभन्दा मनपर्ने पेसा वकालत हो। म स्कुलमा छँदा पनि वकिल बन्छु भन्थें तर चलचित्रमा अभिनय गर्ने नायिका बन्नुपर्ने रहेछ। आफ्नो बाहेक अर्को पेसा मन पराउनुपर्दा म वकालतलाई नै छान्छु।

**– सञ्चिता लुइँटेल (नायिका)**

मलाई सानैदेखि खेलकुदप्रति रुचि थियो। फुटबल मलाई मनपर्ने खेल हो। स्कुल तथा कलेज पढ्दा म आफैं पनि फुटबल खेल्थें तर गायनचाहिं मेरो पेसा बन्न पुग्यो। आफ्नो बाहेक अर्को पेसा रोज्नुपर्दा म फुटबललाई नै रोज्छु।

**– उदेश श्रेष्ठ (पप गायक)**

म पेसाले गायक, संगीतकार तथा संगीत प्रशिक्षक भए पनि मेरो मन साहित्यिक छ। प्राय: यात्रा संस्मरणहरू पढ्न तथा लेख्न मन पराउँछु। त्यसैले यदि मलाई आफ्नो बाहेक अर्को पेसा रोज्न भनियो भने म साहित्यलाई नै रोज्छु।

**– तुलसी पराजुली (लोकगायक)**

अभिनय क्षेत्रमा सक्रिय भए पनि मलाई मन पर्ने अर्को पेसा सामाजिक सेवा हो। अभिनय क्षेत्रमा आउनुअघि पर्वत जिल्लामा म सामाजिक कार्यमै व्यस्त थिएँ। त्यसैले अभिनयपछि अर्को कुनै पेशा रोज्नुपर्‍यो भने म समाजसेवालाई नै रोज्छु।

**–सुरज आरडी (चलचित्र नायक)**

मलाई मन पर्ने अर्को पेसा पत्रकारिता पनि हो। त्यसो त म आफैं पनि मिडियामा छु तर भिडियो जक्की गर्नुभन्दा पत्रकारिता गरेर रिपोर्टिङ गर्नुमा आफ्नै प्रकारको चुनौतीका साथै रमाइलो हुन्छ भन्ने मेरो धारणा छ।

**– संगीता श्रेष्ठ (भिडियो जक्की)**


तस्विर : परिचय डट कम

# राजधानीमा सांगीतिक कार्यक्रमको धूम

राजधानीमा आयोजना हुने सांगीतिक कार्यक्रमहरूमा रमाउने संगीतप्रेमीका लागि गएको साता सुखद रह्यो। राजधानीको ठमेलस्थित 'तन्त्र' मा जहाँ १९७४ ए.डी.का फिरोज स्याङ्देनले आफ्नो सुमधुर संगीतले तन्त्रको वातावरणलाई संगीतमय बनाइरहेका थिए त्यहीं भारतीय पप स्टार आकृति ककर र डीजे कारलोटा ल्याकमयसले याक एन्ड यति होटलमा सांगीतिक जादु छर्दै थिए। रिदम नाइट्स शीर्षकमा सूर्य लाइट्सले प्रस्तुत गरेको उक्त वातावरणमा रम्न राति आठ नबज्दै संगीत पारखीहरू कार्यक्रम प्रस्तुत हुने स्थानमा भेला भैसकेका थिए। मंसिरको जाडोलाई बिर्साउँदै भारतीय डीजे कारलोटा तथा नेपाली डीजे साजले विभिन्न नेपाली हिन्दी डान्स नम्बरमा उपस्थित सबैलाई वार्म अप गराउँदै कार्यक्रमलाई अघि बढाएका थिए। झन्डै साढे दस बजेतिर आकृति देखा परिन्, अनि प्रारम्भ भयो उनको सुमधुर स्वरमा विभिन्न बलिउड नम्बरहरूको प्रतक्ष सांगीतिक जम्काभेट। मारिया क्यारेको 'हिरो' देखि सानिया ट्वेनको 'यु आर स्टिल द वन....' सम्मका गीतबाहेक आकृतिले आफ्ना चर्चित रिमिक्स नम्बरहरू 'रंगीला रे..... माइ लव फर यु...' का अतिरिक्त 'छम से वो आ जाए, सलाम नमस्ते, कजरा रे' आदि गीत सुनाएर उपस्थित सबैलाई नचाइन्।

स्वाद एवं संगीतका पारखीहरूका लागि गत शनिबार नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको प्राङ्गण सुगम गन्तव्य बन्यो। अन्तर्राष्ट्रिय फुड फेस्ट २००६ का क्रममा नेपाल, चीन, भारत, जापान, अमेरिका, मेक्सिको, जर्मनी आदि १७ मुलुकका विभिन्न दर्जनौं स्वादिला परिकार एउटै छानामुनि उपलब्ध गराइएको थियो। इटालीयन पिज्जादेखि बेलायती रोस्टेड चिकेनसम्म, भुटानी कोम्बोदेखि चाइनिज कोनोइसियासम्म, विरयानी, कबाव, साल्सालगायत आफ्नै नेपाली-नेवारी परिकारसम्मका विभिन्न स्वादले फुड फेस्टमा उपस्थित हरेकको जिब्रोलाई नयाँ-नयाँ मिठास प्रदान गरिरहेको थियो। पेट त भरियो तर मन भरिएन भन्ने आनन्दको अनुभूतिसँगै जहाँ विभिन्न रमाइला खेलहरूले एकातिर मन बहलाइरहेको थियो त्यहीं रोज मोक्तान, दिव्य सुब्बा, सिने गुरुङ, म्याड जोन, नेपसाइडर्स, एक्स-मन्त्र, साउन्ड केमेस्ट्री, त्रास, जिप्सी चाइल्ड, ज्वालालगयतका संगीतकर्मीले मेलोडी, सेन्टिमेन्टल, ऱ्याम्प, हिपहप, रक, हेभी मेटल आदि सबै प्रकारका संगीत प्रस्तुत गरेर स्वादमा रमाइरहेकाहरूमा संगीतको नसा थपेका थिए।

यसैगरी शनिबारकै दिन ठमेलस्थित जिएए हल पनि ड्रम, ब्यास, रिदम, लिड गिटारको सांगीतिक तालमा झुमेको थियो। केसीएम कलेजले आयोजना गरेको इन्टरकलेज म्युजिक कम्पिटिसनमा जिएए हलमा ११ विभिन्न कलेजका सांगीतिक समूहले प्रतिस्पर्धा गरेका थिए, जसमध्ये दस हजार नगद पुरस्कारसहित युनिक कलेजले उत्कृष्ट सांगीतिक समूहको उपाधि हात पाऱ्यो। केयु तथा जेभिएर एकेडेमी क्रमश: दोस्रा र तेस्रा भए। सोही प्रतिस्पर्धामा युनिक कलेजका विजय महर्जन बेस्ट भोकलिस्ट, ह्वाइट हाउसका सुवोध मोक्तान बेस्ट व्यास गितारिष्ट, काठमाडौं युनिभर्सिटीका प्रमिथुस खड्का बेस्ट लिड गितारिष्ट तथा काठमाडौं युनिभर्सिटीकै प्रज्ज्वल बस्नेत बेस्ट ड्रमरका रूपमा छानिएका थिए। इन्टरकलेज म्युजिक प्रतिस्पर्धाका अतिरिक्त उक्त कार्यक्रममा भूमि, मोरगठ, तथा लस्ट अब्लीभियनजस्ता रक समूहले पनि आ-आफ्नो प्रस्तुति दिएका थिए।

संगीतको तालमा उफ्रन, झुम्न र नाच्न रुचाउनेहरूका लागि शनिबारका दिन नै ठमेलस्थित एफटीभी बार पनि राम्रो गन्तव्य बनेको थियो। सीएनएन फेसन टचले गाजामेन्ट विथ सुपर मोडल्स शीर्षकमा प्रायोजना गरेको उक्त फेसन पार्टीमा सहभागी हुनेहरू दिउँसो दुई बजेदेखि नै डान्स फ्लोरमा झुम्मिन थालेका थिए। दिउँसोको उज्यालोमै आरम्भ भएर चिसो रात छिचोल्दै अघि बढेको उक्त डान्स पार्टीले नेपाली, हिन्दी, अंग्रेजी सबै खाले डान्स नम्बरमा उपस्थित सबैलाई नथाकुन्जेलसम्म नचाएको थियो।

**–रोजिन शाक्य**

## पोखरामा धुम मच्चाइन् आकृतिले

**शिव शर्मा**

पोखरा- रातको चिसो बढ्दै थियो। आगन्तुकहरू न्यानोपनको अनुभव गर्न हतारिएका थिए। सांग्रिला होटलको परिसरमा साँझ सात बजेदेखि नै भीडभाड हुन थालिसकेको थियो। स्वीमिङपुलनजिकै पृष्ठभूमिमा संगीतको धुन बजिरहेको थियो। स्टेजअगाडि लहरै टेबल र कुर्सीमा मनोरञ्जनपारखीहरू बसेर मदिराको तलतल मेट्दै थिए। कोहीचाहिं आकाश नै ढाकिने गरी चुरोटको धूवाँ उडाइरहेका थिए। वातावरण केही रंगीन बन्दै गएको थियो।



रातको पौने आठ बजे ग्ल्यामरस लुक्समा अग्ली कदकी भारतीय युवती देखा परिन्, सबैले परर ताली पड्काए। अब धेरैलाई अनुमान लगाउन मुस्किल भएन, उनी भारतीय गायिका तथा मोडल आकृति थिइन्। हेल्लो पोखराको सम्बोधनसँगै उनले आफ्नो पहिलो नम्बर 'हमसे तो आ जायेंगे' प्रस्तुत गर्न लाग्दा मनोरञ्जनपारखीहरू एकसाथ चिच्याए हाई आकृति। अनि त के चाहियो र □ आकृति पनि मच्चिहालिन्। कालो टाइट जिन्स तथा भुवादार ज्याकेटमा प्रस्तुत भएकी आकृति निकै सेक्सी देखिएकी थिइन्।

उनले गाएका सबै गीत हिजोआजको डान्सपार्टीलाई रनक्क पार्ने गीतहरू नै थिए। करिब आकृतिले दुई घन्टा नन स्टप गीत गाएर पोखरेली मनोरञ्जन पारखीहरूलाई आफूसँगै झुमाएकी थिइन्। उनको प्रस्तुति सकिएलगत्तै डान्स पारखीहरूको धीत मार्न भारतबाटै आएकी डिजे क्यारोलोटाले नेपाली, हिन्दी तथा अग्रेजी रिमिक्स गीत बजाउँदै जाडो रातलाई अझ तताइन्। डिजे सेसनमा युवायुवतीहरू एक-अर्काको कुम जोडेर गीतको तालमा मच्चिन थाले। राति करिब एघार बजेसम्म जमेको उक्त कार्यक्रमले पोखरेलीहरूलाई भिन्दै मनोरञ्जन दिएको थियो।

## एफ टिभीमा सीएनएन

**साप्ताहिक समाचार**

काठमाडौं- शीर्षक पढ्दा अचम्म लाग्न सक्छ, एफटिभी अर्थात् फेसन टेलिभिजन च्यानलमा कताबाट समाचार च्यानल सीएनएन आयो भनेर। यो घटना विदेशमा कतै नघटेर नेपालमा, त्यो पनि राजधानीको पर्यटकीय क्षेत्र ठमेलमा भएको हो। गत शनिबार दिउँसो एक बजेपछि त्यहाँ एफटिभीमा सीएनएनको हाली-मुहाली थियो। ठमेलमा विगत केही महिनायतादेखि सञ्चालनमा आएको फेसन बार 'एफटिभी' मा विगतमा मिस इन्टरनेसनल नेपालजस्ता दर्जनजति कार्यक्रमको आयोजना गरिसकेको मोडलिङ एजेन्सी 'सीएनएन फेसन टच' ले एउटा फेसन पार्टीको आयोजना गरेको थियो। एक बजेदेखि भनिए पनि कार्यक्रममा तीन बजेपछि रौनक छाउन थाल्यो। साँझ सात बजेसम्म चलेको उक्त 'गाजामेन्ट विथ सुपरमोडल' शीर्षकको फेसन पार्टीमा दुई सय जति आगन्तुक उपस्थित थिए जसमा सबैभन्दा बढी मोडलहरू



नै भएको जानकारी आयोजक सञ्जय केसीले गराए। आउँदो केही महिनामा मिस्टर एन्ड मिस कीर्तिपुरको आयोजना गर्न लागेको डन पावर अफ मिडियाका सञ्चालक गगन सहयोगीका रूपमा कार्यक्रममा खटिएका थिए भने मोडल करिश्मा गुरुङ कार्यक्रममा संयोजक भएर एकपछि अर्को 'डान्स नम्बर' बजाइरहेका डिजे निकीलाई सहयोग गर्दै थिए। कार्यक्रमको अन्त्यमा आगन्तुक मोडलहरूमध्येबाट वर्षा लामाले बेस्ट ड्रेस, सिर्जना वाग्लेले बेस्ट डान्स तथा प्रीतिले बेस्ट हेयर स्टाइलको पुरस्कार जिते।



## फिल्मी

-'मुनामदन' सार्वजनिक नभए पनि उक्त चलचित्रका निर्देशक ज्ञानेन्द्र देउजा भने व्यावसायिक चलचित्रको निर्देशनमा व्यस्त छन् । केही साताभित्र उनको निर्देशनमा बनेको चलचित्र 'हामी ट्याक्सी ड्राइभर' सार्वजनिक हुँदैछ । राजधानीका ट्याक्सी चालकहरूको दिनचर्या र जीवनशैलीमा आधारित उक्त चलचित्रमा राजेश हमाल, रमित ढुंगाना, तृप्ति तोतलानी, रेखा थापा, उमेश खड्का, मुकुन्द थापा आदि कलाकारले अभिनय गरेका छन् भने चलचित्रका निर्माता भानु महर्जन तथा रत्न घौला हुन् ।

-निर्माता सुशील पोखरेलको लगानीमा निर्माण भएका दुई चलचित्र क्रमश: 'मैदान' र 'जीवनदाता' बाहिर सार्वजनिक भए पनि उपत्यकाका दर्शकहरूले भने हेर्न पाएका छैनन् । यसै वर्षको माघ/फागुनतिर उपत्यकाका चलचित्र भवनहरूमा ती दुई चलचित्र पालैपालो सार्वजनिक गर्ने तरखरमा लागेका सुशील पोखरेल हाल अर्को नयाँ 'मल्टीस्टारर' चलचित्र 'जय शिव शंकर'को निर्माणको थालनीमा जुटेका छन् । महेन्द्र बूढाथोकीको निर्देशनमा बनेको 'मैदान'मा राजेश हमाल, विराज भट्ट, रेखा थापा, राजेश ढुंगाना, जेनी कुँवर, उमेश खड्का आदि छन् भने मदन घिमिरेको निर्देशन रहेको 'जीवनदाता'मा राजेश हमाल, रमित ढुगांना, विराज भट्ट, राजेश ढुंगाना, झरना थापा, उमेश खड्का, इशान राउत आदि कलाकारले अभिनय गरेका छन् । निर्माण हुन लागेको चलचित्र 'जय शिव शंकर'मा राजेश हमाल, निखिल उप्रेती तथा राजेश ढुंगानाले शीर्ष भूमिका निर्वाह गर्दैछन् ।

-दीपक खाँडको निर्देशनमा चितवनको पृष्ठभूमिमा छायाङ्कन गरिएको चलचित्र 'माया नगर' प्रदर्शनको सँघारमा पुगेको छ । दिलीप रायमाझी, रमित ढुंगाना, उषा पौडेल, नन्दिता केसी, उमेश खड्का आदि कलाकारद्वारा अभिनीत प्रेमकथात्मक चलचित्र 'माया नगर' को हाल मिक्सिङ कार्य भैरहेको छ । माघ महिनाताका सार्वजनिक हुने यो चलचित्र गएको वर्षदेखि निर्माणको क्रममा छ ।



## लभगुरु रेखा

**म एउटा युवकलाई मन पराउँछु । मैले उसमक्ष कैयन् पटक प्रेमप्रस्ताव राखिसकें, तर उसले जहिले पनि अहिले हाम्रो पढ्ने बेला छ, प्रेम गर्ने होइन भनेर टार्‍यो । एसएलसी उत्तीर्ण भएपछि मात्रै भन्ने जवाफ उसले दियो । म भने ऊबाहेक अरूको कल्पनासम्म गर्न सक्दिनँ । ऊ अहिले १८ वर्षको छ र म ऊभन्दा दुई महिना मात्र कान्छी छु । हामी दुवै कक्षा १० मा पढ्दै छौं । अहिले म जति उसको नजिक जान्छु, ऊ त्यति नै मभन्दा टाढिएझैं लाग्न थालेको छ । मैले उसको मन जित्न र उसलाई आफ्नो बनाउन के गर्नु उचित होला ?**

**-विनि.**

पत्रअनुसार मलाई तपाईंले मन पराएको युवकको कुरा ठीक लाग्यो । अहिले एसएलसीको तयारीमा व्यस्त हुनुपर्ने बेलामा प्रेमको चक्करमा पर्नुभयो भने तपाईंले आफ्नो पढाइ त बिगार्नुहुन्छ नै, साथै उसको पनि पढाइ बिग्रन्छ । तपाईं 'टिनएजर' बेलामा हुने 'इन्फ्याचुएसन'को सिकार हुनुभएको छ । उसले क्यारियर बनाइसकेपछि प्रेम गर्ने वा विवाह गर्ने कुरा सोचेको हुनुपर्छ । ऊसँग नजिक हुन बरु एउटा उपाय अवलम्बन गर्न सक्नुहुन्छ । उसलाई प्रेमीका रूपमा भन्दा पनि असल साथीका रूपमा हेर्ने र ऊसमक्ष मित्रताको प्रस्ताव राख्ने । तपाईंहरू दुवै एसएलसीका विद्यार्थी भएकाले पनि एक-अर्कालाई पढाइमा सहयोग गर्न सक्नुहुन्छ । एउटा कुरा नबिर्सनुहोस् कि प्रेमको पहिलो खुड्किला मित्रता हो ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

## बुटवलमा १९७४ एडी

बुटवल– देशकै चर्चित तथा विदेशमा समेत ख्याति कमाइसकेको १९७४ एडी ब्यान्ड बुटवलमा पहिलो पटक सांगीतिक कार्यक्रम प्रस्तुत गर्न भोलि शनिबार यहाँ आउँदैछ । यस क्षेत्रका संगीतप्रेमीको धेरै समय अघिदेखिको माग पूरा गर्न देशकै महँगो मानिने ब्यान्डलाई ड्रिम्ज मल्टिमिडियाले आयोजना गरेको 'ग्लाडिटियर १९७४ एडी लाइभ कन्सर्ट' मा उतार्न लागिएको हो ।

मिस नेपाल सुगरिका केसीले उद्घोषण गर्ने उक्त लाइभ कन्सर्टमा एक दशक लामो सांगीतिक यात्रामा बेग्लै पहिचान बनाइसकेको १९७४ एडी ब्यान्डका कलाकारहरू एड्रिन प्रधान, फिरोज स्याङदेन, निराकार याक्थुम्बा, मनोज केसी तथा सञ्जय श्रेष्ठ सहभागी हुनेछन् ।

उक्त लाइभ कन्सर्टमा १० हजार संगीतप्रेमीको जमघट हुने अपेक्षा आयोजकहरूले गरेका छन् । १ सय रुपैयाँ प्रवेश शुल्क राखिएको उक्त कार्यक्रममा राजधानीबाट ल्याइएको ३० हजार वाटभन्दा बढीको साउन्ड सिस्टमबाट श्रोताले सांगीतिक मनोरन्जन लिन पाउनेछन् ।

# दोहोरीको मनोरञ्जनसँगै



टोपराज शर्मा

बुटवल– अरू बेला सकेसम्म धेरै शुल्क लिएर ठाउँ-ठाउँमा गीत गाउँदै हिंड्ने बानी परेका राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारहरूले यसपटक बुटवलमा दुई दिनसम्म निःशुल्क गीत गाएर लोकदोहोरीका पारखीहरूलाई पर्याप्त मनोरञ्जन दिनुका साथै कलाकार हित कोषमा ठूलै रकम जम्मा गराइदिएर प्रशंसनीय कार्य गरे। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, रूपन्देहीले कलाकार हित कोष स्थापनार्थ राजधानीबाहिर पहिलो पटक आयोजना गरेको विविध सांस्कृतिक कार्यक्रममा वरिष्ठ दोहोरी गायक नारायण रायमाझी, पुरुषोत्तम सापकोटा, कृष्ण देवकोटा, दुर्गा रायमाझी तथा चर्चित लोकपप गायक रामचन्द्र काफ्ले लगायतले आफ्नो प्रस्तुतिमार्फत बुटवलका दर्शक-श्रोतालाई धीत मरुन्जेल नचाउनुसम्म नचाए। गीतकै टुक्काबाट कालिका मा.वि.को मैदानमा शुक्रबार उद्घाटन भएको कार्यक्रममा बालकलेखि वृद्धसम्म सहभागी भएर कम्मर मर्काई-मर्काई नाचे। बुटवलमा पहिलो पटक गाउन आएका लोकपप गायक रामचन्द्र काफ्लेले आफ्ना लोकप्रिय र चर्चित गीतहरूको ननस्टप प्रस्तुतिमार्फत विशेष गरी पप वा र्‍याप गीतमा मात्रै झुम्न रुचाउने युवा पुस्तालाई समेत राम्रैसँग नचाउन सफल भए। काफ्लेले पहाडी जनजीवनमा मेल खाने शब्दले भरिएका रिमिक्स गीत गाएर बालकदेखि वृद्धसम्मको मन पनि एकसाथ जिते। शब्द संकलक रमेश बिजी, नवोदित गायिका देविका केसी तथा रमिला थापासमेतले मञ्च तताएको कार्यक्रममा शनिबार दिनभर लुम्बिनी अञ्चलका लोकदोहरी समूहबीचको प्रतिस्पर्धाले पनि उपस्थित दर्शकलाई छमछमी नचायो।

स्थानीय निजी विद्यालयका छात्रछात्रा तथा हास्यकलाकार चेतन ढकालले पनि आफ्नो नृत्यमार्फत दर्शकको वान्समोर बटुलेका थिए। प्रतिस्पर्धामा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान रूपन्देही प्रथम, गुल्मी द्वितीय तथा पाल्पा तृतीय भएका थिए।



## चलचित्र

### क्रोध



धीरेन शाक्यको शुभेच्छा थापासँग विवाह भैसकेको हुन्छ। परिबन्धमा परेर उनले जल शाहसँग दोस्रो विवाह गरेका हुन्छन्। शुभेच्छाबाट निखिल उप्रेतीको जन्म हुन्छ भने जल शाहबाट आकाश अधिकारी। जवान भएपछि यी सौतेनी परिवारबीच कलह उत्पन्न हुन्छ। दुई नायक आकाश र निखिल एक-अर्काको शत्रु बन्छन्। बीचमा उक्साउने तत्त्वहरूले आगोमा घ्यु थप्ने काम गर्छन। न्यायाधीश धीरेन पारिवारिक कलहका कारण अदालतमा न्याय दिन सक्दैनन्। एक जना पूर्वमन्त्रीको भष्ट्राचार मुद्दामा उनले सही न्याय दिन नसक्दा समस्यामा परेपछि छोराहरूले अन्ततः बाबुको समस्या बुझ्छन् र उनलाई सहयोग गर्छन्। संयोगान्त कथामा आधारित यो चलचित्रमा आकाश अधिकारीले पाँचवटा महत्त्वपूर्ण विधा सम्हालेका छन्। गीतकार, कथाकार, नायक, निर्देशक तथा निर्माता आकाश अधिकारीले चलचित्रका केही दृश्यमा बाहेक कथाक्रमलाई अव्यवस्थित हुन दिएका छैनन्। नायक-नायिकाका रूपमा देखिने गरेका धीरेन शाक्य, जल शाह र शुभेच्छा थापा कुनै-कुनै दृश्यमा निखिल र आकाशका अभिभावकजस्ता देखिँदैनन्। चलचित्रको कथा सामाजिक एवं पारिवारिक भएकाले निखिलको एक्सन तथा रेखा थापाको अंग प्रदर्शनजस्ता दृश्य नराखेको भए हुन्थ्यो जस्तो लाग्छ। यद्यपि निर्देशक अधिकारीले दर्शकहरूलाई चलचित्र भवनसम्म तान्न ती दृश्य राखिएको बताएका छन्। उषा पौडेल पनि नायिका रहेको उक्त चलचित्रमा धरहराको रेलिङ भत्किएको, गोली लागेर शरीर प्वाल परेको जस्ता दृश्य एनिमेसन गरेर राखिएको छ।

### बाबुल

बीआर फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्र 'बाबुल' आज शुक्रबार सार्वजनिक हुँदैछ। सफलताको श्रेय पाउने चलचित्रको सूचीमा रहेको बाबुलले सार्वजनिक हुनुअघि नै राम्रो चर्चा पाएको छ। पारिवारिक कथामा आधारित चलचित्र बाबुलको निर्माण बीआर चोपडाले गरेका हुन् भने निर्देशन रवि चोपडाले। प्रदर्शनअघि नै यो चलचित्रले चर्चा पाउनुको मुख्य कारण बलिउड वादशाह अमिताभ बच्चनको अभिनयका अतिरिक्त उनले चलचित्रको एउटा गीतमा दिएको आवाज पनि हो। चलचित्र बाबुलमा अमिताभ बच्चन, हेमा मालिनी, रानी मुखर्जी, ओम पुरी, सलमान खान, जोन अब्राहम, अमन वर्मा, परमित सेठी, राजपाल यादव, स्मीता जयकर आदिको अभिनय हेर्न पाइन्छ। चलचित्रमा समीरका शब्दमा आदेश श्रीवास्तवले संगीत भरेका छन्।

### ब्लड डायमण्ड

हलिउड चलचित्र उद्योगमा आज चलचित्र ब्लड डायमण्ड सार्वजनिक हुने क्रममा छ। ड्रामा, रोमान्स, थ्रिलर तथा ग्याङस्टर क्राईममा आधारित चलचित्र ब्लड डायमण्डमा सन् ९० को दशकमा सियरालोनमा भएको युद्धमा आधारित छ। युद्धकालमा लगभग ध्वस्त भएको सियरालोनको जीवनशैलीलाई चलचित्रमा जीवन्त रूपमा प्रस्तुत गरिएको छ। यो चलचित्रमा लियोनार्दो डि काप्रिओ, जिमोन हाउन्सु, जेनिफर कनेली, जेम्स प्युरिफोय, आरनोल्ड भोस्लोले प्रमुख भूमिकामा निर्वाह गरेका छन्। एडवार्ड ज्वीकको निर्देशनमा बनेको यो चलचित्रको निर्माण लेन अमाटो, बेन्जामिन वेसब्रेन, केभिन डे ला नोयले गरेका हुन्। अमेरिकामा निर्माण भएको चलचित्र ब्लड डायमण्डको छायाङ्कन लन्डन, न्युयोर्क, मोजाम्बिक तथा केप टाउनमा भएको थियो।

# विवाह गरिन् सज्जाले



पृष्ठ १ बाट जारी

इन्गेजमेन्ट भएको भोलिपल्ट ओमसँग भएको छोटो कुराकानी :

**सज्जालाई त्यतिबेला टेलिचलचित्रमा खेलाउन निकै जोड गर्नुभएको थियो हो ?**

-खै, साथीभाइ के भन्छन् कुन्नि, तर मैले त्यस्तो जोड भने गरेको थिइनँ। हामीलाई नायिका चाहिएको थियो। उनी पनि नायिका भएकीले नाम प्रस्ताव गरेको मात्र हुँ।

**एउटी नायिकासँग विवाह गर्न पाउँदा कस्तो लागिरहेको छ ?**

-एउटा नाम चलेको अनुहार हो, तर मलाई खासै फरक लागिरहेको छैन।

**नायिकाका रूपमा उनका बारेमा तपाईंलाई के–कस्तो कुरा थाहा छ ?**

-मैले उनको चलचित्र 'नौ डाडाँपारि' हेरेको थिएँ। त्यसपछि नै सज्जा नामकी नायिका पनि छिन् भन्ने थाहा पाएको हुँ।

**चलचित्रका कलाकार त्यसमा पनि नायिकालाई समाजले हेर्ने दृष्टिकोण अलि भिन्न छ। तपाईं त एउटी नायिकाको श्रीमान हुँदै हुनुहुन्छ ?**

-सबैलाई एउटै घानमा राखेर हेर्न मिल्दैन। उनका बारेमा नराम्रो कुरा भएको भए, विवाह नै हुँदैनथ्यो होला। उनको छवि र व्यक्तित्व मैले सफा पाएको छु।

**विवाहपछि उनले चलचित्र नखेल्ने रे ? तपाईं पनि त्यस्तै चाहनुहुन्छ ?**

-यो उनको व्यक्तिगत इच्छाको कुरा हो। मैले अमेरिकाको समाज बुझेको छु। उता एक जनाको व्यक्तिगत निर्णयमा अर्कोले हस्तक्षेप गर्दैनन्। म पनि उनको निर्णयमा हस्तक्षेप गर्न चाहन्नँ।

**हनिमुनका लागि कहाँ जाँदै हुनुहुन्छ ?**

-हनिमुन त गइन्छ। मैले दुई-तीनवटा ठाउँ सोचेको छु तर कहाँ गइन्छ, त्यो सज्जासँगै सल्लाह गरेर निर्णय गर्ने कुरा हो।

## बाबुको भनाइ

सज्जाका बाबु हास्यकलाकार गोपालराज मैनाली कान्छी छोरी सज्जाको विवाहबाट निकै खुसी छन्।

**जेठी छोरीको विवाह नगरेर किन कान्छीको विवाहका लागि हतार ?**

-उमेरको हिसाबले चाँडो होइन। ढिला विवाह गर्नु आधुनिक दृष्टिकोण मात्रै हो। उनकी दिदी सच्ची उच्च शिक्षाका लागि बेलायतमा छिन्। एक न एक दिन उनको पनि विवाह हुन्छ। सज्जाको विवाहका बारेमा यति भन्छु– उनका लागि उपयुक्त जोडी भेटियो।

**बाबुका लागि कान्छी छोरी बढी प्यारी हुन्छिन् रे। उनलाई बिदा गर्नुपर्ने कुराले कत्तिको दुःखी हुनुहुन्छ ?**

-उनले दुःख मानेर जानुपर्ने भएको भए म पनि दुःखित हुन्थें होला। तैपनि परिवारको एउटा डोरी च्वाट्ट छिनेजस्तो अनुभूति भैरहेको छ।

**विवाहपछि उनले अभिनय गर्न छाड्ने कुरा गर्दैछिन्। एउटा कलाकारको नाताले तपाई के भन्नुहुन्छ ?**

-विवाहको चटारोले उनीसँग यस विषयमा कुरा गर्न भ्याएको छैन। नछोडेको राम्रो। तथापि कुनै विशेष कारणले छोड्न लागेकी हो भने कारण बुझेपछि मात्र म केही बोल्छु।

## के भन्छन् केही सहकर्मीहरू ?

सज्जाको विवाहको खबरले खुसी नै लागेको छ। उनको पहिलो चलचित्र (नौ डाँडापारि) मा म नायक थिएँ। बेजोड अभिनय तथा राम्रो नृत्य गर्न सक्ने प्रतिभा उनमा छ तर उनले अब उप्रान्त चलचित्र नखेल्ने कुरा सुन्दा कताकता खल्लो लागेको छ। एउटा गतिलो कलाकारले यो क्षेत्र नछोडेकै बेस हुन्छ। परिवारलाई रिझाएर हुन्छ कि के गरेर हुन्छ उनले अभिनयलाई निरन्तरता दिएकै राम्रो।

**–दिलीप रायमाझी (नायक)**

विवाह हुनु राम्रो, तर चलचित्र क्षेत्र छाड्नु नराम्रो। सज्जा एक कुशल नृत्याङ्गना पनि हुन्। त्यसैले पनि उनले अभिनयकर्म छाड्नु यो क्षेत्रका लागि घाटाको कुरा हो।

**–वसन्त श्रेष्ठ (नृत्य निर्देशक)**

सज्जाले मेरो निर्देशनमा चलचित्र 'कुरुक्षेत्र' मा अभिनय गरेकी थिइन्। उनी एक प्रतिभाशाली अभिनेत्री हुन्। त्यसमाथि उनको माग बजारमा यथावतै छ। उनले विवाहपछि चलचित्र क्षेत्र छाड्नुका पछाडि जेसुकै कारण भए पनि हामी चलचित्रकर्मीका दृष्टिकोणबाट उनले नछोडेकै राम्रो।

**–ज्ञानेन्द्र देउजा (चलचित्र निर्देशक)**



मलाई थाहा भएसम्म उनले विवाह हुनभन्दा धेरैअघि नै चलचित्र क्षेत्र छाडिसकिन्। अभिनय गर्नु-नगर्नु उनको व्यक्तिगत निर्णयको कुरा हो। म यसमा केही बोल्न चाहन्नँ।

**–निखिल उप्रेती (चलचित्र नायक)**

उनको विवाहको खबरले म अचम्ममा परें। हामीले त विवाह गरेका छैनौं। उनले किन हतार गरेकी होलिन् ? तैपनि उनले यो क्षेत्र नछाडे हुन्थ्यो। विवाह गरेका नायिकाहरूले पनि यो क्षेत्रमा काम गरिरहेकै छन्। मेरो उनलाई 'स्पेसल रिक्वेस्ट' छ यो क्षेत्र नछोड्नु। अरू त के भन्नु र □ सुखद दाम्पत्य जीवनको हार्दिक शुभकामना।

**–निरुता सिंह (नायिका)**

# रक कन्सर्टले तात्यो पोखरा



**शिव शर्मा**

पोखरा– नयाँ बजारको प्रदर्शनी केन्द्र, जहाँ औद्योगिक व्यापार मेलाको तामझाम सकिन नपाउँदै अर्को कार्यक्रम जम्न पुग्यो, तर यो कार्यक्रम अलि पृथक् थियो। डिस्कोपछि यहाँका तन्नेरीहरूलाई मन पर्ने मनोरञ्जनको साधन कन्सर्ट नै हो। हो, त्यही कन्सर्ट यहाँ आयोजना हुँदै थियो जसका लागि राजधानीबाट आएको थियो रक ब्यान्ड सायस र स्थानीय ब्यान्ड थियो द एज।

कार्यक्रम दिउँसो तीन बजे भनेर तोकिए पनि आयोजकले आन्तिरक चाँजोपाजो मिलाउँदा-मिलाउँदै दुई घण्टा ढिलो हुन पुग्यो, तर पनि आयोजकले तोकेको समयमै नयाँ-नयाँ स्टाइलमा युवायुवतीको प्रवेश भयो। पङ्क, हिप्पी सबै खालको पहिरनमा सजिएका स्टाइलिस्ट युवायुवतीहरू कन्सर्ट प्रारम्भ हुने व्यग्र प्रतीक्षामा थिए। उनीहरूको लामो प्रतीक्षाको घडी अन्त्य गर्न मञ्चमा एकाएक देखा पर्‍यो– द एज ब्यान्ड।

एजले चिसो वातावरणलाई बिस्तारै तताउन थाल्यो। बेसुर भएर नाच्नेहरूले आफूलाई काबुमा राख्न सकेका थिएनन्। साँझको रंग बढ्दै गएपछि नाच्नेहरू थपिँदै गए। अनियन्त्रित भएर नाच्नेहरूलाई थाम्न आयोजकहरूलाई पनि हम्मे-हम्मे परेको थियो। उक्त समूहले लगातार डेढ घण्टा लाइभ प्रस्तुत गर्दा तन्नेरीहरूलाई कन्सर्टको नसाले झुमाइहाल्यो। द एजले आफ्ना नयाँ तथा पुराना गरी ११ वटा गीत प्रस्तुत गरेको थियो।

अझै धेरैको आकर्षण राजधानीबाट आएको सायस ब्यान्डमा थियो। द एज समूहको प्रस्तुति लगत्तै उद्घोषिकाद्वय प्रिया गुरुङ र पूनम गुरुङले सायस ब्यान्डलाई स्टेजमा आमन्त्रण गरे। त्यसपछि दर्शकहरूको हुटिङ सुरु भयो। पोखरेली दर्शकको अपार मायासँगै स्टेजमा आएको सायस पहिलो गीत 'भाग्य मेरो' खासै जमेन। जब दोस्रो चर्चित रिमिक्स गरिएको 'तिमी नभए जिन्दगानी' गीत प्रस्तुत गर्दा दर्शकको उत्तेजना ह्वात्तै बढ्यो। 'माइला दाइ' गीतले भने दर्शकलाई पानी-पानी बनायो।

छवटा गीत गाएर कन्सर्टको बिट मारेको उक्त समूहले पहिलो पटक पोखरामा आफ्नो लाइभ कन्सर्ट प्रस्तुत गरको हो। पोखरेली दर्शकको माया पाएपछि ब्यान्डका भोकलिस्ट अनिल पाखिनले साप्ताहिकसँग भने- 'पोखरेलीहरूमा रक कन्सर्टको आकर्षण राम्रै पायौं।'

# एड्सविरुद्ध विन्टर ग्रान्ड





**साप्ताहिक समाचार**

धरान– तन्नेरीहरूको भीडले शुक्रबार ब्रिटिस गोर्खा सामुदायिक भवनको डान्स फ्लोर खचाखच भरिएको थियो। डान्स फ्लोरमा युवा-युवतीहरू उन्मुक्त रूपमा डान्स गरिरहेका थिए। डान्स फ्लोरको भित्तामा एचआईभी एड्सबाट बच्ने उपायसम्बन्धी दृश्य प्रोजेक्टरमार्फत प्रदर्शन भैरहेको थियो।

विश्व एड्स दिवस डिसेम्बर-१ को अवसरमा पावर हेल्थ क्लबद्वारा आयोजित विन्टर ग्रान्ड डान्सको उक्त दृश्य यहाँ सातैपिच्छे सञ्चालन भैरहेका डान्स पार्टीहरूभन्दा भिन्न थियो। डान्स फ्लोरको दृश्यले पश्चिमी शैलीको संगीतको तालमा डान्स गर्नु सहरी संस्कार नै भैसकेको अनुभूति दिइरहेको थियो। एचआईभी एड्ससम्बन्धी जनचेतना फैलाउँदै तन्नेरीहरू दिउँसो एक बजेदेखि छ घण्टासम्म निर्धक्क नाचिरहेका थिए।

डिजे बासले मिक्सिङ गरेको संगीतको तालमा फ्लोर युगल डान्सरहरूले भरिएजस्तै देखिन्थ्यो। डान्स सुरु हुनुअघि एचआईभी संक्रमितहरूको संगठन 'धरान पोजिटिभ ग्रुप'का सदस्यले एड्सबाट बच्ने उपायहरू बताएका थिए। धेरै डान्सरले एड्सबाट टाढै रहने प्रतिबद्धता व्यक्त गर्दै कन्डमका प्याकेट डान्स फ्लोरमै लिएर गएका थिए।

## धरानमा चलचित्र महोत्सव

**साप्ताहिक समाचार**

धरान– अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्ट मानिएका वृत्तचित्र प्रदर्शन गरिएको धरान चलचित्र महोत्सव शनिबार सम्पन्न भयो। परिक्रमा विद्यार्थी परिवार तथा अल्टरनेटिभ फिल्म मुभमेन्टद्वारा आयोजित महोत्सवमा नेपालका साथै विदेशमा निर्मित २२ वटा वृत्तचित्र प्रदर्शन गरिएको थियो। पाँचदिने फेस्टिबलमा वीरगन्जका फुटबल खेलाडीहरूको भारतीय भूमिमा भएको खेलयात्रालाई समेटेर गिरीश गिरीले निर्माण गरेको "टिम नेपाल"ले धरानेहरूको मन जितेको थियो। मेजन पुन र डबबहादुर गर्बुजाको हनी हन्टर तथा ध्रुव बस्नेतको रक्ताम्य गराहरू पनि फेस्टिबलको आकर्षण बनेका थिए।

त्यसबाहेक चलचित्र महोत्सवमा नेपालका चर्चित वृत्तचित्रहरू प्रणय लिम्बूको इतिहास जित्नेहरूका लागि, ध्रुव बस्नेतको स्कुल्स इन क्रस फायर, केसाङ छिरिङको मच्छिन्द्रनाथ अन द रोड विथ द रेड गड तथा छिरिङ रितारको द स्पिरिट डज नट कम एनी मोर आदि पनि प्रदर्शन गरिए। महोत्सवमा भारत, श्रीलंका, दक्षिण अफ्रिका, बंगलादेश, चीन, इटाली तथा क्यानडाका विषयवस्तुमा आधारित वृत्तचित्र प्रदर्शन गरिएका थिए। महोत्सवमा ३ हजारभन्दा बढी दर्शकको सहभागिता रहेको परिक्रमा विद्यार्थी परिवारका मधुर बस्नेतले बताए।

## साताको स्वर



## भरत सिटौला

**आगो पानी........कस्तो गीत हो ?**
-यो मेलोडियस पप शैलीको गीत हो। यो गीत सम्बन्धमा उत्पन्न हुने असमझदारी एवं भ्रममा आधारित छ।

**यस प्रकारका गीतका लक्षित श्रोता को हुन सक्छन् ?**
- खासगरी युवा पुस्ताले रुचाउने भए पनि यो गीत सबैका निम्ति प्रिय बन्न सक्छ।

**गीतको आकर्षक पक्ष ?**
- सरल शब्द र त्यसअनुरूपकै संगीतको प्रयोग।

**यो गीतले लोकप्रियता पाएको भन्ने आधार के छ ?**
- एफ.एम. रेडियो तथा टेलिभिजनका अनुरोध कार्यक्रममा धेरै श्रोता तथा दर्शकको रोजाइमा पर्न सक्नु नै यसको लोकप्रियताको आधार हो।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
- साधारण कन्सेप्टमा गीतको भावलाई देखाउने प्रयास गरिएको छ। ठीकै छ, तर यो कुरा त दर्शकहरूसँग सोध्नु उपयुक्त हुन्छ।

## अफबिट



गायक रबिन तामाङ धरानका आफ्ना युवा प्रशंसकहरूमाझ। *तस्बिर : राजु घिसिङ*

- लोकप्रिय पप गायक सविन राईको एकल कन्सर्ट भोलि मङ्सिर २३ गते शनिबार उनकै गृहनगर धरानमा सञ्चालन हुने भएको छ। सविनका साथीहरूको समूह युनाइटेड ब्रदरले आयोजना गर्ने कार्यक्रममा उनले आफ्ना डेढ दर्जन गीत गाउने तयारी गरेका छन्। पब्लिक हाईस्कुलको खुला मैदानमा आयोजना हुने कन्सर्टमा सविनलाई वाद्यवादनमा राजधानीको प्रिज्मा ब्यान्डले सहयोग गर्नेछ। चार वर्षअघि आफ्नो दोस्रो एल्बम 'सतह' बजारमा आएपछि एकाएक चर्चामा आएका सविनले गाएका झन्डै एक दर्जन गीत लोकप्रिय छन्। उनका तीनवटा एल्बम सार्वजनिक भैसकेका छन्।

- आ□ना अर्थपूर्ण गीतहरूका कारण नेपाली संगीतमा छुट्टै पहिचान बनाइसकेका गीतकार दिनेश अधिकारीको दोस्रो एकल एल्बम (क्यासेट/सिडी) मंसिरको अन्त्यसम्ममा सार्वजनिक हुने भएको छ। शब्द शीर्षक राखिएको उक्त एल्बममा दीप श्रेष्ठ, कुन्ति मोक्तान, दीपक खरेल, विमला राई, रामकृष्ण ढकाल, सपनाश्री, कर्णदास, रिमा गुरुङ, उदय सोताङ आदिको स्वर सुन्न पाइनेछ। गीतकार अधिकारीको पहिलो गीतिसंग्रह लिपी २०५९ मा सार्वजनिक भएको थियो। १० जना सुपरिचित संगीतकारको संगीतमा सजिएका १० वटा गीत संग्रहित एल्बम शब्दले सुगम संगीतको क्षेत्रमा महत्त्वपूर्ण स्थान बनाउने कुरामा संगीत समीक्षकहरू आशावादी छन्।

-पपगायक नवीन के भट्टराईले दुईमहिने अमेरिका बसाइका क्रममा विभिन्न १८ वटा सहरमा आफ्नो सांगीतिक कार्यक्रम प्रस्तुत गरेका छन्। आरपी इन्टरटेनमेन्टको आयोजनामा भएका उक्त कार्यक्रमहरूमा अमेरिकामा बस्दै आएका नेपालीहरूले भरपूर मनोरञ्जन लिएका थिए। अमेरिकाको नर्थ क्यालोरोना सहरमा नोभेम्बर ७ मा सुरु भएको उनको सांगीतिक यात्रा डिसेम्बर ३ तारिखमा बाल्टीमोरमा कार्यक्रम गरेपछि सम्पन्न भएको थियो। एञ्जल्स ब्यान्डको लाइभ म्युजिकमा गायक भट्टराईले आफ्ना चर्चित गीतहरू प्रस्तुत गरेका थिए। यसबीच गायक भट्टराईले नेपाल फर्किनुअघि बूढानीलकण्ठका पूर्व विद्यार्थीहरूको संगठन सेब्स नर्थ अमेरिकाको सहयोगार्थ विशेष कार्यक्रममा पनि आफ्ना प्रस्तुति दिने भएका छन्।

-कवि तथा गीतकार व्याकुल माइला अर्थात् प्रदीपकुमार राईद्वारा रचित गीतलाई नयाँ राष्ट्रिय गीतका रूपमा सिफारिस गरिएको छ। 'सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली, सार्वभौम भई फैलिएका मेची-महाकाली..' बोलको उक्त गीतलाई संस्कृतिविद् सत्यमोहन जोशीको संयोजकत्वमा गठित राष्ट्रिय गीत छनौट कार्यदलले राष्ट्रिय गीतका रूपमा छनौट गरेको हो ८ हरफ र ४७ शब्दको उक्त रचना गत बिहीबार आयोजित एक पत्रकार सम्मेलनमा जोशीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रदीप ज्ञवालीलाई हस्तान्तरण गरे। प्राप्त १ हजार २ सय ७२ रचनामध्ये रचनाकारको नाम नहेरी व्याकुल माइलाको गीत छनौट गरिएको जोशीले सम्मेलनमा पत्रकारहरूलाई बताए। मन्त्री ज्ञवालीका अनुसार कार्यदलले छनौट गरेको गीतलाई मन्त्रिपरिषद्ले अन्तिम रूप दिनेछ। प्राप्त रचनाहरूमध्ये सर्वोत्कृष्ट दस रचना संगीतबद्ध हुनेछन् भने 'क' क्षेणीका दुई सय दुई रचना संग्रहका रूपमा पाठकसमक्ष पुग्नेछन्।

-गत शनिबार विश्व एड्स दिवसको अवसर पारेर स्याडोज समूहले चितवनमा एक कन्सर्ट सम्पन्न गर्‍यो। उक्त कन्सर्टमा समूहका गायक स्वप्निल तथा रक गायिका पूजा राईले आफ्ना गीतहरू सुनाउँदै असुरक्षित यौनसम्बन्ध तथा एचआईभी संक्रमणका सम्बन्धमा उपस्थित दर्शकहरूलाई सचेत गराएका थिए। यसबीच विश्व एड्स दिवसकै अवसरमा अर्घाखाँचीमा चेतनामूलक लोकदोहोरी कार्यक्रम सम्पन्न भएको छ। भक्तपुरस्थित जिल्ला एड्स समन्वय समितिको आयोजनामा भक्तपुरमा पनि लोकदोहोरी कार्यक्रम सम्पन्न भएको छ।

-चर्चित रक समूह '१९७४ एडी' का गायक तथा ड्रमर एडरिन प्रधानले आफ्नो एकल एल्बम निकालेको धेरै भैसक्यो। अब उक्त समूहका अर्का गायक तथा लिड गितारिस्ट फिरोज साङ्देन पनि एकल एल्बम बजारमा पुर्‍याउने तयारीमा छन्। गत शुक्रबार ठमेलस्थित तन्त्र रेस्टुराँको चौथो वार्षिकोत्सवका अवसरमा आयोजित एक कार्यक्रममा फिरोजले आफ्नो एकल एल्बम बजारमा आउन लागेको बताए। शुक्रबार साँझ आमन्त्रित दर्शकहरूका माझ रेस्टुराँ परिसरमा फिरोजले आफ्नो आगामी एल्बमका गीतहरू सुनाए। त्यसका अतिरिक्त उनले आफूलाई मनपर्ने गायकद्वय दीप श्रेष्ठ तथा स्व. अरुण थापाका गीतहरू पनि गाए। डेढ घन्टा जति एकपछि अर्को गीत गाउँदै वातावरणलाई संगीतमय पारेका फिरोजको प्रस्तुतिमा आधा दर्जनजति चित्रकारले चित्र कोरेका थिए। त्यही अवधिमा कलाकार उदय कर्माचार्यले फिरोजले गाइरहेको चित्र क्यानभासमा उतारेर उनलाई उपहार प्रदान गरेका थिए।

-गएको वर्ष काठमाडौंमा कार्यक्रम गरेर फर्किएका भारतका प्रथम इन्डियन आइडल अभिजित सावन्त फेरि एकपटक नेपाल आउने भएका छन्। गायक सावन्त आगामी पुस ६ गते विराटनगरमा आयोजना हुने एक सांगीतिक कार्यक्रममा सहभागी हुनेछन्। प्राप्त जानकारीअनुसार सावन्तले स्थानीय सहिद रंगशालामा एक शैक्षिक संस्था कृतिका एजुकेसन तथा हेल्थ फाउन्डेसनले आयोजना गर्ने सांगीतिक कार्यक्रममा विभिन्न गीतहरू सुनाउनेछन्। पिछडिएको समुदायका बालबालिकाहरूलाई निःशुल्क शिक्षा प्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गर्न लागिएको हो। सावन्त विराटनगरबाट झन्डै एक सय पचास किलोमिटर पूर्वमा पर्ने भारतको बागडोरासम्म हवाईजहाजमा आएर त्यहाँबाट मोटरबाटो हुँदै विराटनगर आउनेछन्। काठमाडौंमा पाँच लाख रूपैयाँ लिएर कार्यक्रम प्रस्तुत गरेका सावन्तले यसपटक भने सात लाख रुपैयाँ पारिश्रमिक लिएको बताइन्छ।

-गायक कर्णदासका नयाँ गीतहरू संग्रहीत एल्बम आउँदो केही महिनाभित्रै बजारमा आउने भएको छ। हाल काठमाडौंमा रहेका पोखराका यी गायक आफ्ना नयाँ गीतको रेकर्डिङमा व्यस्त छन्।

## लाइभ शो

-ठमेलस्थित बाम्बु क्लब विभिन्न किसिमका स्वदेशी/विदेशी परिकार तथा पेय पदार्थका लागि प्रसिद्ध छ। उक्त रेस्टुराँका एक सञ्चालकसमेत रहेका रक गायक रविन तामाङ विशेष अवसर तथा शुक्रबार साँझ आफ्नो रक संगीत समूह 'रविन एण्ड द न्यू रोभुलेसन'का साथ रक गीत सुनाउँछन्।

## पूर्वाञ्चलमा ब्यान्ड भिड्न्त



**साप्ताहिक समाचार**

धरान– पूर्वाञ्चलका सांगीतिक समूहहरू पुस ८ गते धरानमा सञ्चालन हुने 'शक वेभ ब्याटल बिट्विन द ब्यान्ड्स' नामक सांगीतिक प्रतियोगितामा भिड्ने भएका छन्। नेपाल परिवार नियोजन संघ सुनसरी शाखाको युवा उप-समितिले आयोजना गर्ने प्रतियोगितामा पूर्वाञ्चलका २० वटाभन्दा बढी ब्यान्डको सहभागिता रहनेछ।

जेनेरेसन ग्यापको समस्या हटाउन तथा एचआईभी एड्स, लागूऔषध, दुर्व्यसन एवं असुरक्षित गर्भपतनका सम्बन्धमा किशोर-किशोरीहरूका साथै युवाहरूलाई सचेत गराउन प्रतियोगिता आयोजना गरिएको कार्यक्रम संयोजक सरिता सुब्बाले बताइन्। सांगीतिक प्रतिभा उत्पादनका निम्ति उर्वर सहर धरानमा सात वर्षपछि यस किसिमको प्रतियोगिता सञ्चालन हुन लागेको हो।

सहभागी ब्यान्डहरूमध्येबाट छनौट गरी उत्कृष्ट दसवटा ब्यान्डले पुस ८ गते हुने फाइनल चरणको प्रतिस्पर्धामा सहभागी हुन पाउनेछन्। यौन तथा प्रजनन स्वास्थ्य समेटिएको गीत गाउने ब्यान्डलाई विशेष पुरस्कार प्रदान गरिने संघका जिल्ला अध्यक्ष सुरेशमान श्रेष्ठले बताए। प्रतिस्पर्धीहरू आफ्नो ब्यान्डको एउटा तथा स्थापित कलाकारको अर्को गीत प्रस्तुत गरेको आधारमा विजेता चुनिनेछन्।

रक, पप, ह्याभी मेटल, डेथ मेटल, ब्ल्याक मेटल, ब्लुज विधाको जुनसुकै गीत ब्यान्डहरूले गाउन पाउनेछन्। प्रतियोगिताका विजेताले १० हजार रुपैयाँ नगद पुरस्कार पाउनेछन्। सर्वोत्कृष्ट लिड गितारिस्ट, रिदम गितारिस्ट, बेस गितारिस्ट, ड्रमर, किबोर्ड वादक तथा रचनाकारलाई जनही नगद पन्ध्र सय रुपैयाँका दरले पुरस्कृत गरिनेछ।

## नजिकबाट


## जविक

| | | |
|---|---|---|
| जन्ममिति | : | १४ अक्टुबर (असोज २८) |
| जन्मस्थान | : | सेतिदोभान, स्याङ्जा |
| रुचि | : | कम्प्युटर, गीत-संगीत |
| पहिलो गीत | : | आँखाभरी आँसु किन ? |
| पहिलो एल्बम | : | ट्यालेन्स ४ (कलेक्सन) |
| एल्बम | : | जीरो किलोमिटर |
| सांगीतिक गुरु | : | अमृत क्षेत्री |
| पहिलो कन्सर्ट | : | ०६३ सालमा धरानमा |
| पहिलो प्रेम | : | गीत-संगीत |
| पहिलो डेटिङ | : | अहिलेसम्म छैन। |
| पहिलो इन्स्ट्रुमेन्ट | : | गिटार |
| मन पर्ने परिकार | : | म:म तथा मसरुम पिज्जा |
| मनपर्ने गायक | : | नारायणगोपाल, अरुण थापा, सोनु निगम |
| मनपर्ने रंग | : | रातो, सेतो |
| मनपर्ने पहिरन | : | जिन्स, सर्ट |
| मनपर्ने सवारी साधन | : | मोटरसाइकल |
| मनपर्ने नायिका | : | रानी मुखर्जी |
| मनपर्ने नायक | : | टम क्रुज, रितिक रोशन |
| मनपर्ने मौसम | : | जाडो समय |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | कम्प्युटरमा बस्छु |
| मनपर्ने संगीत | : | स्लो रक, हिपप |
| रिस उठेको बेला | : | हाँसेरै पचाउँछु |
| मनपर्ने आफ्नै बानी | : | सधैं सकारात्मक रहनु |
| सबैभन्दा बढी माया | : | आमालाई |
| पहिलो चुम्बन | : | डेट याद हुन्छ र ? |
| घुम्न मन पर्ने स्थान | : | डोल्पा र पोखरा |
| जीवन के हो | : | संघर्षैसंघर्ष। |



## जीतुचाको hf]S;

jitendra_rajb@hotmail.com



सधैं जिस्किन मन पराउने जीतुचा एक चोटी बिकुरामका घरमा खाना खान बोलाएको बेला बिकुरामले पालेको कखुराको खोरको सबै अण्डा सियोले प्वाल पारेर भित्रको सबै निकालेर जस्ताको तस्तै राखिदिए छ ।

खाना खाने बेलामा बिकुराम अम्लेट बनाउन खोरबाट ल्याएको अण्डा फुटाउन थालेछ । एकपछि अर्को गर्दै१२ वटा अन्डा फुटाउँदा पनि भित्र खोक्रो भएको देखेर बिकुराम रिसाउँदै मलाई यत्रो धोका दिने भनेर छोरालाई बोलाए भनेछ : ए त्यो तेरो हजुबुवाको बन्दुक ले त । अब मैले जान्या छु एक-एकलाई ठिक पार्न । बन्दुक नै खोजेको देखेर जितुचा डराउँदै : बिकुराम दाइ, किन बन्दुक । कसले दियो तपाईंलाई धोका दियो ?

बिकुराम : आज पारेको सबै अन्डा खोक्रा छन् । ल, मेरा कुखुराहरूले मलाई सोध्दै नसोधी परिवार नियोजन गरेछन् । तिनीहरू सबैलाई गोली हानेर तन्दुरी बनाउनुपर्छ अब ।

०००

एउटा सानदार क्याफेमा बिकुराम श्रीमतीसँग कफी खान बसेको रहेछ । केही बेरपछि बेराले कफी ल्याइदिएछ । बेराले टेबलमा कफी राखेको मात्र के थियो, बिकुराम हतार-हतार तातो कफी पिउन थालेछ । यसरी हत्तारिँदै कफी पिउन थालेको देखेर बिकुरामकी श्रीमतीले सोधिछ : हैन, किन यसरी हतार-हतार जिब्रो नै पोल्ने गरी कफी पिउनुभा'को हजुरले ? आरामले पिए भैहाल्छ नि □

बिकुराम : पाँच रुँपैयाँ बचत गरेको नि □

श्रीमती : यसरी जिब्रो नै पोल्ने गरी कफी पिउँदैमा कसरी पाँच रुँपैया बचत हुन्छ ?

बिकुराम : ऊ त्यो भित्तामा मिनु हेर न, यो क्याफेमा हट कफीको रु. २० पर्छ भने कोल्ड कफिको रु. २५ पर्छ, त्यसैले यो तातो कफीलाई चिसो पारेर किन कोल्ड कफीको पैसा तिर्ने ?

०००

एउटी महिलाको शिशुको अनुहार अलि नराम्रो थियो । एक पटक ऊ आफ्नो शिशुलाई लिएर बस चढिछ । शिशुको अनुहार देखेर बसको चालकले भनेछ : कस्तो कुरूप अनुहार तपाईंको शिशुको, के भा'को त्यस्तो ?

चालकको यस्तो रूखो प्रतिक्रिया सुनेर महिलालाई निकै रिस उठेछ र ऊ केही पनि नबोली रिसाउँदै पछाडिको सिटमा गएर बसिछ । महिला रिसले चुर हुँदै एक्लै बरबराउन थालिछ । यसरी बरबराएको देखेर नजिकै बसेको एक भद्र व्यक्तिले ती महिलासँग सोधेछ : 'हैन, किन यसरी बरबराउँदै हुनुहुन्छ, के भयो तपाईंलाई ?'


महिला (रिसाउँदै) : हैन, यो बसको चालकले आफूलाई के भन्ठान्या होला कुन्नि ? उसले मेरो अपमान गऱ्यो । महिलाको कुरा सुनेर भद्रव्यक्ति सहानुभूति दर्साउँदै : ओहो□ नारीको अपमान गर्नु त ठूलो पाप हो । जानुस्, गएर एक थप्पड लगाएर आउनुस् । बरु खै तपाईंको बाँदर एकछिन म बोकिदिन्छु ।

## कविता

### प्रेम परिणाम

तिम्ले जित्यौ खेलमा मेरो त हार भयो
सच्चा प्रेम गरें त्यही प्रेम भार भयो
हिजोसम्म मेरो रूप तिमीलाई फूल माथि
त्यही फूल मुटु रेट्ने धार भयो
पाउने आशमा जिन्दगीका सपना बुन्थें
बुन्दा टुट्यो सपना अरूसँग प्यार भयो
गोधूलिमा भेट सधैं डाँडामाथि नै हुन्थ्यौ
छुट्यो माया बीचमा एउटा बार भयो
माया कति गर्थें कसरी देखाऊँ तिमीलाई
मेरो भन्दा उसको माया अपार भयो
जुनीभरि सँगै हुन्छु सधैं मिलन हुन्छ
विछोडको रीत रैछ पिरतीको सार भयो
तिम्ले जित्यौ मेरो त हार भयो
प्रेम गरें तिम्लाई आखिर त्यही भार भयो ।

**–कमल खनाल**



### पराई मुटु जोड्नुरै"छ

जीवनभर प्यार दिने वाचा-कसम तोड्नुरै'छ
म आफन्त किन हुन्थें पराई मुटु जोड्नुरै'छ
देउरालीको चौतारीमा सधैं-सधैं भेट गर्थ्यौं
आज नि पर्ख भन्यौ अन्तै पाइला मोड्नुरै'छ
म आफन्त किन हुन्थें पराई मुटु जोडनुरै'छ
रुँदा पीडामा म तिमी साथै हुन्थ्यौं त खै
किन साथ आयौ त नि मेरो मन फोर्नुरै'छ
म आफन्त हुन्थें पराई मुटु जोड्नुरै'छ
माया हुन्न कसैको हामी पनि सँगै बाचौं
भूटो वचन किन दियौ अन्तै माया गोड्नुरै'छ
म आफन्त किन हुन्थें पराई मुटु जोड्नुरैछ
मेरो माया निःस्वार्थ छ भन्थ्यौ साथ दिन्छु
साथ दियौ तिमीले बीचमा हात छोड्नुरै'छ
म आफन्त किन हुन्थें पराई मुटु जोड्नुरै'छ ।

**–चन्द्रा ठकुरी**

### खाँदी राखन

आऊ मलाई अँगालोमा बाँधिराख न
आजीवन तिम्रै छु म मायाले साँधिराख न
धेरै प्रेमपत्रको जवाफ दिएकी छु आज
लाग्छ मैरै लागि तिमी सधैं हाँसिराख न
भाग्य जुराउने त लहना नै हो भन्छन्
त्यसैले त सिन्दुर पोते साँचिराख न
एक्लो जीवन गाह्रो भैसक्यो यहाँ मलाई
आउँछु म त्यो पथका काँडा भाँचिराख न
क्षितिजको पारि तिमी वारि म छु क्यारे
त्यो मुटुमा मेरो माया बाँधिराख न
माया साट्ने माध्यम हाम्रो भावना नै हो
यो 'रारा' लाई 'सागर' मा खाँदिराख न ।

**–राधिका 'शीतल'**

### प्रिय

भौतिक शरीर हो माटोले नै खान्छ प्रिय
माया लाऊ नभए जोबन जान्छ प्रिय
बयान गरूँ लाग्छ मुहारका गीत रची
टाढा हुँदा तिम्रो रूपले तान्छ प्रिय
तिम्रो थाहा छैन यो मन पूरै समर्पित छ
त्यो मनलाई आफ्नो मन मान्छ प्रिय
मेरा पाइलाहरू तिमी नै हो सहयात्री
बेग्लै संसार सजाउन तिमीलाई लान्छु प्रिय
मेरो कुरा नकाट्नु है, तिमीसँग सहमत छु
तिम्रा बोलीहरू निस्सारले मान्छ प्रिय ।

**–बम भट्ट**

### म नजिक हुँदा

सुस्ताएथें म तिम्रो चन्द्ररूपी मुहार नदेख्दा
आतुरिएको थिएँ म तिम्रो खबर नपाउँदा
मुटु चहऱ्याउँछ तिमीलाई नदेख्दा
चन्द्ररूपी मुहारमा तुवाँलो लागिदिंदा
निष्ठुरी आडम्बरको छायाँ मुहारमा देख्दा
आफूले आफैंसँग प्रश्न गर्छु त्यसै बेला
गल्ती मेरो के छ ? प्रश्न राख्न खोज्दा
तिमी किन भागी हिंड्छौ नजिक हुँदा ।

**–युवराज लावती**

## लघुकथा

### परोपकारको परिणाम

आ□नो छोरालाई पढाएर ठूलो मानिस बनाउने मीठो सपना बोकेर काले जंगलमा काठ चिर्न गयो । छोराको स्कुल जाने सपना पूरा गर्न भोक, प्यास, थकाइ सबै बिर्सिएर दुःखपछि सुख अवश्य आउँछ, छोरा पढेर ठूलो मानिस भएर हामीलाई सुखले पाल्छ भन्ने कुरा कालेको मनमा थियो । ऊ घरीघरी छोरा आउने बाटो हेरिरहन्छ । राजुले १२ बजे बुबालाई खाना लिएर आउँछु भनेको थियो तर १ बजिसक्दा पनि राजु नआएपछि काले पानी खाँदै भोक मेट्छ । राजु भने बुबालाई खाना लिएर जंगलतर्फ लाग्छ । त्यो घनघोर जंगलको बीचमा राजुले एउटा रूखमा काग अल्भिएको देख्छ । त्यो काग पीडाले छट्पटाएर कराएको देख्दा राजुलाई ज्यादै माया लागेर आयो । त्यसपछि त्यो रूखमा अल्भिएको कागलाई सकी-नसकी रूखमा चढेर भुइँमा भारी ठूलो उपकार गर्छ । तर, कस्तो संयोग त्यो कागको एउटा खुट्टा भाँचिएको थियो । काग भुइँमा छट्पटिन थाल्यो । राजुले त्यो कागको घाउमा मलम लगाउने विचार गऱ्यो तर त्यहाँ भएका धेरै कागहरू आएर राजुलाई टोक्न र लुछ्न थाले । राजुले ती कागहरूबाट बच्ने प्रयास त गऱ्यो तर त्यो कागको हुलदेखि राजुको केही लागेन । आखिर ती अबुभ कागहरूले राजुको संसार हेर्ने आँखा खोसे, अनि त्यो कलिलो शरीरमा घाउ नै घाउ, चोट नै चोट बनाए । त्यसपछि राजु बेहोस भएर त्यही रूखको फेंदमा ढल्यो । कागहरू भने उसको चोक्टा लुछ्न तँछाडमछाड गरिरहेका थिए ।

**– कुमार सुनाम**

### मानवता

उसको ओठबाट निस्किएका पीडाका चित्कार सुनेर कान नथुन्ने मानिस त्यहाँ सायदै होलान् । रगताम्य शरीरमा मितेरी गाँस्न खोजिरहेको भिंगाको एक हुल सल्लाह गरिरहेका थिए । उसको क्षतविक्षत भएको बूढो घर अन्तरकुन्तरबाट आँसु निकाल्दै उसलाई एकटक हेरिरहेको थियो ।

प्राणको भीख मागिरहेको रगताम्य शरीरलाई चलचित्रको पर्दामा रहेको पात्रलाई जस्तै गरी हेरिरहेका थिए एक हुल भिंगा । कृत्रिम आँसुमा डुबेर छट्पटाएको शरीरसँग घिनाएका हातहरू बिस्तारै पछाडि सार्दै रमिता हेरिरहेका थिए । आफन्तको अभावमा छट्पटाएको शरीरको दर्शन गर्ने दर्शनार्थीहरूको आउने-जाने क्रम तीव्र रूपमा बढ्दै गएको थियो । केही टाढाबाट गम्भीर मुद्रामा अस्पतालले उसलाई लाचार मुद्रामा हेरिरहेको थियो । अगाडि थन्काइएका रित्ता एम्बुलेन्सहरू आराम गरिरहेका थिए । आफन्तहरूबीच आफन्तबिनाको शरीर अभै पनि जिउँदो थियो उपचारको आशामा ।

साँभ पऱ्यो बिस्तारै भीड हट्यो । केही बेरमा एम्बुलेन्स आइपुग्यो, ढलेको शरीर लिएर अस्पतालतर्फ हान्नियो । भोलिपल्ट अखबारको प्रथम पृष्ठभै खबर छापियो 'एक परिवारको मृत्यु ।'

**– सुदीप भट्टराई**

# ओझेलमा परेका आप्रवासी महिला

तेऱ्हथुम खाम्लालुङकी मनमाया विश्वकर्मा (२३) साउदी अरब गएको यसपालिको दसैंमा दुई वर्ष पुग्दै थियो, तर उनी दसैं आउनु एक महिनाअघि नै नेपाल आइन् । मुलुक द्वन्द्वको चपेटामा थियो । गाउँमा बस्न सक्ने अवस्था भएन । विद्रोहीले आफूसँग नगएको भोंक देखाउँथे भने राज्यले माओवादीको खैखबर गर्ने निहुँमा बेला न कुबेला सताउँथ्यो । त्यसपछि मनमायाले सोचिन्– बरु विदेश जानु नै बेस । आना-सुको कमाउन सके घरव्यवहार पनि सजिलै चल्थ्यो । रातोदिनको डर-धम्की पनि सहनु नपर्ने □

आफ्नै मामाका छोराको सहयोगमा उनी राजधानी आइन् । तीनटक्के ब्याजमा खोजेको पैसा र आमा र आफ्नो नाक, कानका गहना बेचेर जोरजाम गर्दा ८० हजार रुपैयाँ जम्मा भयो । दलालमार्फत तिनै मामाका छोराले दिल्ली हुँदै उनको साउदी अरबको यात्रा तय गरिदिए । सात कक्षा पढेकी अविवाहित मनमायालाई 'पसलमा सामान बेच्ने काम' भनिएको थियो । उता पुगेपछि थाहा भो, घरेलु कामदारका रूपमा पो लगिएको रहेछ ।

मनमायाले त्यो बेला भल्भली माओवादीको धम्की र राज्यको हप्काइदप्काइ सम्भिन् । ऋण गरेर ल्याएको पैसा सम्भिन् र निर्णय गरिन्- जति दुःख सहेर भए पनि काम गर्छु । एक छोरा र दम्पती मात्रै भएको घरमा काम गर्न पनि त्यति गाऱ्हो थिएन । उनले अत्याधुनिक सामग्री चलाउन पनि छिट्टै सिकिन् । अलिअलि भाषा पनि सिकिन्, तर समस्या अर्कै पऱ्यो । गएको केही दिनमा घरमालिक्नीले साहूले 'जे भन्छन् त्यही गर्नू' भन्ने आशयको सुभाव दिइन् । यसपछि मनमाया छाँगाबाट खसेभैं भइन् । मुस्लिम परम्पराअनुसार सौता हाल्न समस्या नहुने । लोग्नेले सौता नल्याऊन् भनेर उनले पहिल्यै 'रखौटी' को व्यवस्था गर्न खोजेकी थिइन् ।

मनमायाले उक्त कुरा स्वीकार गर्ने कुरै थिएन । बरु आत्महत्या गर्छु भनेर धम्क्याइन् । उनी भन्छिन्– 'कहिलेकाहीं भान्सामा काम गरिरहँदा साहूले चिमोट्थ्यो । उसलाई देख्नासाथ म कोठाभित्र पसेर चुकुल लाउँथें ।'

मनमायाले दुई वर्षमा दुई लाख कमाइन् । साहूको ऋण तिर्ने पैसा कमाएपछि उनी घर फर्किन् । त्यसो त पहिले पनि घर आउन खोजेकी थिइन् तर दुईवर्षे सम्भौताको कागज देखाएर साहूले निस्कनै दिएनन् । मनमाया भन्छिन्– 'मजस्ता त कति छन् कति त्यहाँ, तर कसैसँग भेटघाट गर्न पाइँदैनथ्यो ।'

अन्यत्र जस्तै वैदेशिक रोजगारीमा जाने महिलाको संख्या पनि बढेको छ । अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेलेको 'रेमिट्यान्स' मा महिलाहरूको योगदान पनि बढ्दैछ ।

केही समय मात्रै भयो, नेपालले महिलालाई खाडी राष्ट्रमा समेत जान सक्ने मान्यता प्रदान गरेको । यसअघि निश्चित देशबाहेक महिलालाई कामका लागि विदेश जान रोक थियो । औपचारिक वा अनौपचारिक जुन रूपमा बाहिरिए पनि तिनको रेखदेख गर्नु राज्यको दायित्व हो, तर सरकारले आफैंले अनुमोदन गरेको महिला महासन्धि (सिड) को मर्मलाई विशेषत: विदेश जाने महिला कामदारको हकमा लागू गरेको छैन ।





हङकङमा बसोबास गर्ने नेपाली महिलाहरू एक समारोहमा रमाइलो गर्दै ।

सिड महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि हो । यो महासन्धिले आप्रवासी महिलाको हकमा धारा ११ मा उल्लेख गरेको छ । उक्त धाराले महिलालाई रोजगारीमा समान अवसर दिनुपर्छ भन्ने आशयको व्याख्या गरेको छ । अन्तर्राष्ट्रिय मान्यता पाएको यो महासन्धि महिलाका हितमा कोसेढुङ्गा मानिन्छ । सन् १९७९ को डिसेम्बर १८ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा यसलाई पारित गरिएको हो । यसलाई करिब दुई सय राष्ट्रले सहमति जनाइसकेका छन् । नेपालले सन् १९९१ मा यसमा अनुमोदन गरेको हो । यसको अर्थ नेपालले पनि महिला महासन्धिलाई लागू गर्नुपर्छ ।

सबै आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलगायत नियम-कानुनको पालना गर्नु कामदार पठाउने र माग गर्ने दुवै राष्ट्रको दायित्व हो । यहाँ स्वाभाविक रूपमा प्रश्न उठ्छ, के हामीले त्यसको पालना गरेका छौं ? वा अरूले गरे-नगरेको अनुगमन गरेका छौं ? छैन भन्ने जवाफले सबैलाई दुःखी बनाउनु स्वाभाविक हो ।

महासन्धि अनुमोदन भएपछि विभेदपूर्ण सबै राष्ट्रिय कानुन स्वत: बदर हुन्छन् र अन्तर्राष्ट्रिय कानुनअनुसार ती विषयलाई सम्बोधन गरिन्छ । यस अर्थमा महिला हिंसाविरुद्धका सबै मुद्दामा राज्यको दायित्व छ । यो महासन्धिलाई महिलाको मानवअधिकार संरक्षण एवं सम्बर्द्धन गर्ने दस्तावेजका रूपमा समेत लिइन्छ । यसर्थ, राज्यले आप्रवासी महिलाको प्रश्नमा पनि चुप लाग्न मिल्दैन ।

युनिफेमकी कार्यक्रम संयोजक सरु जोशी भन्छिन्– 'आप्रवासले महिलालाई समानता र सशक्त बनाउँछ, तर हाम्रा धेरै दिदीबहिनी सामाजिक सुरक्षाको पहुँचबाट टाढा र न्यून ज्यालादारीमा काम गर्न विवश छन्, अदक्ष कामदारका रूपमा विदेश गएका छन् । देशमा उच्चस्तरीय संयन्त्र निर्माण गरी कामदार जाने सम्बन्धित देशसँग दौत्य सम्बन्ध स्थापना गर्नुपर्छ । आफ्ना नागरिकको स्थिति के छ भनेर अनुगमन गर्ने दायित्व राज्यको हो ।'

विश्वमा आर्थिक कूटनीतिको कुरो चलिरहँदा नेपाल भने श्रम सहचरीको व्यवस्था गर्न नसकेर अल्मलिरहेको छ । मन्त्रालय-मन्त्रालयबीच मेल नहुँदा विदेशमा बस्ने नागरिकका समस्यामा राज्य बेखबर छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता यादव खनाल भन्छन्– 'कामदारको रेखदेख गर्ने जिम्मा श्रम मन्त्रालयकै हो, तर श्रम मन्त्रालय भने परराष्ट्रको हस्तक्षेप भयो भन्ने प्रत्यारोप गर्छ ।'

अधिवक्ता सपना मल्ल प्रधानका अनुसार अनौपचारिक रूपमा केही वर्षयता महासन्धिले आप्रवासी महिलाका मुद्दा हेरिरहेको छ । महासन्धि पारित गर्दा आप्रवासको खासै समस्या नभएकाले त्यता ध्यान दिइएको थिएन । मल्ल भन्छिन्– 'विश्वमा नै महिला कामदार बढेपछि यौनजन्य दुर्व्यवहार, घरेलु हिंसा, बेचबिखनमा पारिनेजस्ता समस्या बढेका छन् ।' ती मुद्दालाई पनि सिडले समेट्नुपर्ने तर्क मल्लको छ ।

त्यसो त नेपालले पनि महासन्धिलाई ध्यानमा राखेर केही कार्यक्रम बनाएको छ । जस्तै सर्वोच्चले महासन्धिलाई व्याख्या गरेर २० वटा मुद्दाको फैसला सुनाएको छ, तर ती पर्याप्त भने छैनन् । यौनजन्य शोषण अन्त्य हुनुपर्ने, निश्चित घन्टासम्म काममा लगाउनुपर्ने, महिला सेवा शुल्क कम लिनुपर्ने, महिलालाई निश्चित कोटाको व्यवस्था गर्नुपर्ने, काम गर्न नचाहँदा सम्बन्धित देश फर्कन पाउनुपर्नेजस्ता कुरा सिडका विषयमा गैरसरकारी संस्थाले बनाएको छाया प्रतिवेदनमा पनि आएको छ । आप्रवासी महिलाको अधिकार सुनिश्चित गर्ने जिम्मा राज्यको हो । बल राज्यकै कोर्टमा छ, गोल पनि राज्यले नै गर्नुपर्छ । यदि नेपालले आप्रवासीका रूपमा रहेका महिलाको हितमा काम गर्न उपयुक्त संयन्त्र बनाउन सक्दैन भने युनिफेमजस्ता राष्ट्रसंघीय निकायसँग साभेदारीको हात अघि बढाउनुपर्छ ।

**सञ्चारिका लेखमाला/सञ्चारिका समूह**



किरण, त्यो दिन जे भयो त्यो एउटा आवेग थियो। मैले आफूलाई सम्हाल्न सकिन र त्यो बाढीमा तिमीलाई पनि बगाएर लगें। विश्वास गर म तिमीलाई डुबाउन चाहन्न। म तिम्रो जीवनको नाउ आफै खियाएर पार लगाउनेछु।

**एस**

पराया मानिस आफ्नो मानिस त सधैं आफ्नै हुन्छ तर तिमीले कहिल्लै मप्रति आफ्नोपनको व्यवहार देखाएनौ। तिमीजस्तो स्वार्थी र अवसरवादी मानिस यो संसारमा विरलै हुन्छन्। तिमी कसैको हुन सक्दैनौ, मेरो त के कुरा ? जसले तिमीलाई बुझ्छ उसले तिमीप्रति घृणा नै गर्नेछ।

**तिम्रो घृणित प्राणि**

मोटोरोला मोबाइल, एसएमएसमा कोड भाषा, स्कुलमा कोड भाषा, क्यान्टिनमा डबल अर्थ लाग्ने सम्वाद, म त हैरान भैसकें। तिमीले भन्न खोजेको कुरा के हो ? स्पष्टसँग भन, म बुझ्न चाहन्छु। अब धेरै पहेली नबुझाऊ।

**एलजी मोबाइल**

के, मलाई माफ गरिदेऊ, मेरा लोभी नजर कहीं, कतै... म पापी पनि होइन, स्वार्थी पनि होइन न त म धोकेवाज नै हुँ। म तिमीलाई त्यति नै माया गर्छु जति पहिले गर्थें। बिलिभ मि यार।

**जे.**

काले नैनो बाली, तिमीले मेरो होस उडायौ, मेरो निन्द्रा खेस्यौ, मेरो चैन लुट्यौ तर पनि म खुसी छु किन होला ? म आफै पनि आफूलाई लुटाउन, गुमाउन तयार छु। यो प्रेम भन्ने कुरै यस्तै रै'छ।

**कालो हेलमेट**

सुन्दर शान्त एवं सम्पन्न नेपालको भविष्य निर्माणमा लागेकाहरूलाई मेरो सलाम। अब झगडा, विवाद आदि केही नगरी कमसेकम १५ वर्ष प्रगतिका लागि काम गरेर देखाइदेओ, त्यसपछि जे गरे पनि हुन्छ बिन्ती।

**सचेत नागरिक**

सावित्री, जन्मदिनको मंगलमय शुभकामना। निरन्तर प्रगति गर सुखी र खुसी रहु।

**कमल**

## अनुरोध

**साप्ताहिकले यो वर्षदेखि अंग्रेजी क्यालेन्डरको नयाँ वर्ष तथा क्रिसमस डेका अवसरमा पनि पाठकहरूले आफन्तहरूसम्म शुभकामना सन्देश पठाउन सक्ने व्यवस्था मिलाएकोले २५ डिसेम्बरमा मनाइने क्रिसमस डेका अवसरमा शुभकामना पठाउन चाहने पाठकले पुस २ गते आइतबारसम्म तथा नयाँ वर्ष २००७ का लागि पुस ९ गते आइतबारसम्ममा आफ्ना शुभकामना सन्देश उपलब्ध गराइदिनुहुनु अनुरोध छ। –**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

**सम्पादक**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव : .............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ..............................................................

वर्ण : ..............................

इमेल : ..............................................................

ठेगाना : ..............................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................

..............................................................

gf]6 M तस्विर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटो

### स्तबधता



म स्तब्ध छु केही सोच्नै सकेको छैन, न त लेख्न नै। लेखूँ भने थाहा छैन कति लेख्छु, सोचें भने लाग्छ– जिन्दगी यसरी सोचेर नै बिताइदिन्छु होला। मेरा लागि कोही बाँचेको छ यो संसारमा, मेरा लागि एउटा फूल फुलिरहेको छ। कुरा धेरै अघिको होइन। म सधैं धाक लगाउँथें। म केही गरी पनि पागल हुन्नँ, तर आज विवशताले मलाई पागलको संज्ञा दिन पनि पछि परेन। म चिन्दिनँ उसलाई। सबैभन्दा अचम्म त के छ भने म ऊसँग अझैसम्म बोलेको पनि छैन।

उषाका लालीहरूलाई बादलले धपक्क ढाकेको छ। आकाशतिर हेरे सहजै अनुमान लगाउन सकिन्छ– पानी अझै रोकिनेछैन। कीर्तिपुरको बसाइ। नयाँबजार इलाकामा आएर गाडी चढ्न पुगें। मसँग एक जना साथी पनि थियो, ऊ पछाडि गयो। मैले अगाडिको सिटमा आँखा गाडें, देब्रेतिरको सिटमा एक युवती बसेकी थिइन्, अर्को खाली थियो। मैले त्यहीं बस्ने आँट गरें– 'यो सिट खाली हो ?' केही हडबडिएको अनुभव थियो तर पनि उसले जवाफ दिई– 'खाली हो तर □' म पुनः प्रश्न सोध्न पुगें– 'किन ?' 'यहाँ पानी आउँछ,' उनले जवाफ दिइन्।

बाहिर पानि परिरहेको थियो, तर पनि गाडीमा मान्छेको भीड बढ्दै गएकाले मलाई त्यसको कुनै पर्वाह भएन। म त्यहीं गएर बसें। कति बज्यो होला ? मलाई समयको खाँचो थियो। उनले हातको घडी देखाइदिइन्। एघार बजेर पन्ध्र मिनेट गएको रहेछ। मलाई अफिस पुग्नु थियो, त्योभन्दा अरू कुनै कुराको पर्वाह थिएन। एक्कासि हाम्रा आँखा जुध्न पुगे। लाग्थ्यो, उनले बल गरेर मलाई नै हेरेकी हुन्। म केही बोल्न खोजें, तर असम्भव □ सक्दै सकिनँ, कति प्रयास गरें सक्दै सकिनँ। गाडी आफ्नै गतिमा अघि बढ्यो।

बसमा मानिस खचाखच भरिएका थिए। कतिले यसो हामीतिर आँखा डुलाउँथें, सायद उनीहरूमा पनि मेरो पागलपनको प्रभाव परेको थियो होला। म लज्जित हुन्थें अनि भुइँतिर आँखा गाँड्थें। मैले उनलाई हेरिरहें। लाग्थ्यो उनी पनि मलाई छड्के आँखाले हेरिरहेकी छिन्। गाडी बल्खु-कालिमाटी हुँदै त्रिपुरेश्वर आइपुग्दा पुनः हाम्रा आँखा जुधे। त्यस बेला पनि म बोल्न खोजें, उनको हेराइमा आत्मीयता झल्कन्थ्यो। उनी भावुक थिइन्। म फेरि उनीसँग बोल्न खोजें तर असम्भव □ त्यस बेलाको प्रयास पनि असफल भयो।

झुकेर उनको झोला हेर्थें। खुजमुजिएको उनको झोलाले मलाई नै हेरेजस्तो लाग्थ्यो, अनि फेरि बोल्न खोजें तर पनि सकिनँ। कस्तो मान्छे म। म कतै आफैंलाई ढाँटिरहेको छैन ? म यस्तै हरप्रकारका तरङ्गको सामना गर्दै आफैंसँग हारिरहेको थिएँ।

मेरो साथी रत्नपार्कमा झर्‍यो। म पुनः उनको अनुहार नियाल्न पुगें। म लज्जित पनि भइनँ, लाग्थ्यो म उनलाई मन पराउन थालेको थिएँ। यस्तो पनि हुँदो रहेछ। खै कुन हावाले मलाई त्यस्तो गरायो र किन म उनीप्रति त्यसरी आकर्षित भएँ ? मलाई नै थाहा छैन। मलाई जमलमा झर्नु थियो। जमल आउन बेर लागेन। म जमलमा झर्नका लागि सानो बाटो माग्दै थिए। यसरी म भावनाको त्यान्द्रो तान्दै उनीसँग छुट्टिएर धेरै टाढा पुगें। थाहा छैन, मैले किन त्यस्तो गरें र त्यसपछि उनले के गरिन् ? लाग्छ उनले पनि मलाई बिर्सन सकेकी छैनन्।

म बसबाट झर्दा उनले एकपटक मलाई हेरेकी थिइन्, तर मैले आँखाले भ्याउन्जेल हेरें। हो, मैले आँखाले भ्याउन्जेल हेरेको थिएँ। सबै क्षण एकै खालका हुँदैनन्। कुनै क्षण त चाहेर पनि भुल्न पनि नसक्ने खालका हुँदा रहेछन्। त्यो क्षण मैले भुल्नै सकेको छैन।

**–बी**

### अटुट यात्रा

हाम्रो मिलनले यति चाँडै प्रेमको रूप लेला भन्ने मैले सोचेको थिइन। करिब तीन महिना पहिले अध्ययनको सिलसिलामा उनी काठमाडौं भित्रिएकी थिइन्। सुरुमा मैले उनीप्रति झ्याप्पै माया दर्साउन सकिनँ। हामी एउटै घरको तल-माथि बस्थ्यौं। उनी मेरी दिदीको नजिककी नातेदार थिइन् तर हामी भने उक्त नाताबाट टाढै थियौं। दिनहुँको भेटघाटले हामीमा प्रेमको भावना पलाएको न त उनलाई थाहा थियो न त मलाई नै। दुई-तीन वर्ष पहिले मैले उनलाई आफ्नै घरमा देखेको थिएँ। त्यो बेला मैले उनलाई सामान्य साथी वा पारिवारिक नातामा मात्रै जोड दिएको थिएँ। एक दिन मैले उनलाई पूजाको अवसरमा उनकै मावलीमा भेटेको थिएँ। उनले मेरो हात समाएर मलाई आफू नजिकै राखी धेरै कुरा गरेकी थिइन्।

आज हाम्रो मिलन उत्तिकै गाढा र स्नेहपूर्ण छ। उनी र मेरो भेट दिनहुँ भैरहन्छ। हामीबीच कहिले माया त कहिले व्यावहारिकताका सम्बन्धमा कुरा हुन्छन्। उनले मुखले सबै कुरा नभने पनि मुहार र आँखाले नै हामीबीचको नातालाई अभिव्यक्त गर्छे। म उनलाई साह्रै माया गर्छु। म यो सम्बन्धलाई निरन्तरता दिई जीवनभर उनीप्रति नै समर्पित हुन चाहन्छु। हामी सानातिना, झिनामसिना कुरा पनि एकअर्कालाई भन्दै त्यसको सामाधान खोज्छौं। म आफ्नो अध्ययनमा केन्द्रित छु। उनको माया र स्नेहले मलाई मेरो जीवन र अध्ययनमा ऊर्जा थपेको छ। हाम्रो सम्बन्धलाई साथ दिने उनकै भाइ छन् जो मेरा निकटतम साथी पनि हुन्। उनले हामीबीच पर्ने अप्ठ्याराहरूको समाधान गरिदिन्छन्। उनी पनि हाम्रो सम्बन्धलाई निरन्तरता दिन चाहन्छिन्।

**–जमु**

## साप्ताहिक साथी



एउटा निजी अस्पतालमा परिचरका रूपमा कार्यरत २३ वर्षीय रामदास चौधरीले विद्यालयसम्मको अध्ययन गरेका छन्। आफूभन्दा ठूलालाई आदर गर्ने तथा सानालाई माया गर्ने स्वभावका चौधरी पत्रपत्रिका पढ्न एवं संगीत सुन्न रुचि राख्छन्। चौधरी कुलतमा नलागेका तथा मित्रको महत्त्व बुझेका व्यक्तिहरूलाई पोखरास्थित फिस्टेल अस्पतालमा पत्राचार गर्न अनुरोध गर्छन्।



समाजसेवीका रूपमा आफ्नो सार्वजनिक जीवन प्रारम्भ गरेका २१ वर्षीय रामप्रसाद पन्त प्रवीणता प्रमाणपत्रतहमा अध्ययनरत छन्। 'अन्जान वनवासी'का उपनामले समेत परिचित पन्त भ्रमण, समाजसेवा एवं पत्रमित्रतामा रुचि राख्छन्। ५ फिट १० इन्च अग्ला पन्त छूवाछूतको भावना नराख्ने तथा पत्रमित्रतालाई दीर्घजीवी बनाउने साथीको खोजीमा छन्। पन्तलाई पोस्ट बक्स नम्बर ११९४० डिल्लीबजारमा सम्पर्क राख्न सकिन्छ।



कक्षा १२ मा अध्ययनरत २१ वर्षीय मञ्जित थापा 'रमेश' ५ फिट ६ इन्च अग्ला छन्। हँसिला स्वभावका अविवाहित थापा सच्चा साथीको खोजीमा छन्। आफू जस्तै हँसिला, दुःखमा साथ दिने साथीको खोजीमा रहेका थापालाई ब्रिलियन्ट मल्टिपल कलेज, सिफल काठमाडौंमा पत्राचार गर्न सकिन्छ।

# मोह अश्लील पत्रिकाको

**शिव शर्मा**

पोखरा- यौवनावस्थाले छोपेपछि यौन चाहना र उत्सुकता बढ्नु स्वाभाविक हो। हरेक युवायुवतीहरू तन्नेरी भएपछि यौन क्रियाकलापप्रति रुचि राख्न थाल्छन्। यसका लागि उनीहरू बढीभन्दा बढी ज्ञान बटुल्न खोज्छन्। त्यसका लागि उनीहरू यौनजन्य उपन्यासहरू खोजी-खोजी पढ्छन्।

आजभोलि सहर-बजारमा यौन शिक्षा दिने नाममा अश्लील पत्रपत्रिकाहरूको व्यापार बढेको छ। आवरणमा कामुक तस्बिर भएका पुस्तकहरू बजारमा छ्याप्छ्याप्ती पाइन्छन्। यस्ता अश्लील पत्रपत्रिकाहरूको प्रकाशन पनि पछिल्लो समयमा निकै बढेको देखिन्छ। पुस्तक पसलहरूमा पनि यौन उत्तेजक तस्बिर भएका पुस्तकहरू निकै फोकस गरेर राखिन्छ। हरेक पुस्तक पसलमा धेरैका नजर यौन उत्तेजक पुस्तकहरूमा नै परेको हुन्छ। कतिले नियाली-नियाली पाना पल्टाएर तिनै पुस्तक हेर्छन्। कोही भने छि कति अश्लील ? भनेर गाली गर्छन्। जसले जुन रूपमा हेरे पनि यस्तै पत्रपत्रिकाका ग्राहक बढी छन्। यस्ता अश्लील पत्रपत्रिका खोज्न आउने ग्राहकहरूमा १६ देखि २५ वर्षका अविवाहित युवायुवतीहरूको संख्या धेरै भएको स्थानीय व्यापारीहरू बताउँछन्।



केही वयस्क पुरुष तथा महिलाहरूले पनि यस्ता खालका पत्रपत्रिकाहरू पढ्ने रुचि राखेको पाइन्छ। पसलमा आउने ग्राहकहरू अश्लील पत्रपत्रिका खरिद गर्न अप्ठ्यारो महसुस गर्ने हुनाले उनीहरू लुकेर खरिद गर्छन्। अश्लील पत्रिका पढ्ने चाहना राखे पनि खरिद गर्न संकोच मान्नेहरू पनि प्रशस्तै छन्। विदेशबाट मात्र होइन स्वदेशबाट पनि कामुकता झल्कने पत्रिकाहरू प्रकाशनको होडबाजी चलेको छ। जति कामुकता दिन सक्यो पत्रिकाको व्यापार त्यति नै बढी हुन्छ भन्ने होडमा प्रकाशकहरू लागिरहेका छन्।

एकातिर यसरी यौनसम्बन्धी कामुक पत्रिकाको होडबाजी चलिरहेको छ अर्कातिर त्यस्ता पत्रपत्रिकाहरूमा मोडलहरूको स्वीकृति बिना चरित्र हत्या गर्ने किसिमले तस्बिर छापेर बदनाम गर्ने गरेको पाइन्छ। त्यो पीडाबाट पोखराकी मोडल सकिला गुरुङ पनि अछूत रहिनन्। उनको स्वीकृति बिना नै 'यौवनको व्यापार' नामक पुस्तकमा उनको तस्बिर आवरणमै राखियो। यसरी आफ्नो स्वीकृति बिना अश्लील पत्रिकामा आफ्नो तस्बिर देखेपछि उनी दुःखी र आक्रोशित भइन्। स्थानीय वेभसाइट पोखरा सिटीले फोटोसेसन गराएको तस्बिरलाई पत्रिकाले छापेको हो। अश्लील पत्रिकाहरूको कार्यालयमा गएर छापा नमारिएको पनि होइन तर अहिले आएर दोब्बर संख्यामा त्यस्ता पत्रिकाहरूको प्रकाशन एवं बिक्री-वितरण भैरहेको छ।

जानकारहरू यसले यौन अपराधलाई बढावा दिएको बताउँछन् तर गोरखाका राजेश केसी भन्छन्- यसले यौन ज्ञान पनि दिएको छ। युवतीहरूसँग यस किसिमका पत्रिकाका बारेमा जिज्ञासा राख्न खोज्दा उनीहरू नाजवाफ हुन्छन्। यस्ता पत्रिकाहरू प्रकाशन नै नहुने हो भने हामीले बिक्री गर्नु पर्दैनथ्यो- पुस्तक बिक्रेताहरू यस्तै जवाफ दिन्छन्।

अधिकांश अश्लील पत्रिका राजधानीबाट रंगीन कलेवरमा निस्कने गरेका छन्। पछिल्लो समयमा नग्न तस्बिर भएका उपन्यासहरू पनि प्रकाशन हुने क्रम त्यत्तिकै बढेको छ। युवायुवतीहरूले त खोजी-खोजी कामुक उपन्यास नै पढ्ने गरेको एक अध्ययनले देखाएको छ। विदेशबाट पनि त्यत्तिकै मात्रमा कामुक उपन्यास तथा पुस्तकहरू आउने गरेका छन्।

# विवाहपूर्वको यौनसम्बन्ध कतिको उचित हो ?

विल्कुलै अनुचित, किनकि यसबाट उत्पन्न हुने समस्या खतरनाक हुन्छ ।

**सुदर्शन खतिवडा, नुवाकोट**

जिन्दगीको मज्जा नै इन्ज्वाइमा छ, तसर्थ उचित हो ।

**सुवास थापा** (१९), **पोखरा**

आवश्यकता त छैन, तर कसैको इच्छा पूरा हुन्छ भने प्रस्ताव स्वीकार गरे केही फरक पर्दैन ।

**राजु गौतम, खैरहनी, चितवन**

मलाई यो प्रश्नको उत्तर आएन, त्यसैले पास गर्छु । बरु उत्तरचाहिँ भन्नु न सम्पादकज्यू ?

**सुनील मंग्राती** (१६), **काठमाडौं**

एकदम उचित हो ।

**सरोज मैनाली**

मलाई राम्रो लाग्छ, किनकि विवाहपूर्व यौनसम्बन्ध राख्न सकियो भने अनुभवी बनिन्छ र भविष्यमा यस्तो काममा फेल भइँदैन ।

**niphop–rayamajhi@yahoo.com**

अनुचित हो । किनभने कारणवश यौनसम्बन्धबाट गर्भ रहन गए समाजमा अपहेलना हुन्छ । लुकीछिपी अदक्ष प्राविधिकबाट गर्भपतन गराउन वा अवैध शिशुको जन्म दिए समाजमा तिरस्कृत हुनुपर्छ । नवजात शिशुको हत्यामा परी कानुनी जञ्जालमा फस्नुपर्छ ।

**चिरञ्जीवी रेग्मी** (२३), **कपिलवस्तु**

आधा राम्रो, आधा नराम्रो ।

**शान्ता गौचन** (२३), **हल्दीबारी, झापा**

नेपालको परिप्रेक्ष्यमा विवाहअघिको यौनसम्बन्ध व्यावहारिक रूपमा पनि उचित छैन, किनभने एकैछिनको असावधानीका कारण जीवन नै बर्बाद हुन पनि सक्छ ।

**बालमुकुन्द अधिकारी**

यौन आधारभूत आवश्यकता नै हो । के यो विवाह हुनु र नहुनुसँग सम्बन्धित छ र ?

**महेश गिरी** (२०), **स्याङ्जा**

आफ्ना लागि त उचित नै हुन्छ, तर आफूले विवाह गर्ने केटीका लागि अनुचित हुन्छ ।

**युवराज न्यौपाने** (२०) **बलाम, स्याङ्जा**

उचित हो । विवाहपूर्व नै नराखे विवाहपछि कसरी राख्ने ?

**राजकुमार सिंखडा**

खै, यो विषयमा मलाई आइडिया भएन है ।

**हरिन्द्र कार्की** (२२)

उचित छैन, किनकि यो नेपाली संस्कृतिअनुकूल छैन, यस्तो सम्बन्धले क्षणिक सन्तुष्टि मात्र दिन्छ । बरु यसले अनेकन रोग तथा झगडाको बीउ पनि रोप्न सक्छ ।

**यतिराज तिमिल्सिना**

पटक्कै ठीक हेइन, किनकि यो समस्या प्रय: महिलाहरूलाई पर्छ। एक त सामाजिक मान-मर्यादाको देषी बन्नुपर्नेछ । पछि गएर एक-अर्कामा मनमुटाव भयो भने अघि बढ्ने सम्भावना कम हुन्छ अनि परेन त फसाद ? विश्वास र साँचो प्रेम छ भने त केही फरक पर्दैन तर पनि सोच्नैपर्ने हुन्छ है।

**नीरज श्रेष्ठ** (२०) **रामेछाप**

एकदमै अनुचित हो । किनकि यस्ता नाजायज सम्बन्धले समस्या मात्र उब्जन्छ ।

**दीपेश कट्टुवाल**

नेपाली संस्कारले नै नदिएको कुरा, उचित होइन कि ?

**रामटीका अर्याल**

उचित हो, सम्बन्ध राख्नुपर्छ किनकि विवाहअघि यौनसम्बन्ध राखेपछि विवाह भएपछि कसैसित सिक्नु पर्दैन ।

**जेपी सापकोटा** (२०), **काभ्रे**

उचित होइन । यसले कुनै पनि मानिसको सुन्दर भविष्यलाई नै अन्धकार बनाउँछ ।

**गौरी सापकोटा, तनहुँ**

यौनसम्बन्धले दुई आत्मालाई निकट बनाउँछ, जुन युगौं युगान्तर चलिरहन्छ । यस्तो सम्बन्ध केवल परिपक्व जवान युवा-युवतीमा हुन्छ । कोही प्रेम गरेर यौनसम्पर्क गर्छन्, कोही यौनसम्पर्क गरेर प्रेम गर्छन् । यदि दुई प्रेमी-प्रेमिका बीच समझदारीपूर्ण यौन सम्पर्क हुन्छ भने उचित हुन्छ । असमझदारीमा गर्न खोज्छ भने अनुचित हो ।

**मनिक न्यौपाने** (२३), **गोरखा**

एकदम अनुचित, किनभने जहाँ मन खोलिन्छ त्यहाँ कपडा खोलिँदैन र जहाँ कपडा खोलिन्छ त्यहाँ मन खोलिँदैन । जीवनमा यौन नै ठूलो कुरा होइन । महत्त्वपूर्ण कुरा त अटुट र अमर साथ हो ।

**विकास थापा**

धोका र प्रलय नहुने गरी गर्नु उचित हो ।

**सुवेश भडेल** (२४)

आफू त आफैंलाई हेरेर चित्त बुझाइन्छ, दायाँबायाँ लागिन्न ।

**काशीराम विरस**


पाएको कसैले छाड्छ र ? म त पाए छोड्दिनँ ।

**अकबर भडेल**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. के गरे पैसा कमाइन्छ ?
२. सफल मान्छे हुन के गर्नुपर्छ ?
३. पुरुषको व्यक्तित्व केमा हुन्छ ?
४. रक्सी र युवतीमध्ये के को लत (नसा) खतरनाक ? किन ?
५. तपाईंलाई केले सुखी र सन्तुष्ट बनाउँछ ?
६. के रक्सी वा नशाले दु:ख भुल्न सकिन्छ ?
७. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
८. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
९. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
१०. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?






**प्रश्न : म १७ वर्षीया युवती हुँ । मेरो शरीर पातलो किसिमको छ । मेरो स्तन पनि साह्रै सानो छ । १४–१५ को उमेरमा स्तनको आकार ठूलो थियो । अहिले आएर अकस्मात स्तनको आकारमा परिवर्तन आएर सानो भएको छ, जसले गर्दा मेरो सौन्दर्यमा कमी आएको छ । शरीर पनि स्लिम छ, त्यसैले साथीहरूले जिस्क्याउँछन् । एक पटक साथीको सहायताले मैले महिना दिनसम्म हल्का रूपमा स्तनलाई आफैं मसाज गरें । त्यति गर्दा पनि मेरो स्तनको आकारमा परिवर्तन आएन । स्तनको आकार परिवर्तन गर्न के गर्नुपर्ला ? यो के कारणले गर्दा भएको हो ?**

**–दिवानी**

**उत्तर** : महिलाको छातीमा भएका दुईवटा विशेष ग्रन्थिलाई नै हामी स्तन भनेर बुझ्छौं । स्तन शिशुको पोषणका लागि जति महत्त्वपूर्ण छ यौनका दृष्टिकोणले पनि त्यति नै महत्त्वपूर्ण छ । सौन्दर्य एवं आकर्षणसँग गाँसिएकाले यसको नाप र आकारले व्यक्तिको आत्मसम्मानमा असर पर्न सक्छ । व्यक्ति-व्यक्तिअनुसार हाम्रो शरीर तथा अन्य अंगको आकार तथा प्रकारमा फरक भएजस्तै स्तनको आकार-प्रकार पनि फरक-फरक हुन्छ । कुनै साना हुन्छन् भने कुनै ठूला । त्यसैगरी गरी आकृति पनि गोलाकारदेखि झोल्लिएको पनि हुन सक्छ ।

**स्तन किन सानो भएको ?**

स्तनको विकासका क्रममा यसको आकार र कडापनमा पनि परिवर्तन हुन्छ । किशोरावस्थामा विकास हुँदा स्तनको तन्तु बढ्दै जाँदा यो गोलाकार हुन्छ । त्यति बेला यसका तन्तु पनि निकै खँदिलो हुनाले वयस्क उमेरका महिलाभन्दा कडा हुन्छ । उमेर बढ्दै गएपछि स्तनको खँदिलोपन पनि घट्दै जाने हुनाले पहिलेको तुलनामा नरम हुँदै जान्छ । स्तनको कडापन र स्तन विकासको कुन चरणमा छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

स्तनको आकारमा वंशाणुगत कुराहरूको प्रभाव एकातिर हुन्छ भने अर्कातिर पोषणको । यी दुवैको संयुक्त प्रभाव स्तनको आकार निर्धारणमा महत्त्वपूर्ण छ । पोषण ठीक नभएको स्थितिमा शरीरको तौल कम हुने मात्र होइन, स्तनको आकारमा यसको प्रभाव पर्छ । पहिले आवश्यक तौल भए पनि शरीरको तौल घट्न गएको स्थितिमा स्तनको आकारमा कमी आउन सक्छ । पोषणको स्थितिमा सुधारपछि तौल बढ्न थाले स्तनको आकार पुरानै अवस्थामा फर्कन सक्छ । तौलमा थोरै मात्र उतार-चढाव हुँदा स्तनमा यी परिवर्तन स्पष्टसँग नदेखिन पनि सक्छ । तपाईंले उचाइ र तौल दुवैका सम्बन्धमा केही उल्लेख नगर्नु भएकाले यस विषयमा केही भन्न सकिने स्थिति भएन, तर यो भने पक्कै भन्न सकिन्छ– आफ्नो शरीरको तौललाई सही राख्ने प्रयास गर्नुहोला ।

**के साँच्चै स्तन सानो भएको हो त ?**

स्तन विकासको क्रममा हुने परिवर्तनलाई नै कति जनाले स्तन सानो भएको मान्न सक्छन् । तपाईंले अकस्मात् स्तनमा परिवर्तन आएको कुरा त गर्नुभएको छ, तर यहाँ तपाईंले स्तनको नाप पहिले कति थियो, अहिले कति छ भन्नेजस्ता ठोस कुरा उल्लेख गर्नुभएकाले स्तन यति इन्च सानो भएको भन्न सकिने स्थिति भएन । तपाईंको शरीरको वजनमा के-कति परिवर्तन आएको छ भन्ने कुरा पनि विस्तृत रूपमा लेख्नुभएको छैन ।

यहाँ अर्को कुरा पनि विचार गर्नुपर्ने हुन्छ । विशेष गरेर वास्तविक रूपमा स्तन ठूलो नभए पनि किशोरावस्थामा भर्खर स्तनको विकास हुँदा स्तन आफूलाई ठूलो लागेको हुनसक्छ । पछि स्तनको नाप र आकारमा अभ्यस्त भएपछि त्यो स्थिति आउँदैन । किशोरावस्थाको सुरुमा तपाईंमा स्तन ठूलो हुनुपर्ने दबाब नहुन सक्छ, तर पछि सो दबाब बढी भएको हुनसक्छ । यसमा तपाईंमा आमसञ्चारका माध्यमको प्रभाव पनि परेको हुनसक्छ भने अर्कातिर तपाईंको नजिकका किशोरी साथीहरूका स्तन बढी ठूलो भएको र केटा साथीहरू उतै केही बढी आकर्षित भएकाले पनि यस्तो दबाब हुनसक्छ ।

बुझ्नुपर्ने कुरा के हो स्तनको आकार सानै भए पनि स्तनले यौनआनन्द दिन, स्तनपान गराउन वा दूध उत्पादन गर्न कुनै फरक पार्दैन ।

**स्तन आकर्षक देखाउने उपायहरू**

अचेल शरीरचाहिँ अति पातलो तर स्तनचाहिँ ठूला चाहिने फेसन छ । छापा वा चलचित्र, टेलिभिजनमा देखिएका कति कुराको सत्यता विचार नगरी त्यसै पछि लाग्नु हुँदैन । भाग्यवश स्तन खुला राख्नु नपर्ने अंग भएकाले यसको उभारलाई शल्यक्रिया नै नगरी बढी भएको जस्तो देखाउन सकिन्छ । सबैभन्दा सजिलो त आफ्नो थुनचोली (ब्रा) भित्र कपडा, कपास वा यस्तै कुनै वस्तुको प्रयोग गर्नु नै सबैभन्दा सजिलो तथा सस्तो उपाय हो । त्यसबाहेक अलि खर्च गरेर त्यस्तै वस्तुको प्रयोग गर्न सकिन्छ । स्तनलाई माथीतिर उचाल्न प्रयोग गरिने साधनहरूले स्तनको वास्तविक आकारमा परिवर्तन नगरे पनि देख्दा स्तन ठूलो भएजस्तो देखिन्छ र सुन्दरतामा वृद्धि हुन्छ । यसै किसिमको स्तनलाई पूरै ढाक्ने साधन पनि प्रयोग गर्न सकिन्छ, जसको मद्दतले स्तन दुई साइजसम्म ठूलो भएजस्तो पार्न सकिन्छ । यसैगरी आफ्नो वक्षस्थलमा उभार ल्याउन बाक्लो तरल सिलिकोन भएका साधनहरू पनि पाइन्छन् । ब्राभित्र लगाउन मिल्ने यस्ता साधनको प्रयोग गर्दा लुगा बाहिरबाट स्पर्श गर्दासमेत सजिलै वास्तविक स्तन हो वा कृत्रिम होइन, यसै भन्न सकिँदैन । यी साधनको प्रयोगले स्तनको आकारलाई यस्तै एक वा दुई साइज बढी बनाउन सकिने भएकाले ब्रा पनि त्यही आकारको लगाउनुपर्ने हुन्छ ।

स्तनमा लगाउने इस्ट्रोजनयुक्त क्रिम अनि पम्पले स्तनको आकार बढाउने दाबी गरिएको छ, तर यसले स्तनको आकार तथा नापमा पार्ने स्थायी प्रभावका सम्बन्धमा अझै केही विवाद छ । शल्यक्रिया गरेर स्तनको आकार बढाउनु एक स्थायी उपाय हो, तर शल्यक्रिया गर्नुभन्दा पहिले धेरै कुरामा विचार गर्नुपर्ने हुन्छ, किनकि यी विधि खर्चिलो मात्र नभई शल्यक्रियाका नकारात्मक प्रभाव पनि हुन सक्छन् ।

Language & Computer
Own course books, Audio-visual, Trained teachers
English, Chinese, Japanese, German, French
Hebrew, Korean, Spanish
TOEFL/IELTS
Computer & Basic to Diploma
Osish Language Centre
Adwait Marg, Bag bazar, Kathmandu, 4-232866

नेपाल सरकारद्वारा मान्यता प्राप्त
दक्ष तथा अनुभवि सेफद्वारा पढाइने
होटल तालिममा भर्ना खुल्यो
कुक, वेटर, हाउसकिपिङ्ग, रुमब्वाई, बेलब्वाई
लण्ड्रीमेन
साथमा English Language पनि
नोटः कुक सिक्नेलाई Waiter फ्रि
इजरायल जानेहरूले सिक्नै पर्ने तालिम
केयरगिभर
साथ
इजरायली भाषा पनि
नोटः सबैको रू ५०००/– मात्र
कामना
4601878, 9841268409
कोटेश्वर चोक (प्रहरी चौकी संगै)

AXIS MEDIA
उद्घोषण
Special Courses ( 20 days) Rs. 1500/-
Advance Courses (45 days) Rs. 3000/
पहिलो पटक रेडियो मार्केटिङ्को कक्षा संचालन भैरहेको छ
रोजगारीको ग्यारेण्टीका साथ
प्रमुख प्रशिक्षक RJ/VJ
कुसुम वज्राचार्य
नरेश भट्टराई
महिमा भट्टराई
शिरोमणि दवाडी
दिपक समिर
Axis Media & Entertainment
Bagbazar, Kathmandu

JOB GUARANTEE @ SBS
We provide to you Professional Education in
Computer, Language, Hotel Training
Abroad Study: (USA, UK, GERMANY, CANADA, JAPAN & more)
Visa Preparation Classes
Travel Information, Email Internet
Language Computer
FREE Hotel Training
Contact:
SBS
Computer Language
Thamel - 4423932, 9841488766
Video Editing Programme Job Guarantee Graphic Design

## साताका श्रीमान्



**अहिले के गर्दै हुनुहुन्छ ?**
धेरै समय त ब्युटी सैलुनको रेखदेखमा संलग्न हुँदै बित्छ। त्यसबाहेक आफ्नो निजी कार्य पनि गर्नैपऱ्यो। त्यसैले म अहिले यस्तै घरायसी काममै व्यस्त छु।

**विवाह हुँदा तपाईं के गर्नुहुन्थ्यो ?**
म देहरादुनबाट फरेस्ट्री अफिसरको मास्टर्स ट्रेनिङ सकेर इलामपछि सुनसरीको पोस्टिङमा थिएँ। उनी त्यतिबेला चौध वर्षकी थिइन् र कक्षा आठमा पढ्दै थिइन्।

**पहिलो भेटघाट कहाँ भएको थियो ?**
म अफिसको कामको सिलसिलामा सुनसरीमा थिएँ, उनी स्कुलको छुट्टीमा थिइन्। त्यही सिलसिलाको भेटघाट डेढ वर्षपछि विवाहमा परिवर्तन भएको हो।

**अन्तरजातीय विवाह सम्भव भयो त ?**
पहिले त दुवैतर्फबाट विरोध आयो। तैपनि रूढिवादी धारणाविरुद्ध हामी आफ्नो निर्णयमा विचलित नभई अडिग रह्यौं। अन्त्यमा दुवैको घरपरिवारले झुक्नुपऱ्यो।

**कमला श्रेष्ठलाई वैवाहिक जीवनमा कस्तो पाउनुभएको छ ?**
उनलाई मैले श्रीमती, साथी एवं सहयोगीका रूपमा हरेक पाइलामा पाइरहेको छु। कुनै बाधा बिना हामी अहिलेसम्म सफल यात्रामा छौं।

**श्रीमतीको कामका सम्बन्धमा के भन्नुहुन्छ ?**
यस क्षेत्रमा उनी मेरै सहमतिमा अघि बढेकी हुन्। त्यसमा म एकदमै खुसी र सन्तुष्ट छु। म उनी अझ अघि बढून् भन्ने कामना पनि गर्छु।

**वैवाहिक जीवन कस्तो छ ?**
सानो काम गर्दा पनि एक-अर्का बिना गर्न आत्माले पनि मान्दैन। सानै उमेरमा विवाह भएकाले पनि होला म उनको पति र अभिभावकै रूपमा छु।

**उहाँ साह्रै व्यस्त भएर घरमा समय दिन नसक्दा कस्तो लाग्छ ?**
सामान्य रूपमा एउटी महिलाले घरलाई जति समय दिन्छिन्, उनले दिन त सक्दिनन् तर अनुकूलता मिलाएर समय निकालिरहेकी छिन्। मेरो जागिरे जीवनमा म पनि कहिले देशका जिल्ला-जिल्लामा थिएँ त कहिले विदेशमा, त्यसैले मैले अहिलेसम्म गुनासो गरेको छैन।

**एउटी कामकाजी महिलालाई श्रीमान्को सहयोग कत्तिको आवश्यक हुन्छ ?**
श्रीमान्-श्रीमती भनेका एकै सिक्काका दुई पाटा हुन्। त्यसमाथि हाम्रो जस्तो खुट्टा तान्ने तथा इर्ष्या भएको समाजमा त श्रीमान्को सहयोग अवश्य नै चाहिन्छ।

**विवाहदेखि अहिलेसम्म श्रीमतीमा कस्तो परिवर्तन पाउनुभएको छ ?**
सानै उमेरमा विवाह गरेर पनि होला मैले उनमा परिपक्वता पाएको थिइन। अहिले उमेरअनुसार धेरै नै परिपक्वता आएको छ तर उनी सानैदेखि बुझक्कड र आ□नो विचारमा दृढ स्वभावकी थिइन्। विवाहपछि म आफू हिडिरहनु पर्ने भएकाले पहिले उनलाई होस्टेलमा राखी माध्यमिक शिक्षा पूरा गर्न लगाएँ, पछि उनले स्नातकसम्मको शिक्षा पूरा गरिन्।

**श्रीमान्-श्रीमती दुवै कामकाजी हुँदा छोराछोरीहरू हुर्काउन गाह्रो भएन ?**
जागिरमा पनि प्रशस्त सुविधा थियो, त्यसमाथि तपाईं पत्याउन हुन्न होला म छोराको रेखदेखमा प्रशस्त समय दिन्थें।

**श्रीमतीलाई सौन्दर्यको क्षेत्रमा कसरी प्रवेश गराउनुभयो ?**
२०३२ सालमा यु.एन. को जागिरका क्रममा सपरिवार थाइल्यान्ड बस्दा समयको सदुपयोग पनि हुने र उनको लगाव पनि यसैमा भएकाले ६ महिने ब्युटिसियन तालिम तथा २ वर्षे डिप्लोमा गर्न प्रेरित गरेको थिएँ।

**कस्तो प्रतिक्रिया पाउनुभएको थियो ?**
यस क्षेत्रमा कार्य गर्ने मानिस त औंलामा गन्न सकिने थिए। त्यसमाथि ललितपुरमा त एउटै पार्लर थिएन। सबैले नाइले गर्ने काम के सिकाएको भन्थे।

**श्रीमतीको कुन बानी मन पर्दैन ?**
उनको एउटा विशिष्ट प्रवृत्ति छ– भोक लागेपछि शिशु जस्तो खाइहाल्नुपर्ने, चित्तबुझ्दो सामान किनेपछि जतिसक्दो चाँडो उपयोग गर्नुपर्ने, यसलाई कस्तो बानी भन्ने तपाईं आफै निर्णय गर्नुहोस्।

**कुन कुरामा झगडा हुन्छ ?**
किनमेल गर्न जाँदा हाम्रो रोजाइ फरक हुन्छ। तैपनि उनी मेरो इच्छा विरुद्ध जान सक्दिनन् तर पछि यही कुरा बहाना बन्छ। त्यस बाहेक पेसामा पनि उनी व्यापारिक महिला, अलिकति लचिलो हुनुपर्ने तर म जागिरे अफिसर भएकाले फरकचाहिं पर्छ।

**श्रीमतीको नामले चिनिदा कस्तो लाग्छ ?**
उनको नामले चिनिने पालो त भर्खरै आएको हो। त्यो भन्दा पहिले त उनलाई नै नरेन्द्र श्रेष्ठकी श्रीमती भनेर चिन्थे। मलाई श्रीमती ठूलो, म सानो भन्ने कुरामा कहिल्यै असजिलो भएन। उनले त्यो स्थान हासिल गर्नमा मेरो पनि योगदान छ।

**नेवारी भाषा सिकाउनुभएको छ ?**
उनी दुवैतिरको संस्कृति सिक्ने-सिकाउने काम गर्छिन्। संयुक्त परिवारमा बस्ने मौका पनि नपाएकाले होला नेवारी भाषा त सबै बुझ्छिन् तर प्रस्ट बोल्न भने सक्दिनन्।


**बुहारी छान्ने निर्णय ?**
मैले त आफ्नो जीवनसाथी आफैंले रोजें। मेरो छोराले पनि सामाजशास्त्रमा पीएचडी गरेकी इथियोपियाली महिला रोजेकाले मेरो विवाह दुई रीतिमा भयो भने छोराको चार रीतिमा गर्नुपऱ्यो।

**छोरीको अभाव महसुस भएन ?**
मलाई भन्दा पनि उनले छोरीको अभाव महसुस गरेकाले भदैनीलाई हुर्काई-पढाई कन्यादान गरी विवाह गऱ्यौं। अहिलेचाहिं नातिनीले पनि त्यो अभाव पूर्ति गरिरहेकी छिन्।

**तपाईंकी श्रीमती सौन्दर्यप्रति कति सजग हुनुहुन्छ ?**
श्रीमती यो क्षेत्रमा लागेर मात्र होइन, म आफै पनि राम्रो बन्नुपर्ने मानिस। त्यसमाथि पनि उच्च पदमा बसेपछि त करले पनि दौरासुरुवाल वा टाइ, कोट बिना त म कहिल्यै बाहिर निस्किनँ।

**–संगीता कटुवाल**

सन् १९४० मा कुपण्डोलमा जन्मिएका नरेन्द्र श्रेष्ठले वन अधिकृतका रूपमा ३३ वर्ष कार्य गरी विगत दुई वर्षदेखि विश्राम लिनुभएको छ। २०२८ सालमा वरिष्ठ सौन्दर्य विज्ञ कमला श्रेष्ठसँग विवाह बन्धनमा बाँधिएका श्रेष्ठका एक छोरा तथा दुई नातिनातिना छन्।





रूपा न्यौपाने, पैंतीस वर्षीया गृहिणी हुन्, उनलाई विगत तीन वर्षदेखि जोर्नीहरू दुख्ने समस्या छ। बिहान मुठी नै नकस्सिने गरी हातका जोर्नीहरू कडा हुने, दुख्ने अनि सुन्निने हुन्छ। औंलाका जोर्नीहरू दुख्ने उनको पुरानो समस्या हो। पीडा कम हुने औषधी खाँदा निको भए पनि पछि-पछि गाह्रो हुँदै गएपछि रूपा राजधानी आएकी हुन्। विभिन्न परीक्षण गराएपछि उनलाई रुमाटोइड अरथ्राइटिस भएको थाहा भयो।

त्यस्तै मनमाया परियार छयालीस वर्षीया गृहिणी हुन्। उनको समस्याचाहिँ घुँडा र कम्मर दुख्नु हो। मनमायाको कम्मर तथा घुँडाको पीडा पनि पुरानो हो। पहिले केही दिन दुख्ने अनि तातोले सेक्ने, आराम गर्ने तथा अन्य घरेलु उपचार गरेपछि ठीक हुन्थ्यो तर हाल आएर जे गर्दा पनि निको नभएपछि मनमाया अस्पताल गएकी हुन्। एक्सरे तथा अन्य परीक्षण गराएपछि उनलाई ओस्टियो अरथ्राइटिस भएको थाहा भयो।

जोर्नी, मुख्यतः घुँडा दुख्ने अर्को प्रमुख रोग हो– बाथ। खासगरी यी रोगहरू तीस वर्षपछि हुन्छन्। यस बाहेक पनि जोर्नी दुख्ने रोगहरू हुन्छन्। विशेषगरी जाडो याममा यी रोगहरू बढी देखिन्छन्। जाडोले रोग बल्झाउनेचाहिँ होइन। जाडोयाममा प्रायः एउटै स्थितिमा धेरै बेर नचली बस्नाले जोर्नीहरूमा रोग विस्तार हुने तथा पीडा बढी महसुस गरिने हुन्छ।

रुमाटोइड आरथ्राइटिस (आर.ए.) विशेषगरी महिलाहरूलाई हुने रोग हो। चार वा चारभन्दा साना जोर्नीहरू विशेषगरी औंलाका जोर्नीहरूको पीडा हुने यो रोग लागेकालाई ज्वरो पनि आउन सक्छ। आर.ए. को उपचार समयमै गर्न सकिएन भने यो खतरनाक सावित हुन सक्छ। आर.ए. ले सिकिस्त भएका बिरामीमध्ये पचास प्रतिशतको मृत्यु पाँच वर्षभित्रै हुन सक्ने भएकाले जतिसक्दो चाँडो उपचार गर्नुपर्ने हुन्छ। यो रोग लागेको बेला नाडीको छेउछाउ स-साना गाढा गेडीहरू पनि देखिन्छन्। शरीरको तौल घट्नु, हड्डी खिइँदै जानु, रक्तअल्पता, रुघा लाग्नु, मुटु दुख्ने जस्ता लक्षण पनि देखिन सक्छ।

ओस्टियो आर प्राइसि (ओ.ए.) हड्डी खिइने एउटा रोग हो। जुन पाका उमेरका महिलाहरूमा बढी हुन्छ। सुरु-सुरुमा एक-दुई दिन घुँडा दुख्ने र आफै निको हुने तर विस्तारै-विस्तारै रोग बढ्दै जाने हुन्छ। रोग बढ्दै गएपछि केही दिनको अन्तरमा नै घुँडा दुख्ने तथा पीडा धेरै दिनसम्म रहने हुन्छ। यो रोग धेरै खतरनाक नभए पनि पीडा खप्नै नसक्ने हुन्छ। रोगले प्रायः घुडा, कम्मरलाई असर गर्ने हुन्छ र जोर्नी सुन्निने, ज्वरो आउने पनि हुन सक्छ।

रगतमा युरिक एसिडको मात्रा बढी भएर मोनोसोडियम युरेट नामक क्रिस्टल जोर्नीहरूमा रहेको सानोभियल फलुडमा जम्नाले हुने जोर्नीको पीडा तथा रोगलाई बाथरोग भनिन्छ। बाथले मुख्यतः कुनै एउटा मात्र जोर्नीलाई असर गर्छ। यो रोगको पीडाचाहिं दुईदेखि छ घन्टाभित्रै सहनै नसकिने हुन्छ। जोर्नी सुन्निने तथा रातो हुने हुन्छ। रगतमा युरिक एसिडको मात्रा सात प्रतिशतभन्दा बढी भए बाथ हुनसक्छ। बाथ महिलाहरूलाई भन्दा पुरुषहरूलाई बढी हुन्छ।


**उपचार**

जोर्नीहरूको पीडा विभिन्न रोगले हुन सक्छ। तत्काल पीडा कम गर्न तातो पानी ब्यागमा राखेर सेक्ने, आराम गर्ने। औषधीहरू प्रयोग गरे पनि चिकित्सकको सल्लाह अत्यावश्यक हुन्छ। आरथ्राइटिस (आर.ए) जस्तो खतरनाक रोगका लागि लामो अवधिसम्म औषधीहरू खानुपर्ने तथा सामान्य शल्यक्रिया पनि गर्नुपर्ने हुन सक्छ। ओसटियो आरथ्राइटिस (ओ.ए.) ओस्टियो माइलाइटिसका जस्ता रोगका लागि औषधीसँगै फिजियोथेरापी पनि गर्नुपर्ने हुन्छ। बाथरोगका लागि पनि लामो समयसम्म औषधी खानुपर्ने हुन्छ।

जोर्नीको पीडामा केही स्टोरोइड पनि खानुपर्ने हुनसक्छ। त्यस्ता औषधीहरू जति दिन जुन तरिकाले खान दिइएको हो, त्यसरी नै सेवन गर्नुपर्छ। अर्को पल्ट फेरि पीडा भएका बेला चिकित्सकको सल्लाह बिना नै आफै ती औषधी खानु हुँदैन। चिकित्सकको सल्लाहबिना आफैंले दबाई खानु खतरनाक साबित हुन सक्छ।

**–बालकृष्ण साह**

## उपयोगी जानकारी



### पहिरनमा लागेका दाग

गृहिणीले अधिकांश समय घरमै विभिन्न काम गर्दै बिताउनुपर्ने हुनाले पहिरनमा दाग लाग्नु स्वाभाविक हो। सानोतिनो लापरबाहीले महँगा पहिरनमा समेत दाग लागेर काम नलाग्ने हुन सक्छ।

**मसीको दाग :** सेतो पहिरनमा मसी पोखिनासाथ दूधले धुनुपर्छ। कागती र नुनको झोलले सफा गर्दा पनि मसीको दाग हट्छ। रातो मसीको दाग लागेको छ भने अण्डाको सेतो र पहेंलो भाग हालेर चिसो पानीमा साबुनले धुनुपर्छ।

**घिउ/तेलको दाग :** घिउ/तेलको दाग तातोपानी, साबुन र सोडाले सजिलै हट्छ। रेसमी तथा ऊनी धागोका कपडा सफा पानीले धोए दाग केही कम हुन्छ।

**रगतको दाग :** सुती, ऊनी तथा रेसमी पहिरनमा लागेको रगतको दाग हटाउन तातोपानीमा अमोनियाका केही थोपा हालेर धुनुपर्छ। त्यस्तै ग्लिसिरिन मिसाएको पानीमा पखालेर चिसो पानी र साबुनले धुँदा रगतको दाग हट्छ।

## के तपाईंको एउटै मात्र सन्तान छ ?

आजभोलि कम सन्ताउन जन्माउन परिवार नियोजनको प्रयोग बढीमात्रामा हुन थालेको छ। बढ्दो परिवार नियोजनका साधनहरूको कारणले गर्दा परिवारको आकार बिस्तारै-बिस्तारै सानो हुँदैछ। पहिले तीनवटा सन्तानलाई सीमित भनिन्थ्यो भने बिस्तारै तीनबाट दुई र दुईबाट एक सन्तानमा परिवार सीमित हुन थालिसकेको छ। आजभोलि समयको मागअनुसार कतिपय दम्पती एउटै शिशुको माग गर्न थालेका छन्। जुन आमाबुबाले यो निर्णय गरेका छन् ती आमाबाबुले धेरै शिशु हुँदा उत्पन्न हुने समस्याहरूबाट पनि छुट्कारा पाउँछन्।

दम्पतीहरूले एउटा शिशुलाई धेरै ध्यान दिएको देखिन्छ। उसको हरेक काम समयमै सम्पन्न हुँदा आमाबाबु आनन्दको अनुभव गर्छन्। यसो गर्दा शिशुको स्वाभाविक विकास रोकिन्छ। उनीहरू स्वावलम्बी र आत्मनिर्भर बन्न सक्दैनन्। यस्तो नहोस् भन्नका लागि आमाबाबुले आ□ना शिशुका लागि आवश्यकताभन्दा बढी समय दिनुहुँदैन। आ□नो जिम्मेवारी बुझ्ने शिशु स्वावलम्बी बालकको रूपमा विकसित हुन सक्छ, तसर्थ शिशुले आफैं आ□नो खेल र काम छनौट गर्नुपर्छ।

एक्लो सन्तानमा इर्ष्या र प्रतिस्पर्धाको भावना उत्पन्न हुँदैन। धेरै सन्तानको तुलनामा एक सन्तानको हेरचाह र पढाइलेखाइमा बढी ध्यान दिन सकिन्छ। उच्च शिक्षाका लागि आवश्यक पर्ने आर्थिक पक्षहरू पनि अभिभावकले वहन गर्न सक्छन्।

एक्लो सन्तानले आफ्नो उमेरका साथीभाइसँग समय व्यतीत गर्ने बानी बसाल्नुपर्छ। आ□नो घरमा साथीको कमी छ भने छरछिमेकका बालबालिकाहरूसँग खेल्ने गर्नुपर्छ। यस्तो बानीले उसमा सहयोग र सामाजिक सम्बन्ध बनाउने क्षमताको विकास हुन्छ। यो उसको मानसिक र सामाजिक विकासका लागि अति आवश्यक छ। एउटा शिशुको समय प्रायगरेर आ□ना आमाबुबा अथवा अन्य वयस्कहरूको माझमा बित्छ। यसको असर बालबालिकाको बानी-व्यवहार र बोलीमा पर्छ। अरू बालबालिका यस्ता बालबालिकाहरूबाट टाढा हुन खोज्छन्। यी समस्याहरूबाट आ□ना शिशुलाई बचाउन आमाबुबाले आ□नो सन्तानसँग केही क्षणका लागि भए पनि शिशुवत् व्यवहार गर्नुका साथै ऊसँग खेल्ने, कुरा गर्ने गर्नुपर्छ।

वरिपरिका बालबालिकाहरूसँग परिचय गराउने, मित्रता बढाउने काम गर्नुपर्छ। बालकक्षाहरूमा भर्ना गराएर उसलाई आ□नो उमेरअनुसारका साथीभाइहरूबीच धेरै समय बिताउने अवसर दिनुपर्छ। घरबाहिर पिकनिक लिएर जानुपर्छ जहाँ उसले अरू बालबालिकाहरूसँग खेलकुद गर्ने र व्यवहार गर्ने तरिकाहरू सिक्न सकोस्। उसको हरेक कुरामा कराउने, गाली गर्ने काम गर्नुहुँदैन। यसो नगर, उसो नखेल भन्नेजस्ता रोकटोकले बालबालिकाले आ□नो व्यवहार सजिलो बनाउन सक्दैनन्। उसको गतिविधि हानिकारक नहोस् भन्ने किसिमले उसमा ध्यान राख्नुचाहिँ आवश्यक छ।



# प्रतिभाशाली पुरुष सफल पति बन्न सक्छ ?



आममानिसलाई के लाग्छ भने प्रतिभाशाली पुरुषले नै सफल पतिको भूमिका निर्वाह गर्न सक्छ तर व्यावहारिक रूपले हेर्‍यौं भने हामी त्यसको ठीक उल्टो पाउँछौं। यथार्थमा एउटा प्रतिभाशाली पुरुषले नै नारी भावना एवं उसका संवेदनशीलतालाई सूक्ष्मतापूर्वक महसुस गर्न सक्छ तर पनि विश्वभर नै प्राय: प्रतिभाशाली पुरुषको वैवाहिक जीवन कष्टकर देखिन्छ। अझ रोजगारीको अभाव, शिक्षा र प्रतिभाको कदर नहुने विश्वका गरिब मुलुकहरूमा प्रतिभावान् पुरुषहरूका लागि वैवाहिक जीवन फलामको च्यूरासरह हुने गरेको छ।

विवाह मानव जीवनको मानसिक तथा शारीरिक आवश्यकताहरूको अभिव्यक्ति हो। मानवजाति सम्भवत: एक्लोपनबाट सबैभन्दा बढी त्रसित हुन्छ र यसबाट मुक्ति चाहन्छ। अर्कातर्फ मानिसका लागि भोजन र निद्रा जस्तै माया, प्रेम एवं यौन सन्तुष्टिको पनि उत्तिकै आवश्यकता हुन्छ। आफ्नो सभ्यताको विकास क्रममा यिनै आवश्यकताहरूलाई व्यवस्थित ढंगले सम्पन्न मानिसले रूपमा विवाह प्रणालीको सिर्जना गरेको हुनुपर्छ।

विवाह प्रणालीमा सामान्यत: पति-पत्नीले आफ्ना सम्पूर्ण स्रोत, आफ्ना योग्यता, क्षमता र अन्य सबै कार्यहरू एक-अर्काका लागि अर्पित गर्नुपर्ने हुन्छ। विवाह यही पारस्परिकताको डोरीमा बाँधिएको हुन्छ। एक-अर्काप्रति समर्पण एवं त्याग नै वैवाहिक जीवनको आधारशीला हो।

प्रतिभाशाली व्यक्तिहरू आफ्नो विशिष्ट गुण तथा क्षमताका कारण जीवनको लक्ष्यमा पुग्न त सक्छन् तर उनीहरूको वैवाहिक जीवन भने सरल रूपमा बग्न सक्दैन। उनीहरूको योग्यता र क्षमता परिवारको दायराभित्र मात्र सीमित रहन सक्दैन। आफ्नो देश र समाजप्रतिको दायित्व र चिन्ताका कारण उनीहरू पत्नीको आवश्यकता र चाहनाहरूको परिपूर्ति गर्न सक्दैनन्। यही उत्तरदायित्व बोध नै उसको पारिवारिक जीवनको असफलताको ठोस कारण बन्न पुग्छ।

प्रतिभाशाली पुरुषहरू समाजको खोट र कमजोरीहरूको पहिचान गर्न सक्ने क्षमताका कारण त्यही समाजको निर्देशनमा चल्न सक्दैनन्, बरु आफ्नो सिद्धान्तअनुसार समाजलाई परिचालित गर्न चाहन्छन् जहाँ सम्झौताको स्थिति ज्यादै न्यून रहन्छ। जबकि वैवाहिक जीवन वास्तविकताको जीवन हो। यसमा अपेक्षाकृत न्याय र अधिकारको होइन सहनशीलता र बुद्धिमत्ता आवश्यक हुन्छ। हरेक क्षण सम्झौता नै वैवाहिक जीवनको आधार हुने भएकाले सामाजिक जीवनको सुविधा र कठिनाइ दुवै यसमा अन्तर्हित हुन्छन्।

एक सामान्य नारी जो घरको दैनिक कामकाजबाट थाकेकी हुन्छे उसलाई महान् लेखक, महान् साहित्यकार, महान् दार्शनिक पतिको के अर्थ हुन्छ ? जो अत्यधिक व्यस्तताका कारण पत्नीको भावना र इच्छाहरू पूरा गर्न सक्दैन। नि:सन्देह त्यस्ता व्यक्ति समाज एवं देशका लागि कल्याणकारी हुन्छन् तर एउटा सामान्य पत्नीलाई यस्तो पतिको के आवश्यकता वा उपयोगिता ? सामान्यत: नारीहरू यस्तो पुरुष चाहन्छन् जो उसको प्रेम एवं उसको सेवाको मूक साक्षी मात्र नबनोस्, उसलाई महसुस गरोस् तथा उसका अनुभूतिहरू अभिव्यक्तसमेत गरोस्।

प्रतिभाशाली व्यक्तिहरू आफ्नी पत्नीलाई हृदयदेखि नै चाहन्छन्, उनीहरूको प्रेम ज्यादै परिस्कृत तथा असाधारण हुन्छ तथापि उनीहरू आफ्नो प्रेमलाई प्रकाशन र प्रदर्शनको स्तरमा ल्याउन सक्दैनन्। उनीहरू आफ्ना मनभित्र उर्लिएका प्रेमका अनुभूति एवं तरङ्गहरूलाई पत्नी-प्रेमिकासामु व्यक्त गर्न ज्यादै अप्ठ्यारो महसुस गर्छन्। समाज र आफ्नो परिवारका अन्य सदस्यहरूका अघि आफ्नी पत्नी-प्रेमिकाप्रति मात्र समर्पित भएको देखिनुलाई उनीहरू आफ्नो व्यक्तित्वमा धक्का पुगेको मान्छन्। उनीहरू परिवारका अन्य सदस्यहरूप्रतिको उत्तरदायित्व बोधका कारण चाहेर पनि पत्नी-प्रेमिकाप्रति मात्र समर्पित हुन सक्दैनन्। प्रतिभाशाली पुरुषहरूको यही सन्तुलित एवं नियन्त्रित समर्पणलाई पत्नीहरू आफूप्रतिको बेवास्ता, अन्याय एवं अवहेलना मान्न थाल्छन्।

अर्कातर्फ महिलाहरू विद्यमान् समाजसँग जसरी पनि सन्तुलन तथा सामञ्जस्यता कायम राख्ने धुनमा घर, घरका सामान एवं श्रृंगारिक वस्तुहरूको यस्तो दास बन्न पुग्छन् जसका कारण यस्ता वस्तुहरूको दोहन गर्ने पुरुषलाई मात्र असल र महान् पुरुषका रूपमा लिन्छन्। महिलाहरूको भौतिक वस्तुहरूप्रतिको अति मोहका कारणले एउटा घर, सामान एवं गहनाहरूले भरिए पनि वैवाहिक जीवन बाहिरबाट भरिपूर्ण तर भित्र उत्तिकै खोक्रो तथा नारकीय हुन्छ। चलाख एवं धूर्त पुरुषहरूले महिलाहरूको यस्तो कमजोरीको निर्ममतापूर्वक फाइदा उठाउँदै आएको हाम्रो समाजमै देख्न सकिन्छ। यस्ता भौतिक वस्तुहरूप्रतिको अति लगावले एकातर्फ उनीहरू आफ्ना पतिलाई भ्रष्ट एवं नैतिकताहीन बनाउन पुग्छन् भने अर्कातर्फ स्वयम् आफूप्रतिको पतिको मोह, स्नेह तथा माया-प्रेम गुमाइरहेका हुन्छन्। प्रतिभाशाली पतिहरू आफूलाईभन्दा ती वस्तुहरूप्रतिको पत्नीको लगावलाई आफ्नो अवमूल्यनका रूपमा लिन्छन्। प्रतिभाशाली पुरुषहरू आफ्नी पत्नीबाट मलाई अरू केही चाहिँदैन, मलाई तपाईं भए सबै कुरा पुग्छ भन्ने अभिव्यक्ति सुन्न चाहन्छन्। पत्नीको यस्तो अभिव्यक्तिले अति उत्साह, उमंग एवं गहिरो आत्मविश्वास उत्पन्न हुन्छ। यतिमात्र होइन ऊ आफूलाई संसारकै सबैभन्दा भाग्यमानी पुरुष सम्झन थाल्छ।

विश्वका महान् व्यक्तिहरू सेक्सपियरदेखि लियो टल्सटय, कार्लमार्क्ससम्मको वैवाहिक जीवन सुखमय हुन सकेन। शेक्सपियर मानिस हतार विवाह गर्छन् र फुर्सदमा पछुताउँछन् भन्न पुगे भने लियो टाल्सटयको वैवाहिक जीवन ज्यादै कष्टकर रह्यो। उनले आफ्नो डायरीमा आफ्नी प्रेमिकाका विषयमा ज्यादै रोमाञ्चक कल्पना गरेका छन् तर उनै प्रेमिकासँग विवाहपश्चात् जुन कटुता पैदा भयो जुन उनको जीवन पर्यन्तसम्म कायम रह्यो। त्यस्तै महान् विचारक कार्लमार्क्सको वैवाहिक जीवन पनि सुखमय हुन सकेन। जे कुरा यी महान् व्यक्तिहरूको वैवाहिक जीवनमा घटे त्यही समस्या कुनै न कुनै रूपमा हाम्रै समाजका विशिष्ट चिन्तक, लेखक, डाक्टर, इन्जिनियर र अति निष्ठापूर्वक आफ्नो कार्यमा लागिरहने कुनै पनि व्यक्तिमा समान रूपमा लागू हुन्छ।

पत्नीहरू पतिबाट के चाहन्छन् ? भन्ने कुरा नारी मनोविज्ञानमा आधारित छ। महिलाहरू पतिको सदासयताबाट मात्र सन्तुष्ट हुँदैनन्, उनीहरू जीवनको प्रत्येक मोडमा, प्रत्येक क्षेत्रमा, पलमा तथा प्रत्येक अंशमा सदाशयताको अभिव्यक्ति चाहन्छन्। यति मात्र होइन उनीहरू आफ्नो पतिलाई ऐनाका रूपमा पाउन चाहन्छन् जहाँ पतिकै सामु स्वयंलाई देख्न एवं पाउन सकियोस्। उनीहरू जीवनको एक यात्रामा एउटा विश्वासी, भरोसायुक्त आफ्ना लागि सम्पूर्णत समर्पित तथा सुरक्षित साथी चाहन्छन्। एउटा सामान्य नारी एउटा असाधारण प्रतिभासम्पन्न पुरुषलाई पाएर उसलाई आदर एवं सम्मान भावले हेर्छिन् तथा उनीप्रतिको भक्तिबाट उनको हृदय प्रफुल्लित एवं परिपूर्ण पनि हुन्छ तर दैनिक जीवनका आवश्यकताहरूमा प्रतिभावान् पतिको बेवास्ताले नारी हृदयमा गहिरो चोट पुर्‍याइरहेको हुन्छ। एकातर्फ दैनिक जीवनका आवश्यकताहरूमा नारीको अति सापेक्षता तथा नारीहरू पुरषलाई केवल असल पति वा असल पिताका रूपमात्र मात्र हेर्न सक्ने क्षमता। प्रतिभासम्पन्न पुरुषहरूको दैनिक जीवनका आवश्यकताहरूमा निरपेक्षता तथा नारीलाई बाह्य उन्नतिका लागि बाधकका रूपमा हेर्ने दृष्टिकोणका कारण अपेक्षाकृत प्रतिभाशाली व्यक्तिहरूको वैवाहिक जीवन सुखमय हुन नसकेको हो।

**–सुरेन्द्र प्रधान**

# बिथोलिन नदिऊँ दाम्पत्य जीवनलाई



दाम्पत्य जीवनको सफलता आपसी विश्वासको धरातलमा टिकेको हुन्छ। वैवाहिक जीवनमा एक-अर्काप्रति शंका वा सन्देहले स्थान पाउन थाल्यो भने सम्बन्ध टुटने सम्भावना बढी रहन्छ। हामी सल्लाह, सुझाव दिन एवं दर्शन तथा आदर्शका कुरा गर्न कहिल्यै पछि पर्दैनौं तर जसरी गुरु बन्न सहज छ, चेला पनि बन्न सके समस्याले जीवनमा कमै स्थान पाउँछ। मानवीय स्वभाव र प्रवृत्ति नै यस्तो छ कि हामी उल्लेखित कुरालाई वाणीमा मात्रै सीमित राख्छौं, अर्थात् व्यवहारमा लागू गर्न धेरै पछि पर्छौं। वैवाहिक जीवनमा शंकाको स्थान स्त्री हृदयमा मात्र हुन्छ वा महिलाहरू बढी शंकालु हुन्छन् भन्ने छैन, पुरुषहरू पनि उत्तिकै शंकालु प्रवृत्तिका हुन्छन्।

शंका वा सन्देह पूर्णरूपमा एउटा मानसिक प्रक्रिया हो। हाम्रा अन्य भावना तथा संवेगहरू जस्तै यो पनि मानव मस्तिष्कभित्र हुने रासायनिक स्रावको परिणाम हो। अत: यो पूर्णरूपले मनोवैज्ञानिक प्रक्रिया हो र यसको वासस्थान भनेकै मस्तिष्क हो। यद्यपि यी भावना मौलाउनुको कारण हाम्रो सामाजिक परिवेश पनि हो। वर्तमान जीवनशैलीअन्तर्गत जहाँ महिला, पुरुष दुवै घर बाहिर एक साथ काम गर्ने वातावरण छ, शंका रूपी दुर्भावना जन्मने सम्भावना पनि उत्तिकै बढेको देखिन्छ।

वसिङ्टन विश्वविद्यालयको चिकित्सा विभागका प्रमुख डा. टामन होम्सले गरेको शोधअनुसार सक्रिय जीवनशैली बाँचिरहेका कोही पनि शंका-सन्देह जस्ता भावनाबाट पूर्णरूपले मुक्त हुन सकेका हुँदैनन्। यसको अनुपात भने व्यक्तिको निजी सोच अनुरूप कम वा धेरै हुन सक्छ। जहाँ आगो हुन्छ, त्यहाँ अवश्य पनि धूवाँ हुन्छ, यो यथार्थलाई नकार्न नसकिए पनि कैयन् अवस्थामा डोरीलाई सर्प मान्ने सोच पनि पैदा नहुने होइन र यहींबाट आकार लिन्छ शंकाले। मनोविद्हरूका अनुसार हामी जति शंकाको घेराबाट बाहिरिने प्रयास गर्छौं त्यति नै यो अझ बढी फराकिलो हुँदै जान्छ र यसले हाम्रो आत्मविश्वासलाई समेत प्रभावित गर्छ। शंका जन्मने थुप्रै मनोवैज्ञानिक एवं सामाजिक कारण हुन सक्छन्।

**K'jf{u|xgM**

मनुष्य स्वाभाविक रूपले पूर्वाग्रही हुन्छ। विवाहपूर्व नै व्यक्तिले आफ्नो जीवनका बारेमा कैयन् धारणा बनाउँछ र मिडियाको प्रभावले गर्दा उसमा त्यससम्बन्धी सकारात्मक तथा नकारात्मक सोचाइसमेत मौलाउँछ। जब ऊ दाम्पत्य जीवनमा प्रवेश गर्छ तब पहिले सुनेका, देखेका घटनासँगै मेल खाने कुराहरू आफ्नो जीवनमा घट्न थालेको महसुस गर्ने बित्तिकै व्यक्ति शंकालु बन्न थाल्छ।

**आत्मविश्वासको कमी :**

जब श्रीमान्-श्रीमती आफूभित्रको कुनै कमी-कमजोरीका कारण हीन भावनाबाट ग्रसित हुन्छन् तब एक-अर्काको सम्बन्धमा शंका गर्न थाल्छन्। यदि आफ्ना श्रीमान् आफूभन्दा आकर्षक छन् भने उनी आफ्ना श्रीमान्माथि शंका गर्न थाल्छिन्। त्यसैगरी यदि आफ्नी श्रमिती आफूभन्दा कम उमेरकी एवं सुन्दर पनि छिन् भने आफ्नी श्रीमतीमाथि सन्देहपूर्ण दृष्टिले हेर्ने प्रवृत्ति बढ्छ। समग्रमा भन्नुपर्दा यस प्रकारको समस्या आफूभित्र आत्मविश्वासको कमीका कारण उत्पन्न हुन्छ।

**अधुरो जानकारी :**

अंग्रेजी साहित्यकार फ्रान्सिस बेकनका अनुसार कम जानकारी हुनु वा अधुरो ज्ञानले पनि व्यक्तिमा अधिक सन्देह उत्पन्न गराउँछ। यो कुरा दाम्पत्य जीवनमा बढी लागू हुन्छ। धेरैजसो जब श्रीमान-श्रीमतीले कुनै तेस्रो व्यक्तिबाट एक-अर्काका सम्बन्धमा अधुरो जानकारी प्राप्त गर्छन् तब तिनमा एक-अर्काप्रति सन्देह उत्पन्न हुन्छ। जुन समयको अन्तरालमा व्यक्तिको विवेक र सोच अनुसार स्वत: वृद्धि हुँदैजान्छ। कहिलेकाहीं तस्बिरलाई सही ढंगबाट हेर्न त्यसलाई आफ्नो दृष्टिबाट टाढा राखेर पनि हेर्नुपर्ने हुन्छ। किनकि नजिकको कुराबाट पनि दृष्टिभ्रम उत्पन्न हुने सम्भावना रहन्छ।

**सुरक्षाको भावना :**

दाम्पत्य सम्बन्ध अत्यन्त नाजुक हुने भएकाले सानोभन्दा सानो असावधानीले समेत यसमा कटुता उत्पन्न गराउने सम्भावना रहन्छ। विशेषगरेर अतिवादी हुँदा असुरक्षाको भावनाले जन्म लिन्छ। आफ्नो प्रियलाई गुमाउने डर वा ऊबाट टाढिने कल्पनाले पनि व्यक्तिलाई शंकालु बनाउन सक्छ।

**अधिक प्रेम :**

जब हामी कसैलाई बढी चाहन्छौं तब उसलाई गुमाउने डर पनि उत्तिकै रहन्छ। त्यसैले हामी उसलाई आफूबाट टाढा हुन दिँदैनौं। एक हिसाबले बन्धनमा बाँधेर राख्छौं र यही बन्धन जब कसिँदै जान्छ तब शंकालु प्रवृत्तिको घेरा पनि बढ्दै जान्छ।

भनिन्छ शंकाको कुनै निवारण छैन। यो परालको आगो जस्तै हो जसले सम्बन्धलाई चिहानसम्म पुर्‍याउन सक्ने प्रवल सम्भावना हुन्छ। यद्यपि दाम्पत्य जीवनलाई सुमधुर राख्न एक-अर्काप्रति जति प्रेम र स्नेह छ त्योभन्दा बढी विश्वास आवश्यक छ। किनकि विश्वासमै सबै कुरा अडिएको हुन्छ नकि तर्क र प्रदर्शनमा। स्वस्थ दृष्टिकोण, परिपक्व एवं उदार मानसिकता, आपसी समझदारी एवं इमान्दारिता भए कुनै पनि प्रेम सम्बन्धमा शंका र सन्देहले जन्मने मौका पाउँदैन। त्यसैले दाम्पत्य जीवनरूपी रथका दुवै पाङ्ग्रा समान गतिमा एउटै बाटोमा, समझदारीपूर्वक, एकसाथ, प्रेमपूर्ण रूपमा सतर्कताका साथ गुड्नु आवश्यक छ।

**–रोजिन शाक्य**

# धरान एकेडेमीमा बाल खेलाडी

राजु घिसिङ

धरान- धरान फुटबल क्लबले चार वर्षदेखि सञ्चालन गरिरहेको धरान एकेडेमीले दोस्रो ब्याचका निम्ति २० जना बालखेलाडी छनौट गरेको छ। गत शनिबार सम्पन्न फाइनल चरणबाट १२ देखि १४ वर्ष उमेर समूहका बालखेलाडीमध्ये २० जना एकेडेमीका निम्ति छानिएका हुन्।



छानिएका बालखेलाडीहरूलाई अभिभावकहरूसँगको सम्झौतापछि चार वर्षका लागि बर्सेनि नवीकरण हुने गरी अनुबन्ध गरिएको छ। धरान एकेडेमीका खेलाडीहरूले क्लबको स्वीकृतिबिना अन्य क्लबबाट खेल्न पाउनेछैनन्। प्रशिक्षकको व्यवस्था गरी दैनिक रूपमा उनीहरूलाई प्रशिक्षण दिइने एकेडेमी संयोजक किरण शर्मा बताउँछन्।

राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले एकेडेमी सञ्चालन गरिएको संयोजक शर्माले बताए। उन्नति गर्न नसक्ने खेलाडीको अनुबन्ध एक वर्षपछि नवीकरण हुनेछैन। एकेडेमीका निम्ति सामुदायिक विद्यालयमा अध्ययनरत बालखेलाडीहरूलाई मात्र छानिएको छ। निजी विद्यालयको बाहुल्य रहेको पहिलो ब्याचबाट राम्रा खेलाडी उत्पादन हुन नसकेपछि सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई प्राथमिकता दिइएको हो। शर्मा भन्छन्- 'निजी विद्यालयमा धेरै पटक हुने परीक्षाले खेलमा बाधा पऱ्यो। हामी अब आर्थिक रूपमा कमजोर परिवारबाटै अब्बल खेलाडी उत्पादन गर्न चाहन्छौं।'

एकेडेमी सञ्चालनका निम्ति धरान नगरपालिकाले एक लाख रुपैयाँ उपलब्ध गराएको छ। बाँकी रकम व्यक्तिगत सहयोगबाट जुटाइने धरान फुटबल क्लबका उपाध्यक्ष इन्दु रसाइलीले बताए। मङ्सिर ९ गते सञ्चालनमा आएको पहिलो चरणबाट १ सय २० जना तथा दोस्रो चरणबाट ३० जना बालखेलाडी (प्रदर्शनका आधारमा) चुनिएका थिए।

फाइनल चरणबाट एकेडेमीका निम्ति वसन्त राई, वसन्त बानियाँ, मन्दीप बुढाथोकी, भीम लिम्बू, रणवीर बज्राचार्य, अनिल राई, गणेश मगर, दिवस खड्का, खेमबहादुर लिम्बू तथा एलबी सुब्बा छनौट भएका छन्। त्यस्तै छनौटमा परेका बालफुटबलरमा कुलबहादुर श्रेष्ठ, किरण तामाङ, दीपेश मगर, जीवन कार्की, जीवन तामाङ, मनीष राई, सुशील लिम्बू, अनिल मल्लिक, सिमल खत्री तथा रसिक लिम्बू पनि छन्।

# इस्टर्न एन्फा च्याम्पियन्स लिग

साप्ताहिक समाचार

धरान- अखिल नेपाल फुटबल संघको आयोजनामा पूर्वाञ्चलका फुटबल क्लबहरूबीच 'इस्टर्न एन्फा च्याम्पियन्स लिग' सञ्चालन हुने भएको छ। आगामी पुस १५ गते प्रारम्भ हुने उक्त क्षेत्रीय लिगको तयारी अन्तिम चरणमा पुगेको एन्फाका केन्द्रीय उपाध्यक्ष तथा लिगका संयोजक किशोर राईले बताएका छन्। होम एन्ड अवेका आधारमा ९ जिल्लाका एन्फा लिग विजेता क्लबहरूले इस्टर्न एन्फा च्याम्पियन्स लिगमा प्रतिस्पर्धा गर्नेछन्।



टेम्के फुटबल क्लब सुनसरी, रारा क्लब धनकुटा, रमाइलो स्पोर्टिङ क्लब मोरङ, नगर-११ इलाम, ध्रुवतारा स्पोर्टिङ क्लब झापा, युनाइटेड क्लब पाँचथर, एकता समूह उदयपुर, सिराहा युथ क्लब सिराहा, न्यू त्रियुगा स्पोर्टिङ क्लब सप्तरी आ-आफ्नो जिल्लामा लिग विजेता हुँदै क्षेत्रीय लिगका निम्ति छानिएका छन्। पूर्वेली क्लबहरूको छाता संगठन पूर्वाञ्चल फुटबल क्लबका अध्यक्ष दिलीप राईका अनुसार होम एन्ड अवे म्याचबाट प्राप्त अंकका आधारमा माथिल्लो ३ स्थानमा रहने टिम लिगको फाइनल चरणमा उपाधिका निम्ति भिड्नेछन्।

लिग च्याम्पियन हुने क्लबलाई पुरस्कारस्वरूप नगद एक लाख रुपैयाँ तथा ट्रफी प्रदान गरिनेछ। उपविजेताले ५० हजार तथा तेस्रो स्थानमा रहने क्लबले २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। लिगमा कुल २४ म्याच खेलाइनेछ। टिकट बिक्रीबाट प्राप्त रकम घरेलु टिमलाई नै दिइनेछ। लिग सञ्चालनका निम्ति ९ लाख ५० हजार रुपैयाँको अनुमानित बजेट छुट्याएको छ।

# फेरि चढ्यो पारो प्याराग्लाइडिङको



शिव शर्मा

पोखरा–नीलो आकाशभरि ठूला पखेटा भएको वस्तु नियालेर कतिपय त टोलाइरहन्छन्, चराचुरुङ्गी नै हुन् कि भनेर। कोहीचाहिँ हवाईजहाज भएको अनुमान लगाउँछन्, तर बाहिरबाट पोखरा आउने धेरैको अनुमान मेल खाँदैन। नजिकै गएर एकटकले हेरेपछि सबै जना दंग पर्दै भन्छन्–प्याराग्लाइडिङ पो रहेछ। टाढाबाट पोखरा घुम्न आउनेहरूलाई भने प्याराग्लाइडिङ देखेर नौलो नै लाग्छ। पोखरेलीहरू भने यसबाट परिचित भैसकेका छन्।

अहिले पोखरामा बढेको पर्यटकीय गतिविधिसँगै सराङकोट र लेकसाइडको आकाशमा अनेक थरीका प्यराग्लाइडिङको ताँती नै देख्न पाइन्छ। पर्यटक बढेर मात्र प्याराग्लाइडिङ उडेको होइन। अंग्रेजी क्यालेन्डरको अक्टोबर महिना सुरु भएपछि प्याराग्लाइडिङको मौसम सुरु हुन्छ, तर यस पटक सेप्टेम्बर महिनाको २० तारिखदेखि नै प्याराग्लाइडिङमा उड्ने पर्यटकहरू बढे।

हवाई खेल प्याराग्लाइडिङको मज्जा लिन विदेशी पर्यटकहरू लालायित हुने गरेका छन्। पोखराको प्याराग्लाइडिङले धेरै विदेशीलाई यसरी नै मोहनी लगाएको छ। पोखराको पर्यटन आगमनमा प्याराग्लाइडिङ खेलले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ। क्षेत्रीय होटल संघका अध्यक्ष लक्ष्मीबहादुर भट्टराई भन्छन्- 'प्याराग्लाइडिङ पनि पोखरेली पर्यटनको आकर्षण हो।'डाँडाकाँडाको शयर गर्दै माथि-माथि आकाशमा उड्न पाउँदा कसको मन चङ्गा हुँदैन र ?

हावाको वेगमा ग्लाइडरको डोरी समातेर माथि-माथि उड्नु नै प्याराग्लाइडिङ हो। यसलाई सहासिक हवाई खेलका रूपमा लिइन्छ। सुरुमा उड्दा मनमा त्रास पैदा भए पनि आकाशमा उडेपछिसबै डर निमिटचान्न हुन्छ। पोखराको टावर सराङकोट माथिबाट बत्तिँदै लेकसाइडको खहरेफाँटमा प्याराग्लाइडिङ उतार्ने पर्यटकहरूको हूल आजभोलि दिनहुँ देख्न पाइन्छ। आकाशको शयरमा विदेशीहरू दंगदास हुँदै रमाइरहेका छन् यतिबेला। साहसिक खेल भएकाले कतिपय हातको सहायताले चलाउन सकिने विना इन्जिनको प्याराग्लाइडिङमा दुई जनासम्म चढ्न सकिन्छ।

हुन त प्याराग्लाइडिङ खेल नेपालमा भित्रिएको नौ वर्ष भैसकेको छ। यो अवधिमा यसले थुप्रै विदेशी पर्यटक तानेको स्थानीय पर्यटन व्यवसायीहरू बताउँछन्। त्यसो त पोखराको प्याराग्लाइडिङ विश्व पर्यटन गन्तव्यको पाँचौं स्थानमा पनि पर्छ। नेपालको हकमा प्याराग्लाइडिङका लागि सराङकोट र पोखरा आसपासको भूभागलाई उपयुक्त मानिँदै आएको छ। केवल प्याराग्लाइडिङको मज्जा लिन मात्रै पनि विदेशी पर्यटकहरू यहाँ आउने गरेका छन्।


पोखराको वातावरण आफैंमा सुरम्य छ। त्यही सुन्दर दृश्यलाई आँखामा टाँसेर आकाशमा विचरण गर्दा कसको मन प्रफुल्ल हुँदैन र ? उड्नेहरू मात्र होइन, उडेको हेरेर नथाक्नेहरू पनि हेर्दाहेर्दै आकाशमा हराउँछन्। सराङकोटको टावरमा बसेर प्याराग्लाइडिङ उडेको हेरेर आनन्द लिनेहरूको भीड पनि सानो हुँदैन।

साहसिक खेल भएकाले कतिपय पर्यटक सुरुमा चढ्न डराउने गरेको प्याग्लाइडिङ सञ्चालकहरूको कथन छ, तर पनि स्वदेशीभन्दा विदेशीले नै बढी प्याराग्लाइडिङमा उडेर आनन्द लिने गरेका छन्। महँगो शुल्कका कारण पनि नेपालीहरू प्याराग्लाइडिङमा उड्न सक्दैनन्।

नेपालीले एक घण्टा प्याराग्लाइडिङमा चढेको ४ हजार ५ सय र विदेशीहरूले ५ हजार तिर्नुपर्छ। नेपालमा पहिलो पटक सञ्चालनमा आएको प्याराग्लाइडिङ सनराइजका प्रबन्धक राजेश बमजन हुन्। उनी नेपालकै पहिलो प्याराग्लाइडिङ पाइलटका रूपमा परिचित छन्। विगत छ वर्षदेखि पाइलटका रूपमा पोखरामा रहेर प्याराग्लाइडिङ उडाउँदै आएका स्वीजरल्यान्डका डेभिड पनि खुसी छन्। 'सिजन सुरु नहुँदै प्याराग्लाइडिङ उड्नेहरूको ताँती लाग्न थाल्यो,' आफ्नो लामो कपाल मिलाउँदै उनले भने- 'प्याराग्लाइडिङका लागि पोखरा विश्वकै महत्त्वपूर्ण डेस्टीनेसन हुँदै गएको छ।' पोखरामा अर्का विदेशी पाइलट छन् बेलायतका एडम। उनी नौ वर्षदेखि पोखरामा प्याराग्लाइडिङ उडाउँदै आएका छन्। पोखरामा अर्को प्याराग्लाइडिङ उडाउने कम्पनी पनि छ ब्लू-स्काई प्याराग्लाइडिङ।

ब्लू-स्काई प्याराग्लाइडिङका सञ्चालक नारायणप्रसाद पराजुली भन्छन्- 'यो वर्ष प्याराग्लाइडिङ उड्ने पर्यटक दोब्बर भए।' पर्यटकहरू प्याराग्लाइडिङकै लागि विदेशबाट आउने क्रममा तीव्रता आएको उनले बताए। प्याराग्लाइडिङको राम्रो भविष्य देखेर नै ब्लू-स्काई प्याराग्लाइडिङले चाँडै नै यहाँ प्याराग्लाइडि विद्यालय खोल्ने तयारीसमेत गरेको छ। साहसिक खेलका माध्यमबाट पर्यटनको विकास गर्न सकिन्छ भन्ने उद्देश्यले यहाँ बर्सेनि अन्तर्राष्ट्रिय स्तरको प्याराग्लाइडिङ प्रतियोगिता पनि आयोजना हुँदै आएको छ।

## प्याराग्लाइडिङ तानसेनमा पनि



माधव अर्याल

पाल्पा– हिंडेका गाडी घचक्क रोकिन्छन् र आकाशतिर हेर्छन्। हिंडिरेहका मानिस पनि रोकिएर उतै हेर्न थाल्छन्। केटाकेटी, युवायुवती मात्र होइन, बूढा-बूढीले आकाशतिर मुन्टो नलगी सुखै पाउँदैनन्। आकाशतिर रङ्गी-बिरङ्गी चरा उडिरहेका छन्। त्यसपछि उनीहरू भन्न थाल्छन्– 'हेर त मास्तिर।' नजान्नेले भन्छन्– के उडेको हो त्यस्तो ? जान्नेले सम्झाउँछन्– प्याराग्लाइडिङ हो। चार-पाँच वर्षपछि पाल्पामा फेरि देखिन थालेको यो रमिताले सबैलाई हर्षित तुल्याउँछ।

चार-पाँच वर्षयता प्याराग्लाइडिङका लागि प्रशस्त पर्यटक आएका छन् पाल्पामा। पटक-पटक विभिन्न देशका पर्यटक प्याराग्लाइडिङका लागि तानसेन आउन थालेपछि तानसेन र छिमेकी गाविसका बासिन्दाहरू पनि रमाउन थालेका छन्। हल्यान्ड, रूस, इङ्ल्यान्ड, क्यानाडा तथा अस्ट्रेलियाबाट आएका पर्यटकहरूले तानसेनमा प्याराग्लाइडिङको मजा लिने गरेका छन्।

पर्यटकहरू खुला आकाशबाट पहाडकी रानी तानसेन र यसका छिमेकी गाविसहरूको दुई घण्टाजति अवलोकन गर्छन्। यो दृश्य हेर्न तानसेनवासी घरको छतमा नचढी छाड्दैनन्। ग्लाइडिङपछि हल्यान्डका पर्यटक आयकीको प्रतिक्रिया थियो– 'धेरै राम्रो लाग्यो, म अरूलाई पनि यसको जानकारी गराउँछु'।

उनी मात्र होइन, आकाशमा उड्ने सबैको भनाइ हुन्छ– 'तानसेन प्याराग्लाइडिङका लागि उत्कृष्ट छ, यसका बारेमा सबैले थाहा पाउनुपर्छ,' पोखरा घुम्न आउने पर्यटकलाई तानसेनका बारेमा जानकारी पाएपछि यहाँ आउँछन्।

तानसेनमा जनवरी र फरवरीमा प्याराग्लाइडिङ गर्नु उत्तम मानिन्छ। क्यानाडेली पर्यटक फ्रेडले भने– हावाका कारण ग्लाइडिङ गर्न सजिलो हुन्छ। हावा बढी चल्यो भने ओर्लिने बेलामा समस्या हुने उनले बताए।

# दोहा एसियाडमा नेपालको उपलब्धि शून्य




काठमाडौं- सन् २००६ को अन्तिम भव्य खेलकुद प्रतियोगिताका रूपमा एसियाली खेलकुद अहिले कतारको राजधानी दोहामा सञ्चालन भैरहेको छ । गत शुक्रबार प्रारम्भ भएको यो खेलकुद प्रतियोगिता आगामी सातासम्म जारी रहनेछ । एसियाको सर्वाधिक ठूलो खेलकुद प्रतियोगिताको यो १५ औं संस्करणलाई आयोजकले अहिलेसम्मकै सर्वाधिक भव्य एसियाली खेलकुद प्रतियोगिता घोषणा गरेका छन् । उद्घाटन समारोह, सहभागी खेलको संख्या तथा प्रतियोगिता आयोजनास्थल आदि कारणले पनि आयोजकको दाबीलाई अस्वीकार गर्न सक्ने ठाउँ छैन ।

सन् १९५१ मा भारतको दिल्लीमा पहिलो संस्करण आयोजना भएदेखि आफ्नो सहभागिता जनाउँदै आएको नेपालले एसियाली खेलकुदमा यसपटक पनि आफ्नो उपस्थिति जनाएको छ । सन् १९८६ मा दक्षिण कोरियाको राजधानी सियोलमा सम्पन्न १० औं एसियाली खेलकुद प्रतियोगितामा पहिलो पटक कांस्य पदक जितेर पदक तालिकामा देखा परेको नेपालले एसियाली खेलकुद प्रतियोगिताबाट सर्वाधिक ठूलो पदक बैंकक एसियाडमा हात पारेको थियो । सन् १९९८ मा बैंककमा सम्पन्न १३ औं एसियाडमा नेपालका तर्फबाट सविता राजभण्डारीले तेक्वान्दोमा रजत पदक जितेकी थिइन् । नेपालले यसपटक पनि विगतका एसियाली खेलकुद प्रतियोगितामा भन्दा राम्रो प्रदर्शन गर्ने आशा राखेको छ तर नेपालको सफलता सोचेजस्तो सजिलो भने छैन ।

श्रीलंकाको राजधानी कोलम्बोमा सम्पन्न १० औं साग खेलकुद प्रतियोगितामा सहभागिता गरेका अधिकांश खेलाडी अहिले १५ औं एसियाली खेलकुद प्रतियोगितामा पनि नेपालको प्रतिनिधित्व गरिरहेका छन् । अनुभव एवं सफलताका आधारमा अहिले एसियाडमा प्रस्तुत भएका खेलाडीहरू नेपाली परिप्रेक्षमा उत्कृष्ट भए पनि एसियाली स्तरका छन् कि छैनन् भन्ने कुरा प्रतियोगिताको नतिजाले देखाउनेछ । दक्षिण एसियाली खेलकुद प्रतियोगितामा नेपालले सोचेअनुसारको सफलता पाउन नसकेको कुरा खेलाडीले मात्र नभएर खेलकुदका नीति निर्माताहरूले समेत स्वीकार गरेका थिए । दक्षिण एसियाली क्षेत्रमा सफलता पाउन कठिन भैरहेको परिप्रेक्ष्यमा नेपालले एसियाली क्षेत्रबाट ठूलो सफलतको आशा नराखे हुन्छ ।

१५ औं एसियाली खेलकुद प्रतियोगिताको पहिलो दिन नेपाली खेलाडीहरूले निराशा भोगे पनि राष्ट्रिय खेलकुद परिषद् तथा अन्य निकायहरूले त्यो दिनको प्रदर्शनलाई नेपालको सफलता मानेका छन् । सुटिङ खेलको एयर राइफलको पहिलो दिनको प्रतिस्पर्धामा भगवती खत्री, अस्मिता राई तथा फूलकुमारी क्यापछाकी पराजित भए तर भगवतीले पाएको ३ सय ८२ अंक, अस्मिताले पाएको ३ सय ७५ अंक र फूलकुमारीले पाएको ३ सय ८० अंकले उनीहरूलाई सन् २००८ को ओलम्पिक प्रतियोगितामा सामेल हुने योग्यता प्रदान गरेको छ । सोही दिन सम्पन्न पुरुष १० मिटर एयर राइफलमा नेपालका असिम यादवले ५१ जना प्रतियोगीहरूमध्ये ४५ औं स्थानमा चित्त बुझाउनुपर्‍यो । पहिलो दिनको पहिलो खेलमा नेपालले सफ्ट टेनिसमा पनि एकतर्फी पराजयको सामना गर्‍यो । मेन्स टिम इभेन्ट्सको पहिलो दिनको खेलमा नेपालले जापानसँग ३-० को सोझो पराजयको सामना गर्‍यो । अभिषेक झा तथा राजु नगरकोटीको जोडी जापानका खेलाडीद्वारा ५-१ को सेटमा पराजित भए भने कृष्णबहादुर राउत ४-० र श्याम लामा तथा दीपेन्द्र थापाको जोडी ५-० को सोझो सेटमा पराजित भए । कृष्णबहादुर राउत ४-० ले पराजीत भए पनि डिप्लोमा प्राप्त गर्न सफल भए । यो सफलताले राउतलाई पनि आगामी ओलम्पिक प्रतियोगितामा सहभागी हुनसक्ने अवसर जुटाएको छ । राउतले प्रतियोगितामा पराजित भएर पनि पाएको डिप्लोमालाई नेपाल सफ्ट टेनिस संघका अध्यक्ष विनयविक्रम राणाले महत्त्वपूर्ण उपलब्धि मानेका छन् ।

पहिलो दिनको खेलमा नेपाली खेलाडीहरूले बुद्धिचालमा पनि पराजयको सामना गर्नुपर्‍यो । बुद्धिचालको र्‍यापिड राउन्डमा विलमलाल श्रेष्ठ उज्वेकिस्तान तथा शूरवीर लामा इन्डोनेसियाका खेलाडीद्वारा १-० ले पराजित भए । विलमले पहिलो दिनको खेलमा पराजित भए पनि दोस्रो दिनको खेलमा भने संयुक्त अरब इमिरेट्सका ग्रान्डमास्टरलाई पराजित गरे । बुद्धिचाल खेलको इतिहासमा यसरी कुनै नेपाली खेलाडीले कुनै अर्को देशको ग्रान्ड मास्टरलाई पराजित गरेको यो पहिलो अवसर हो । पहिलो दिन पराजित भएका शूरवीर लामाले पनि दोस्रो दिन सिरियाका ग्रान्डमास्टरलाई पराजित गरे ।

यसबीच कोलम्बो सागमा रजत पदक जितेकी जुडो खेलाडी देवु थापा तुर्किमिनिस्तानकी खेलाडीबाट तथा तेस्रो दिन रञ्जु राई चीनकी खेलाडीबाट पराजित भएपछि जुडोमा नेपालको आशा समाप्त भएको छ । १५ औं एसियाडमा नेपालका तर्फबाट बक्सिङ खेलमा सहभागी एक मात्र प्रतियोगी सुशील घिमिरे पहिलो चरणबाटै बाहिरिएपछि बक्सिङमा नेपालको आशा समाप्त भएको छ । दसौं सागमा बक्सिङमा रजत पदक जितेका घिमिरे ६४ किलोग्राम तौल समूहको प्रतिस्पर्धामा श्रीलंकाका खेलाडीद्वारा अंकका आधारमा पराजित भए ।

पाँचौं दिनको खेलमा नेपालले सफ्ट टेनिस र बुद्धिचाल खेलमा पनि निराशा बेहोर्नुपर्‍यो । सफ्ट टेनिसअन्तर्गत पाँचौं दिनको खेलमा नेपालका कृष्णबहादुर राउत र श्यामकुमार लामाले एक-एक खेलमा सफलता हात पारेर अर्को खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिए । बुद्धिचालमा नवौं चरणमा प्रवेश गर्ने क्रममा विलमलाल श्रेष्ठले ४२ जना प्रतियोगीमध्ये २५ औं स्थान प्राप्त गरे भने अर्को प्रतियोगी शुरवीर लामाले ३५ औं स्थान प्राप्त गरे ।

## अहिलेसम्मकै भव्य उद्घाटन

*क्षेत्रफल तथा जनसंख्याको हिसाबले विश्वकै सबैभन्दा ठूलो महादेश एसियाको सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता कतारको राजधानी दोहामा अहिलेसम्मकै सबैभन्दा भव्य रूपमा उद्घाटन समारोहका साथ प्रारम्भ भएको थियो । एसियाका ४५ राष्ट्रले सहभागिता गरेको यो प्रतियोगिताको उद्घाटन समारोह करिब ३ घन्टा चलेको थियो । दोहाको खलिफा रंगशालामा सम्पन्न उद्घाटन समारोहमा मानव सभ्यताको उत्पतिदेखि अहिलेको सूचना प्रविधिको युगसम्मलाई चित्रण गरिएको थियो । अधिकांश देशका मौलिक नृत्य एवं कला प्रस्तुत गरिएको उद्घाटन समारोहमा करिब ६ हजार कलाकार सहभागी थिए । सन् २००० को सिड्नी ओलम्पिक प्रतियोगिताको उद्घाटन समारोहको निर्देशन गरेका डेबिड अत्किन्सले १५ औं एसियाली खेलकुद प्रतियोगिताको उद्घाटन समारोहको पनि परिकल्पना गरेका थिए । उनको परिकल्पनालाई ५० हजार दर्शकले प्रत्यक्ष साथ दिएका थिए । उद्घाटन समारोहमा कतारका राष्ट्रिय खेलाडी महमद खलिफाले घोडामा चढेर ५० मिटर माथि गई ओलम्पिक दीप प्रज्वलित गरेका थिए । कतारका अमीर शेष हमाद बिन खलिफा अलतानीले खेल प्रारम्भ भएको घोषणा गरेपछि विधिवत् रूपमा एसियाड प्रारम्भ भएको थियो । उद्घाटन समारोहपछि दक्षिण कोरिया र उत्तर कोरियाले संयुक्त रूपमा मार्चपास गरेका थिए । अंग्रेजी वर्णमाला अनुसार गरिएको उक्त मार्चपासमा अफगानिस्तान पहिलो पंक्तिमा थियो । नेपालका तर्फबाट १० औं सागमा भारोत्तोलनतर्फ स्वर्ण पदक विजेताका कमलबहादुर अधिकारीले राष्ट्रिय झन्डा बोकेका थिए ।*

हरेक महिनाको १ गते
नारी मासिक

होटल तालीम
होटल खुम्जुङ्गमा
Cook-Indian, Chinese, Continental Waiter, Bar Man, Room Boy, House Keeping लगायत सम्पूर्ण होटल तालीममा भर्ना धमाधम लिईदैछ ।
हाम्रा विशेषताहरु
1. Cook Training गर्नेका लागि English तथा Waiter Training सित्तैमा
2. आफ्नै होटलमा सम्पूर्ण तालीम दिईने ।
HOTEL KHUMJUNG Training Centre
चक्रपथ, महाराजगंज, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Ph: 4-373411, 4-372194
City Office:- रानीपोखरी, जमल विश्वज्योती हलसँगै ,Ph:- 4249576

होटल तथा पर्यटन तालिम
★ Tour & Travel Mgmt
★ Tour Operation
★ Airlines & Travel (Manual, Amadeus & Abacus)
★ Hotel Management
★ F & B Management
★ Cook ★ Front Office
★ Waiter ★ Barman
★ Bakery ★Housekeeping
SATS Course मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क:–सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र
नयाँ बानेश्वर चोक (अन्तराष्ट्रिय सभा केन्द्रको पानी ट्याकीको पश्चिम)
४४७५११३/४४७२५५३
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

BBS मा भर्ना खुल्यो ।
BBS कक्षामा सिमित सिटका लागी भर्ना लिइदै छ ।
भर्ना शुल्क:- 2800/-
कान्तिपुर कलेज
सेतो दरबार, जमल, काठमाडौं ☎ 4221398
Shifts:- Morning, Day & Night

अंग्रेजि RS. 1150/
दुई महिना मै
जान्ने नजान्ने हरुको लागी विशेष व्यवस्था
Free: Books, Cassets and CDs
Free Internet & E-Mail
Getway ☎ 4241870
Bagbazar, KTM.

तालिम
※ फोटोग्राफी
※ भिडियोग्राफी
※ कलरल्याब
※ लेमिनेशन
※ डिजिटल फोटोग्राफी
सम्पर्क: ※ डिजिटल भिडियोग्राफी
अरुणा दश वर्ष द्वारा
वि.सं. २०५३ देखि निरन्तर.........
मान्यता प्राप्त पहिलो फोटो भिडियो इन्स्टिच्यूट
नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्यूट
भोटाहिटी, साझा भण्डार माथिल्लो तल्ला, काठमाण्डौं
२१९१०३७, ४२१६२९१

Photography/Videography तालिम
Photography Course गर्नेलाई Digital Photo Editing सित्तैमा
Videography course गर्नेलाई D. Video Editing सित्तैमा
■ आफ्नै कोर्षबुक र Media भएको । ■ Worldwide valid certificate
■ एकपटक सिकेपछि दोहोर्‍याएर सिक्न नपर्ने ।
(CTEVT द्वारा सम्बन्धन प्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, फोन ४४४३३१९

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**